# शोध परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधकार्यको शीर्षक **सागर उर्लन्छ सगरमाथा छुन उपन्यासको कृतिपरक विश्लेषण** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पस स्नाकोत्तर तह दोस्रो वर्षको नेपाली विषयको दशौँ पत्रको प्रयोजनार्थ रहेको छ ।

## १.३ विषय परिचय

साहित्यका विधामध्ये उपन्यास विधा लोकप्रिय विधा मानिन्छ । यस्तो विधामा कलम चलाउने रामेश विकल नेपाली उपन्यासको आधुनिककालका उपन्यासकार हुन् । प्रगतिवादी एवम् आलोचनात्मक यथार्थवादी उपन्यासकार रमेश विकलको **सागर उर्लन्छ सगरमाथा छुन** (२०५२) उपन्यास नेपाली उपन्यास जगत्मा मुख्यतया राणाशासन पछिको नेपालको तत्कालीन स्थिति बोध गराउने तस्वीर हो ।

**सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासलाई शोधकार्य गर्न लागिनुमा मुख्यतया उपन्यासकार रमेश विकललाई आलोचनात्मक यथार्थवादी धाराका एक विशिष्ट स्रष्टा हुन् भनी परिचित गराउनु र उनको **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासले आधुनिक नेपाली उपन्यास परम्पराको आलोचनात्मक यथार्थवादमा उल्लेखनीय भूमिका खेल्नु रहेको छ । यस उपन्यासमा गौतम बुद्धको जन्मस्थल, सगरमाथा जस्ता संस्कृति एवम् प्रकृतिको केन्द्रप्रति विदेशीको आकर्षण रहेको धारणा प्रकट गरिनुका साथै विषयवस्तुको विविधता र शैलीगत पृथकता पनि पाइन्छ ।

निष्कर्षमा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय घटनाक्रमहरू, हवाई टापुमा भेट भएकी हेलेन र देशका विविध गतिविधिहरूका कारणले यस उपन्यासको बीजको काम गरेको छ । हृदयचन्द्रसिंह

प्रधानको **स्वास्नीमान्छे** (२०११) पछिको उत्कृष्ट कृति **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासले आधुनिक नेपाली उपन्यास परम्पराको आलोचनात्मक यथार्थवादी धारामा महत्त्वपूर्ण योगदान दिएको छ साथै उपन्यासकारलाई समेत आलोचनात्मक यथार्थवादीका नामले चिनाएको छ ।

## १.४ शोधसमस्या

यस शोधकार्यका समस्याहरू निम्नानुसार रहेका छन् :-

क) साहित्यकार रमेश विकलका साहित्यिक रचना धर्मिता के-कस्तो छ ?

ख) नेपाली उपन्यासको विकास परम्परामा **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासको स्थान के-कस्तो रहेको छ ?

ग) औपन्यासिक तत्त्वका आधारमा **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासको विश्लेषण कसरी गर्न सकिन्छ ?

घ) प्रवृत्तिगत दृष्टिले **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यास के-कस्तो रहेको छ ?

उपर्युक्त बुँदागत समस्याहरू नै यस शोधकार्यका समस्या रहेका छन् ।

## १.५ शोधपत्रको उद्देश्य

उपर्युक्त समस्याको समाधान प्रस्तुत गर्नु यस शोधकार्यको उद्देश्य रहेको छ र ती उद्देश्यहरू निम्नानुसारका रहेका छन् :

क) रमेश विकलको साहित्यिक रचनाधर्मिताको अध्ययन गर्न,

ख) नेपाली उपन्यासको विकास परम्परामा **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासको स्थान निर्धारण गर्न,

ग) औपन्यासिक तत्त्वका आधारमा **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासको विश्लेषण गर्न,

घ) प्रवृत्तिगत दृष्टिले **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासको विश्लेषण गर्न,

## १.६ पूर्वकार्यको समीक्षा

यस शोधकार्यपूर्व **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासका सम्बन्धमा विभिन्न लेखक, समालोचक एवम् समीक्षकहरूले विभिन्न पुस्तक, समालोचना र लेखमा यस उपन्याससम्बन्धी चर्चा-विश्लेषण गरेका छन् । यति भएर पनि यस उपन्यासको कृतिपरक अध्ययन नभएकोले प्रस्तुत शोधकार्य अपरिहार्य देखिन्छ । यस उपन्याससम्बन्धी विभिन्न विश्लेषणहरूको कालक्रमिक प्रस्तुति निम्नानुसार छ :-

(क) घटराज भट्टराई - "रमेश विकल, व्यक्ति र कृति" (२०३५) **मधुपर्क**को वर्ष ११ अङ्क २.३ मा रमेश विकलका बारेमा केही प्रवृत्तिगत चिनारी दिँदै उनका कृतिहरूको संक्षिप्त चर्चा गरिएकोमा सागर उर्लन्छ सगरमाथा छुन उपन्यासको बारेमा समेत संक्षिप्त चर्चा पाइन्छ ।

(ख) मोहनप्रसाद तिमल्सिना - **रमेश विकलको जीवनी, व्यक्तित्व र कृतित्व** (२०३५) अप्रकाशित शोधपत्रमा जीवनीपरक ,व्यक्तित्वपरक र कृतिगत परिचय दिइएको छ ।

(ग) कृष्णहरि बरालले **रमेश विकलः आलोचनात्मक यथार्थवादी आख्यानकार** (२०५८) भनी समकालीन साहित्यमा प्रकाशित गराएका लेखबाट पनि विकललाई आख्यानकार व्यक्तित्वका रूपमा चर्चा गरिएको छ ।

(घ) कृष्णचन्द्रसिंह प्रधानको **नेपाली उपन्यास र उपन्यासकार** (२०६१) बाट पनि उपन्यास सिद्धान्त सम्बन्धी सामग्री लिइएको छ ।

(ङ) कृष्णहरि बराल र नेत्र एटमको **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (२०५८) मा आलोचनात्मक यथार्थवादीधारामा सागर उर्लन्छ सगरमाथा छुन उपन्यासलाई राखेर सामान्य परिचय दिइएको छ ।

(च) राजेन्द्र सुवेदी, **नेपाली उपन्यासः परम्परा र प्रवृत्ति** (२०६४) मा रमेश विकललाई एक आलोचनात्मक यथार्थवादी उपन्यासकार र उनको सागर उर्लन्छ सगरमाथा छुन उपन्यासलाई आलोचनात्मक यथार्थवादको उत्कृष्ट कृतिका रूपमा लिइएर विश्लेषण गरिएको पाइन्छ ।

निष्कर्षमा भन्नुपर्दा विभिन्न कालखण्डमा विभिन्न लेखक समीक्षकहरूले विकल र उनको कृति **सागर उर्लन्छ सगरमाथा छुन** का बारेमा आफ्ना धारणाहरू स्पष्ट पारेका भएपनि यसको कृतिगत अध्ययन कतै नभएकोले यो शोधकार्य अपरिहार्य देखिन्छ ।

## १.७ शोधकार्यको औचित्य

उपर्युक्त पूर्वकार्यबाट के स्पष्ट हुन्छ भने **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासका बारेमा हालसम्म व्यवस्थित अध्ययन भएको छैन । एउटा उल्लेखनीय उपन्यास भएर हालसम्म पनि यसको विस्तृत अध्ययन नहुनुले यसको अभावको महसुस गरिन्छ। यस अभावको पूर्ति स्वरूप यस उपन्यासको विश्लेषण गर्ने ठहर गर्दै अध्ययन अनुसन्धान गरिनुबाट यसको औचित्य पुष्टि हुन्छ। साथै उपन्यासको अनुसन्धान विश्लेषणबाट नेपाली उपन्यास अध्ययन परम्परामा समेत यसले सहयोग पुऱ्याउनुले समेत यसको औचित्य स्वतः पुष्टि भएको छ ।

## १.८ शोधकार्यको सीमा

यस शोधपत्रमा **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासको कृतिपरक अध्ययन गरिएको छ। रमेश विकलको समग्र साहित्यिक रचनाधर्मितामा आधारित भई **सागर उर्लन्छ सागरमाथा छुन** उपन्यासको विशिष्टता पहिल्याउनु यस शोधपत्रको सीमा रहेको छ ।

## १.९ शोधविधि

### १.९.१ सामग्री सङ्कलन

प्रस्तुत शोधपत्र लेखनका क्रममा विभिन्न सामग्री आवश्यक पर्ने हुँदा त्यसको परिपूर्तिका लागि पुस्तकालयको प्रयोग गरी आवश्यक समालोचनात्मक पुस्तकहरू, पत्रपत्रिका तथा समीक्षात्मक लेख आदिबाट सामग्री सङ्कलन गरिएको छ। यसमा विषयसँग सम्बन्धित विशेषज्ञहरूबाट समेत राय सल्लाह सुझाव र आवश्यक जानकारी लिइएको छ। पूर्वकार्य समीक्षाका रूपमा यस उपन्यासको सामग्री कम प्राप्त भएकाले उपन्यासकारबाट समेत प्राथमिक सामग्री सङ्कलनअन्तर्गत अन्तर्वार्ता लिइएको छ भने द्वितीय सामग्री सङ्कलनअन्तर्गत पुस्तकालयीय प्रयोग, विभिन्न समीक्षात्मक लेखरचना आदिको प्रयोग गरिएको छ ।

### १.९.२ विश्लेषण विधि

समीक्षाशास्त्रले निर्देशित गरेको औपन्यासिक उपकरणका आधारमा र कृतिको निकट रहेको आलोचनात्मक यथार्थवादी समालोचना पद्धतिमार्फत विश्लेषणात्मक विधि प्रयोग गरी प्रस्तुत शोधपत्र तयार गरिएको छ ।

## १.१० **शोधपत्रको रूपरेखा**

प्रस्तुत शोधपत्रलाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्नलिखित छ परिच्छेदमा विभाजन गरिएको छ :

परिच्छेद एक - शोधपरिचय

परिच्छेद दुई - रमेश विकलको साहित्यिक रचना धर्मिताको परिचय

परिच्छेद तीन - नेपाली उपन्यासपरम्परामा **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासको स्थान निर्धारण

परिच्छेद चार - औपन्यासक तत्त्वका आधारमा **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासको विश्लेषण

परिच्छेद पाँच - **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासको प्रवृत्तिगत अध्ययन

परिच्छेद छ - शोध निष्कर्ष

*परिच्छेद दुई*

## २.१ रमेश विकलको साहित्यिक रचनाधर्मिता

### २.१.१ बाल्यकाल

चन्द्रशेखर उपाध्याय चालिसे र छाँयादेवी चालिसेका सन्तान रमेश विकल वि.सं. १९८५ कार्तिक २९ गते भाइटीकाको दिन काठमाडौंको गोकर्ण आरुवारीमा जन्मेका थिए । यिनको वास्तविक नाम रामेश्वरप्रसाद चालिसे भए पनि साहित्यका क्षेत्रमा रमेश विकलका नामले चिनिन्छ । उनी एक वर्षको पुग्दा नपुग्दै उनकी आमाको मृत्यु भएको थियो । मातृबात्सल्यबाट विमुख हुन पुगेका विकलको पालनपोषण आफ्नै हजुरबुबा र हजुरआमाका साथमा भएको थियो । त्यसपछि परिवारका अन्य सदस्यहरूबाट यथेष्ट माया ममता पाएर हुर्किएका थिए ।

### २.१.२ शिक्षादीक्षा

चन्द्रशेखरका एकमात्र पुत्र विकल मातृप्रेमविहीन भएकाले बाबुको जागिरका क्रममा कहिले विराटनगर त कहिले दार्चुला आदि ठाउँमा खटिएर जाँदा बाबुसँगै त्यहीँ जानु परेको थियो । यसले गर्दा स्कुल गई शिक्षा आर्जन नगरी घरैमा बसेर अध्ययन गरेका थिए । आफ्ना बाजे धननाथ चालिसे संस्कृतका प्रकाण्ड विद्वान भएकाले विकलले उनैबाट अक्षराम्भ गरेका थिए र विकललाई विभिन्न देवी देवताका स्त्रोत्र, रुद्री, वेद, र दुर्गाकवच आदि ग्रन्थहरूको अध्ययन गराएका थिए । "त्यसपछि शिक्षित परिवारमा जन्मिएकाले स्वाध्ययन गरी वि.सं. २०११ मा प्राइभेटतर्फबाट एस.एल.सी. उत्तीर्ण गरे (लेखक स्वयम् २०६५) ।" विकलले महाविद्यालयीय जीवनको सुरुवात वि.सं. २०१३ मा 'चेतभवन' देखि सुरु गरी वि.सं. २०१६ सालमा त्रि.वि. बाट शिक्षा शास्त्रमा स्नातक परीक्षा उत्तीर्ण गरी त्रि.वि. को पहिलो दीक्षान्त समारोह २०१६ मा स्नातकको उपाधि प्राप्त गरे (भट्टराई, २०३५:१०४) ।" विकलले वि.एड. सम्मको औपचारिक शिक्षा प्राप्त गरेर पनि पछिसम्म स्वाध्ययन गरी आफ्नो ज्ञानको क्षेत्रलाई फराकिलो पारेका थिए ।

### २.१.३ जागिरे जीवन

विकल वि.सं. २००६ साल पुसदेखि फागुनसम्म काठमाडौंको भन्सार कार्यालयमा नौसिन्दाका रूपमा जागिरे थिए (लेखक स्वयम् : २०६५)। लामो समयको अन्तरालपछि वि.सं. २०१८ सालमा उनी सञ्चार मन्त्रालयको प्रचार विभाग (हाल सूचना विभाग) मा नायव सुब्बाको पदमा जागिरे भएका थिए। वि.सं. २०२० मा ना.सु. को जागिर छाडेर २०२१ देखि २०३६ सम्म शिक्षा सामग्री अनुसन्धान केन्द्र (हाल जनक शिक्षा सामग्री केन्द्र) मा अधिकृत बनी पाठ्यक्रमको पुस्तक बनाउने काममा सहयोग पुर्‍याउँदै आएका थिए। (लेखक स्वयम् : २०६५)। वि.सं. २०४१ सालमा प्राथमिक शिक्षा परियोजनामा सम्पादक (शाखा अधिकृत सरह) पदमा करारमा रही २०४६ सम्म सेवा गरेका विकलले २०४६ सालदेखि २०५१ सम्म त्रि.वि. मा विदेशी विद्यार्थीहरूलाई नेपाली भाषा पढाउने काम गरी त्यसपछिको समय अवकाशप्राप्त जीवन बिताएका थिए।

### २.१.४ प्रेरणा र प्रभाव

विकलले सानैदेखि आफ्नी हजुरआमाबाट धार्मिक एवम् पौराणिक कथाप्रसङ्गहरू सुन्दै आएका थिए। यत्तिकैमा निबन्धकार श्यामप्रसाद शर्मासँगको साहित्यिक सामिप्यताको उपलब्धि स्वरूप वि.सं. २००५ मा "सन्देश" पत्रिका प्रकाशित भएबाट नै उनका मुख्यरूपमा साहित्य तर्फ  लाग्ने प्रेरणा र प्रभाव प्राप्त भएको थियो (लेखक स्वयम् :२०६५)। यसलाई मलजल दिने काम जनजीवनका सामाजिक आर्थिक विषमताले गरेको देखिन्छ।

### २.१.५ संलग्नता

वि.सं. २००७ सालमा प्रजातन्त्रको उदयपछि विभिन्न किसिमका संघसंस्थाहरू खुल्न थाले। उनी वि.सं. २००९ मा स्थापना भएको "अरूणोदय मा.वि." आरुवारीको संस्थापक सदस्य बने। त्यसैगरी "चामुण्डा मा.वि. जोरपाटी" र "सहयोगी मा.वि. गोकर्णका संस्थापक सदस्य पनि बनेका थिए। विकल वि.सं. २०१९ सालमा नेपाल लेखक संघका सदस्य बने र वि.सं. २०२० सालमा 'बालक' र 'कोपिला' पत्रिकाको सम्पादक बनेका थिए। विकलले भैरव पुरस्कार गुठीको स्थापना गरी संस्थापक अध्यक्ष बने। त्यसै गरी बालसाहित्य समाजका २०४६ मा उपाध्यक्ष, २०४९ मा अध्यक्ष भएर २०५५ सम्म कार्यरत रहे। त्यसैगरी तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा वि.सं. २०५१-२०५५ सम्म सदस्य भएका थिए। त्यसैगरी

आरुवारीमा स्थापित "ग्राम निर्माण बन्धु मण्डल क्लवको",अध्यक्षमा क्रियाशील थिए । त्यसैगरी ''उत्साह'' त्रैमासिकको सम्पादक, ''नवशिक्षाको सम्पादक "रचना" द्वैमासिक जस्ता पत्रिकाको सम्पादक साथै "समकालीन साहित्यको प्रधान सम्पादकमा रही सहयोग पुऱ्याएका थिए ।''

### २.१.६ पुरस्कार र सम्मान

वि.सं. २०१८ सालको **नयाँ सडकको गीत** कथासङ्ग्रहलाई पाण्डुलिपिकै अवस्थामा मदन पुरस्कारद्वारा सम्मानित गरियो । नेपाली कथामा सामाजिकता र मनोवैज्ञानिकता समावेश गराए वापत वि.सं. २०३८ सालमा रु २५०००/- राशिको महेन्द्र प्रज्ञा पुरस्कारद्वारा सम्मानित गरियो । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रदान गरिने दुई वर्षे विद्वतवृत्ति (२०३९-४०) समेत पाएका थिए साथै २०५१-२०५६ सम्म प्रतिष्ठानको सदस्य समेत भएका थिए । त्यसैगरी "नूर गंगा बाल साहित्य प्रतिभा पुरस्कार" (२०५६) द्वारा समेत विकललाई सम्मानित गरिएको थियो । यसरी विभिन्न पुरस्कारद्वारा सम्मानित विकलको शिक्षक, कर्मचारी, प्राध्यापक एवम् प्राज्ञ हुँदै जागिरे जीवनबाट अवकास प्राप्त जीवन व्यतित गरेपश्चात् वि.सं २०६५ पुस २ गते उनको निधन भयो ।

### २.१.६ प्रकाशित कृतिहरू

रमेश विकलले साहित्यका विविध विधामा कलम चलाएका थिए । मूल रूपमा वि.सं. २००६ चैत्रको "शारदा पत्रिकामा प्रकाशित "गरिब" कथाबाट उनी साहित्यमा प्रवेश गरेका थिए । उनका हालसम्मका विविध विधाका प्रकाशित साहित्यिक कृतिहरूलाई विधागत हिसाबले चिनाउन सकिन्छ । विकलका कथासङ्ग्रहहरू निम्नलिखित रहेका छन् :

(१) बिरानो देशमा (वि.सं. २०१६)

(२) नयाँ सडकको गीत (वि.सं. २०१९)

(३) आज फेरि अर्को तन्ना फेरिन्छ (वि.सं. २०२४)

(४) एउटा बुढो भ्वाइलेन : आशावरीको धुनमा (वि.सं. २०२५)

(५) उर्मिला भाउज्यू (वि.सं. २०३५)

(६) शव, शालिक र सहस्रबुद्ध (वि.सं. २०४३)

(७) हराएका कथाहरू (वि.सं. २०५५)

**बाल कथासङ्ग्रह**

(१) तेह्र रमाइला कथा (वि.सं. २०२२)

(२) अगेनाको डिलमा (वि.सं. २०२३)

(३) एक्काइस रमाइला कथाहरू (वि.सं. २०२३)

(४) पञ्चचन्त्रका कथाहरू (वि.सं. २०२३)

**उपन्यास**

(१) सुनौली (वि.सं. २०३१)

(२) विक्रम र नौलो ग्रह (वि.सं. २०३९ किशोर उपन्यास)

(३) अविरल बग्दछ इन्द्रवती (वि.सं. २०४०)

(४) सागर उर्लन्छ सगरमाथा छुन (वि.सं. २०५२)

**नाटक**

(१) सरदार भक्तिथापा (वि.सं. २०४०)

(२) सातथुङ्गा (बाल एकाङ्की सङ्ग्रह २०३६)

(३) सप्तरङ्ग (एकाङ्की सङ्ग्रह २०३९)

(४) मानिस वैभव र मृत्यु (वि.सं. २०३९)

**निबन्ध/यात्रा साहित्य**

(१) सात सूर्य एक फन्को (वि.सं.२०३४)

(२) निलगिरीको छायामा

विकलका यी विविध विधाका कृतिहरूले नेपाली साहित्यलाई उज्ज्वल बनाएको छ ।

## २.२. रमेश विकलका साहित्यिक व्यक्तित्व

### २.२.१ कवि व्यक्तित्व

उपन्यासकार रमेश विकलको साहित्यिक यात्राको प्रारम्भ सम्पादक श्यामप्रसाद शर्माले चलाएको हस्तलिखित पत्रिका "सन्देश" मा छापिएको कविताबाट भएको हो । उक्त कविताको अंश यसप्रकार छ -

"कुखुराहरूले अब शङ्ख फुके
रजनिचर वृन्द समस्त उठे
नवजागृतिको छ बखत् सबको
उठ जाग यूवा सुप्रभात भयो ।" (भट्टराई, २०४०:६१२)

यस कवितांशलाई विकलकै हालसम्म फेला पारेको एकमात्र कवितांश मानिन्छ र यस कवितामा जागरण, नयाँपन र युवाशक्तिको मर्मलाई उद्‌घाटन गरिएको छ ।

### २.२.२ कथाकार व्यक्तित्व

साहित्यका विविध विधामा कलम चलाए तापनि विकललाई चिनाउने विधा कथा नै मानिन्छ । विकल स्यवम्ले "मलाई आजको कथाकार बन्नमा प्रत्यक्ष प्रेरणा चाहिँ भनौं, मेरो अन्तर उर्जालाई दम दिने कार्यचाहिँ साहित्यकार श्यामप्रसाद शर्माबाट भएको हो (विकल, २०६५:१४) भनेका थिए । वि.सं. २००६ शारदामा प्रकाशित "गरिब" कथाबाट विकलले साहित्यमा पाइला चालेका थिए । विकलको प्रथम प्रकाशित कथाको शीर्षकबाट नै यथार्थता प्रतिको बोध हुन्छ । यसपछि हालसम्म उनका एघारवटा कथासङ्ग्रहहरू प्रकाशित भइसकेका छन् । "रमेश विकल एक प्रखर जनवादी कथाकार भएका हुनाले उनका कथाको संरचना अन्तर्गत कथावस्तुमा गरिबी र यसबाट उत्पन्न हुने अनेक समस्याका कुपरिणामबारे गम्भीर चिन्तन गरिएको हुन्छ (श्रेष्ठ, २०६०:११०) ।" सामाजिक परिवेशको यथार्थ चित्रणका साथसाथै त्यस समाजमा पाइने पात्रका मानसिक चित्रणको यथार्थता झल्काउने प्रयासमा पनि कथाकार विकललाई उल्लेखनीय स्रष्टा मानिन्छ । साथै बालकथाकारका रूपमा पनि परिचित भएका विकलका बालकथामा उनीहरूको मनोविज्ञान केलाउने काम भएको छ ।

### २.२.३. निबन्धकार व्यक्तित्व

विकलले निबन्धकार र यात्रा वृत्तान्तकारका रूपमा पनि आफूलाई स्थापित गरेका छन् । उनका **सात सूर्य एक फन्को** (२०३४), **निलगिरीको छायाँमा** (२०४०) जस्ता कृतिहरूले उनलाई

निबन्धकार यात्रा वृत्तान्तकारका रूपमा उभ्याएका छन् । संस्मरणात्मक शैलीमा लेखिएको यात्रा संस्मरणले नेपाली निबन्ध विधालाई थप उचाइमा पुऱ्याएका छन् ।

### २.२.४. **नाटककार व्यक्तित्व**

विकलका हालसम्म **सरदार भक्ति थापा** (२०४०) ऐतिहासिक पूर्णाङ्की नाटक प्रकाशित भएका छन् । कथा प्रमुख विधा भए पनि विविध क्षेत्रमा हात हालेका विकलले आफूलाई एकाङ्कीकारका रूपमा पनि चिनाएका छन् । उनका **सात थुङ्गा** (२०३६), बालएकाङ्की सङ्ग्रह तथा **सप्तरङ्ग** (२०३९), **मानिस वैभव र मृत्यु** (२०५६) जस्ता एकाङ्कीसङ्ग्रह प्रकाशित भएका छन् । उनका एकाङ्की-पूर्णाङ्की  नाटकहरूले नेपाली साहित्य क्षेत्रमा उल्लेखनीय योगदान दिएका छन् ।

### २.२.५ **औपन्यासिक व्यक्तित्व**

वि.सं. २००६ मा कथा क्षेत्रबाट देखा परेका विकल त्यस क्षेत्रमा आफ्नो विशिष्ट स्थान निर्धारण गरेका लगभग साढे दुई दशकपछि मात्र वि.सं. २०३१ मा **सुनौली**  उपन्यास मार्फत उपन्यास क्षेत्रमा उदाएका थिए । यो उपन्यासको मूल स्रोत इन्द्रावती नदी वरपरको माझी गाउँ हो । शहर पसेकी गाउँकी मझिनी केटी सुनौलीको माध्यमबाट शहर र त्यहाँको आधुनिक सभ्यता; जीवनलाई नङ्ग्याउने प्रयत्न गरिएको छ (प्रधान, २०६१:११५) । विकलको दोस्रो उपन्यास वि.सं. २०४० मा **अविरल बग्दछ इन्द्रावती** देखा पऱ्यो । "पहिलोजस्तै यो उपन्यास पनि इन्द्रावतीकै सेरोफेरोमा केन्द्रित छ तर यसमा शहरबाट गाउँमा पसेर राणाहरूको देखासिकी, हैकम जमाउने सामन्तहरूको अचाक्ली र गाउँको करुण तथा निरीह स्थिति उदाङ्गयाइएको छ (प्रधान, २०६१ : ११५) । "यहाँ मानव-प्रकृति र सामाजिक प्रक्रियाको द्वन्द्वात्मक रूप घटकीय जीवनको अध्ययन-चित्रणमा प्रतिबिम्बित भएर एउटा समग्र यथार्थमा परिणत भइदिएको छ । एउटा तन्त्रबाट देश मुक्त भए पनि त्यसै तन्त्रका जुन सामन्ती अवशेषहरू हुन्, हैकम भयो, ठूलाठालूहरूको तुजुक नै भनूँ र उनीहरूले गर्ने अपराध लुकाएर गर्न उत्साहित गर्ने सरकारी यन्त्रहरूको सहयोग-सहभागिताभित्र निरीह जीवन जिउन विवश गाउँ, गाउँलेहरूको नियति कति करुणा र वीभत्स छ भन्ने कुरा देखाइएको छ (प्रधान, २०६१:१२१) । यस कृतिले विकललाई चर्चाको शिखरमा उभ्यायो । वि.सं. २०३९ मा विकलको विज्ञान कथामा आधारित उपन्यास **विक्रम र नौलो ग्रह** देखा पऱ्यो । यो उपन्यास नवीन

प्रविधिमा आधारित भएर होला त्यति चर्चामा आएन । त्यसैगरी वि.सं. २०५२ मा **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यास देखा पऱ्यो । यस उपन्यासले पूर्वीय र पाश्चात्य संस्कृतिको मौलिकता प्रस्तुत गरेको छ । वर्तमान सामाजिक राजनैतिक जीवनको वातावरण प्रस्तुत गर्न यो उपन्यास सफल भएको छ। साथै देशका विकृत्ति विसङ्गति प्रति तीखो व्यङ्गयवाण प्रहार गर्न आलोचनात्मक यथार्थवाद सक्षम भएको पाइन्छ ।

यसरी विभिन्न साहित्यिक व्यक्तित्वका रूपमा साथै कहिले अध्यापन, कहिले प्राध्यापन कार्यमा संलग्न हुँदै रमेश विकलले नेपाली साहित्यको सेवा गरेका थिए ।

## २.३ रमेश विकलका साहित्यिक प्रवृत्तिहरू

कथा विधाबाट ख्याति आर्जन गरेका विकलले तीनवटा उपन्यास प्रकाशित गरी अलग अलग प्रवृत्तिको चिनारी दिएका छन् । साथै एघार वटा कथासङ्ग्रह प्रकाशित गरी कथा विधामा झन प्रसिद्धि कमाएका छन् । विकलले नेपाली साहित्यमा कथाविधाबाट यात्रा सुरु गर्दा सामाजिक विषमतामाथि प्रहार भएका कथाहरू राणाको अन्याय अत्याचार शोषण र दमनका कथाहरू भोका, नाङ्गा र निमुखा जनताका पीडाहरू कथाको विषयवस्तुका रूपमा आइकेका थिए । दमन र क्रान्तिको असामान्य परिवेशमा विकलको कथाकारिता जन्मिरहेको हुँदा नेपाली समाजका यिनै परिवेश र वातावरणले उनको कथाकारितालाई सम्पूर्ण साहित्यिक सिर्जनशीलताको पृष्ठभूमि वा आधारशिलाका रूपमा लिएको पाइन्छ । यही कथाकारिताको बीजबाट अङ्कुर हुँदै उपन्यास क्षेत्रमा समेत विकलको बौद्धिकता वा साहित्यिकधर्मिता अघि बढेको पाइन्छ ।

### २.३.१ प्रगतिवादी एवम् यथार्थवादी प्रवृत्ति

विकल समाजसेवी एवम् यथार्थवादी भएकाले उनका उपन्यासको मुख्य आधार मार्क्सवादी सिद्धान्त हो र उनले प्रगतिशील ढाँचाका उपन्यास लेखेका छन् । राजनैतिक क्षेत्रमा पनि र कलाका क्षेत्रमा पनि प्रगतिशील विचारधारामा प्रतिबद्ध उपन्यासकार विकल आफ्ना उपन्यासमा मार्क्सवादी सिद्धान्तलाई कलात्मक रूपमा प्रस्तुत गर्छन् । राजनैतिक विषयलाई पनि नाटकीकरणलाई गरी कलात्मक रूप दिने विशेषता यिनमा पाइन्छ । यस धारामा देखापर्ने धेरैजसो उपन्यासकारले कलात्मक रूपमा प्रस्तुत गर्न सकेनन् । साथै विकलका उपन्यासमा सङ्क्रमणकालीन नेपाली समाजको चित्रण गर्दै अशिक्षित असचेत, सोझा गरिब वर्गलाई

षडयन्त्रमा फसाई तिनमाथि शोषण गरिरहने शोषकवर्गको स्वार्थी विचार ढलपलावस्थामा पुगेको कुरालाई आलोचनात्मक विश्लेषण गरेका छन् । तानाशाही राजनैतिक व्यवस्था, सामन्तवादी समाज व्यवस्था, विभेदका अर्थप्रणाली, अमानवीय प्रवृत्ति, जातीय छुवाछुत आर्थिक शोषण आदिमाथि आलोचना गर्नु विकलको आलोचनात्मक स्वर मानिन्छ । उनको **अविरल बग्दछ इन्द्रवती**मा प्रगतीशील चिन्तन प्रखर रूपमा प्रकट भएको छ । समाजमा देखिने अन्याय, अत्याचार, शोषण, वर्गभेद, भ्रष्टाचार आदिको विरोध गर्दै गतिशील समतामूलक समुन्नत समाजको अपेक्षा गर्नु जस्ता प्रगतिशील चिन्तन उनका प्रायः सबै कथामा प्रकट भएका छन् ।

त्यसै गरी विकलको **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासमा देशको राजनैतिक व्यवस्था, सामन्तवादी समाजव्यवस्था, अमानवीय प्रवृत्ति, कालोबजारी र तस्करी, संस्कृतिकरण जस्ता समाजका विकृति र विसङ्गति माथि सोझो प्रहार गरिएको छ । त्यसैगरी विकलका धेरै जसो घटनाहरू सामाजिक विषयवस्तुप्रति लक्षित छन् । समाजमा प्रचलित रीतिरिवाज परम्परा, संस्कार, प्रेम, घृणा, शोषण, भ्रष्टाचार आदि विविध विषयलाई जस्ताको तस्तै टिपेर विषयवस्तुका रूपमा प्रयोग गर्न विकल सफल देखिन्छन् । नेपाली जन जीवनका आर्थिक र सामाजिक स्थितिलाई केलाउँदै विसङ्गति र विरोधाभासलाई टड्कारो रूप दिनु प्रमुख दायित्व हो भन्ने कुरामा उपन्यासकार विकल विश्वास राख्दछन् ।

### २.३.२ कुप्रथा, रुढि र अन्धविश्वासप्रति असहमति

विकलले नेपाली समाजमा अझैसम्म प्रचलित कुप्रथा, अन्धविश्वास आदि कुराहरूको चित्रण गरी त्यसप्रति आफ्नो असहमति जनाएका छन् । समाज आ-आफ्ना नीति-नियम, परम्परा, संस्कार आदिद्वारा सञ्चालित हुन्छ र सोही समाजलाई कार्यपीठिका बनाउने, कथाकारका कथामा ती कुराहरू आउनु स्वाभाविक हुन्छ । उनका 'सिंगारी बाखी', 'मेटिदै गएका पाइलाहरू', 'विरानको व्यथागीत', 'नाङ्गो रुख' र 'बाँच्नु अनि बाँच्नु' जस्ता कथामा सामाजिक रुढि टड्कारो चित्रण गरिएको छ र त्यस्ता कुराहरूलाई हटाउँदै जानुपर्छ भन्ने कुरा पनि उक्त कथाका माध्यमबाट व्यक्त गरिएको छ । उनको 'बाँच्नु अनि बाँच्नु' कथामा अन्धविश्वासलाई यसरी देखाइएको छ- "बाहुनकी छोरी, ठूलो हुन्जेल, बाबु आमाका घरमा बसे बाबुआमाको नाकमा दाग लाग्छ (विकल, २०३५:६१) ।" यस्ता थुप्रै उदाहरणहरू उनका कथामा देख्न सकिन्छ ।

### २.३.३ खोक्रो सामाजिक आडम्बरको विरोध

विकलमा कथाका समाजका प्रतिष्ठित व्यक्तिका खोक्रा सामाजिक आडम्वरलाई देखाइएको छ । सर्वसाधारण जनतामा भ्रम फैलाएर आफ्नो प्रतिष्ठा कायम राख्ने तर भित्रभित्रै आफैँले अमानवीय घृणित कार्य गर्ने आडम्बरी व्यक्तिको जीवनलाई कथामा उतारिएको छ । 'पृथ्वी अझै घुम्दै थियो', 'पशुपतिको छायाँ दर्शन', 'मेटिदै गएका पाइलाहरू', 'टिकटको व्यापारी', 'चर्केको घर', 'वयं रक्षामाः', 'धुवाँको क्यानभास : कोरिएका रेखाचित्रहरू' आदि कथामा समाजमा प्रचलित धर्म, प्रतिष्ठा, इज्जत, मानमर्यादा, जातीय छुवाछुत रूपी पुरानो संस्कार, अन्धविश्वासी रुढिका रेखा, आदि विषयमा बाह्य आडम्बर प्रस्तुत गरी सर्वसाधारण व्यक्तिलाई शोषण गर्ने कार्य भएको छ । समाजको खोक्रो आडम्बर प्रवृत्तिलाई विकलले आफ्ना कथामा उचित स्थान दिँदै त्यस्ता विकृतिहरूको भण्डाफोर गरेका छन् ।

### २.३.४ दीनहीन पात्रप्रति सहानुभूति

उपन्यासकार रमेश विकलले आफ्ना कथामा वर्गगत भिन्नता, आर्थिक विपन्नता, शोषण, उत्पीडनजस्ता विषयलाई ल्याई शोषित पीडित वर्गका पात्रहरूप्रति सहानुभूति व्यक्त गरेका छन् । सम्पन्न वर्गका व्यक्तिहरूले अनेक षड्यन्त्र गरी निम्नवर्गका मान्छेको जीवनलाई कति कारुणिक बनाइदिन्छ भन्ने देखाइएको छ । उनका 'बमको छिर्का', 'फुटपाथ मिनिष्टर्स', 'तर कोपिला फक्रेन', 'नयाँ सडकको गीत', 'वीरेकी आमा', 'चिनिया माटोको कपभित्र छचल्किएको जून', 'यी रगतमा बाँच्नेहरू' कथामा पात्रहरूका कारुणिक अवस्थाको चित्रण गरिएको छ । साथै **अविरल बग्दछ इन्द्रावती**मा काजी खान्दानको दाउपेचमा परेका सोझा माझीहरूको कारुणिक जीवन भोगाइबाट स्पष्ट हुन्छ । त्यसै गरी **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासमा चम्पक राणाले प्रहरी प्रशासन आफ्नो पकडमा लिएर कति हदसम्म निमुखाजनलाई दुःख दिएको देखाइनु र सहानुभूतिको अवस्था सिर्जना पार्नु विकलको उत्कृष्ट शिल्प हो ।

### २.३.५ ग्राम्य तथा सहरी दुबै परिवेशको चित्रण

कथाकार विकलले आफ्ना कथामा ग्रामीण तथा सहरिया दुवै परिवेशको सफल चित्रण गरेका छन् । उनले स्वदेशी तथा विदेशी दुवै समाजको यथार्थ चित्रण गरी कामको खोजीमा बाहिर जानुपर्ने परिस्थिति नेपाली समाजमा विद्यमान रहेको कुरा बताएका छन् । “कथाको परिवेश नेपाली ग्रामीण समाज हो । लुखुरेलाई कथाकारले नेपाली ग्रामीण समाजको शोषित

पात्रका रूपमा उभ्याएका छन् । 'नयाँ सडकको गीत' कथामा उनले नेपाली समाजको सहरी वातावरणमा मागेर मात्रै जीवनको निर्वाह गर्न विवश परिस्थितिको यथार्थ चित्रण गरेका छन् । अर्कातिर विकलको **अविरल बग्दछ इन्द्रवती**मा इन्द्रावती वरपरको ग्रामीण परिवेशको चित्रण छ । यहाँका सम्पूर्ण पात्रदेखि लिएर घटना समेत ग्रामीण परिवेशमा नै घट्ने किसिमका छन् । त्यस्तै अर्को उपन्यास **सागर उर्लन्छ सगरमाथा छुन**मा सहरिया परिवेशको चर्चा गरिएको छ । यसमा अन्तराष्ट्रिय क्षेत्र र त्यसले लिएका परिवेशदेखि राष्ट्रिय क्षेत्रसम्मका सहरी परिवेशसँग सम्बन्धित कुराहरूको चित्रण गरिएको छ ।

### २.३.६ राजनैतिक चेतनाको पृष्ठभूमिमा सामाजिक समस्याको प्रस्तुति

प्रगतिशील विचारधाराका अनुयायी विकलको लेखनमा राजनैतिक चेतना अत्यन्त प्रबल छ । त्यो राजनैतिक चेतनाको आग्रह होइन कि कलात्मक रूप उनका उपन्यासमा पाइन्छ । 'बमको छिर्का' जस्तो कथामा राजनैतिक चेतना बढी छ तापनि त्यसमा विश्व राजनीति चेतनालाई अत्यन्त कलात्मक र नाटकीय रूपमा प्रस्तुत गरिएको छ । यसमा विश्व राजनैतिक चेतनाकै पृष्ठभूमिमा नेपाली समाजको गरीबीको समस्यालाई मार्मिक तथा व्यङ्गयपूर्ण बनाई प्रस्तुत गरिएको छ । त्यसै गरी **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासमा राजनीतिक पृष्ठभूमि छ । यसले राजनीति परवेशको मूल्याङ्कन गर्दछ । नेपालको वि.सं. २०१७ साल देखि २०४६ पूर्व सम्मका राजनैतिक क्रियाकलाप एवंम् २०४६ को जनआन्दोलनको परिवेश यहाँ चित्रित छ । यसरी सामाजिक समस्यालाई राजनैतिक चेतनाको पृष्ठभूमिमा प्रस्तुत गर्नमा विकल निपूर्ण देखिन्छन् ।

### २.३.७ सामाजिक गतिशीलतामा जोड

समाज गतिशील हुनुपर्दछ भन्ने धारणा विकलमा रहेकाले परम्परागत अन्धसंस्कृतिको पुरानो विचारधारा आदिको अन्त्य गरेर समाजमा नयाँ आस्था र विश्वास प्राप्त गर्न आर्थिक विषमतारहित वर्गविहीन आदर्श समाज सिर्जनाका लागि गतिशील हुनुपर्छ भन्ने प्रगतिशील विचारमा विकल जोड दिन्छन् । उनको **अविरल बग्दछ इन्द्रवती** उपन्यासमा यी सम्पूर्ण विचारको प्रतिनिधित्व गर्ने पात्र सोविते देखा पर्दछ भने **सागर उर्लन्छ सरमाथा छुन** उपन्यासमा 'हाइनरिख' र 'कृष्णराजा' यी भूमिकामा देखा पर्ने गतिशील पात्र हुन् ।

### २.३.८ निम्न सामाजिक स्तर भएका पात्रको चयन

यिनका कथामा रहने पात्रहरू अत्यन्त निम्न स्तरका मगन्ते हुन्छन् किनकी उनको सामाजिक चित्रण प्रगतिशील विचारधारामा अवलम्बित रहेको पाइन्छ । 'फुटपाथ मिनिष्टर्स', 'स्वा ना वाज्या' जस्ता सामाजिक प्रतिष्ठा नभएका माग्ने, साधारण किसान वा कुल्ली ज्यादै तल्लो दर्जाका जागीरे कसैबाट सहायता नपाउने असहाय नारीहरू वा समाजले छि छि दुरदुर गर्ने वेश्याहरू जस्ता पात्रहरूको चयन उनका कथामा भएको छ । यसैले उपन्यासतर्फ अविरल बग्दछ इन्द्रवतीका सोविते, लालगेडी र सागर उर्लन्छ सगरमाथा छुनमा लक्ष्मी थकाल्नी, चेतना, एयरपोर्टका दरिद्र केटाहरू जस्ता पात्रहरू समाजमा निम्न स्तरका मानिन्छन् । यिनका पात्रहरू सबै दु:खित; पीडित र सामाजिक समस्याबाट आक्रान्त भएका निम्नस्तरीय छन् । यस्ता निम्नस्तरीय पात्रका माध्यमबाट समाजमा विद्यमान विषमता, असन्तुलन, विसंगति र समाजका अत्यन्त र कारुणिक जीवनको चित्रण गरेका छन् ।

### २.३.९ उच्चवर्गका मानिसहरूको पाशविक वृत्तिको पर्दाफास गर्नु

विकल आफ्ना उपन्यासमा धर्म र नैतिकताको पर्दाभित्र बसेर अनेक कुकृत्यहरू गरिरहेका धनी र उच्च वर्गका मानिसहरूको पाखण्डीपूर्ण पाशविक वृत्तिको पर्दाफास गर्न त्यस्ता उच्च वर्गका आडम्वरपूर्ण जीवनलाई पनि विषय बनाएर प्रस्तुत गर्छन् । सुनौलीमा गाउँबाट शहर पसेकी सुनौलीलाई यौन तृप्तिको साधन मात्र ठानेर प्रयोग गर्ने र बरबाद गर्ने पुरुषहरूको कुत्सित व्यवहार, अविरल बग्दछ इन्द्रावतीमा काजी खान्दानको कुकृत्य र निम्नस्तरिय सोझा जनताप्रतिको पाशविक स्थितिको पर्दाफास गरिएको छ । त्यसैगरी 'सागर उर्लन्छ सगरमाथा छुन' उपन्यासमा चम्पक र रेमण्डको नारीप्रतिको हेय दृष्टिकोण साथै राती राती होटल गएर स्त्रीहरूलाई खेलौनाका रूपमा पैसामा किन्ने प्रवृत्ति रहेको देखाइएको छ ।

### २.३.१० नारी पात्रको मनोविश्लेषणमा जोड

कथाकार रमेश विकल मानव मनको अतल गहिराइसम्म पुगेर विश्लेषण गर्न निपूर्ण छन् । अझ त्यसमा पनि नारी पात्रको मनोविश्लेषण गरी समाजमा नारीहरूको स्थान के कस्तो रहेको छ ? भनी वास्तविक चित्रण गर्दछन् । समाजमा नारीप्रति गरिने व्यवहार, थिचोमिचो, अत्याचार, शोषण, विवशता जस्ता कुराहरू उनका कथामा आएका छन् । 'कमल', 'विहानीपखको बत्ती', 'उसले नजन्माएको छोरो', 'उर्मिला भाउजू', 'मोड टुक्रिएका स्थितिहरू', 'सुनगाभा', रानी र दरबार' कथामा नारी मनको विश्लेषण गरिएको छ ।

### २.३.११ **बालमनोविज्ञानको प्रयोग**

रमेश विकलका कथामा बालबालिका र तिनीहरूसँग अन्तर्निहीत घटनाहरू प्रमुखरूपमा आएका हुन्छन् । उनका कतिपय त्यस्ता कथाहरू छन्, जुन बालबालिकाका मानसिक संवेग, पीडा, प्रतिभासँग सम्बन्धित रहेर लेखिएका छन् । 'मधुमालतीको कथा', 'तर कोपिला फक्रेन', 'कमल', 'बिहानीपखको बत्ती', 'उसले नजन्माएको छोरो, जस्ता कथाबाट बालवालिकाका भावना के कस्ता हुँदा रहेछन् भन्ने थाहा पाइन्छ । त्यसकारण उनका ती कथाहरू बालमनोविज्ञानको दृष्टिले उत्तम कथा मानिन्छन् । 'मधुमातलीको कथा', 'तर कोपिला फक्रेन' र 'मेरी सानी भतिजी' कथामा धनी र गरिबबीचको विभेदले पारेको बालभावनामाथिको असरलाई सरल तथा मार्मिक रूपबाट संयोजन गरिएको छ ।

### २.३.१२ **मनोविज्ञानको सशक्त प्रयोग**

कथाकार रमेश विकलले समाजका विभिन्न वर्गका व्यक्तिहरूलाई उपस्थित गराएर ती पात्रहरूको मनोविश्लेषण गर्ने गरेका छन् । उनका कथामा प्रयुक्त पात्रहरूका मानसिक संवेग, सहानुभूति, उत्तेजना, तनाव, गरिबीको पीडा जस्ता पक्षको चित्रण गरी त्यसको मानसिक उपचार गरिएको हुन्छ । 'एउटा बाबुको कथा जो विश्वास गर्न सकिन्न', 'एउटा बुढो बकैनाको रुख', 'बिरामी', 'ज्यानमारा' 'उसले नजन्माएको छोरो' जस्ता कथामा मनोविज्ञानको सफल प्रयोग गरिएको छ । आर्थिक विपन्नताको कारण मानसिक असर पर्न गई ऊ मानवीय कार्य गर्न तत्पर हुने परिस्थितिको सिर्जना उनका मनोवैज्ञानिक कथामा भएको छ ।

### २.३.१३ **मिथकीय प्रयोग**

रमेश विकलले प्राचीन मिथकहरूको प्रयोग गरी कथा लेखेका छन् । 'मधुमालतीको कथा' मिथकीय शैलीमा लेखिएको कथा हो । राजकुमार मधुकर र राजकुमारी 'मालती' का प्रेम प्रसङ्गलाई लिएर गौरी र शंकरका बाल मनोविज्ञानको स्पष्ट चित्रण गरिएको छ । बालवालिकाका मनोभावनामा ठूलो सानोको भेद रहँदैन र उनीहरू एक अर्कासँग प्रेम भाव राख्दछन् भन्ने मनोविज्ञानको विश्लेषण यहाँ गरिएको छ । त्यसै गरी 'सागर, मत्स्यकन्या र अखवारका कलमहरू' कथामा समुद्रको किनारामा रासलीलामा मस्त जोडीलाई मत्स्यकन्याका रूपमा हेरिएको प्रसङ्ग छ । विकलको 'एउटा बूढो भ्वाइलेनः आशावरीको धूनमा' र 'एउटा वूढो

बकैनाको रुख' आदि कथामा पनि मिथकीय बिम्बहरूको प्रयोग गरिएको छ। यसरी मिथकीय शैलीको प्रयोग गरेर त्यसैका माध्यमले कथालाई नयाँ रूप दिई लेख्न विकल सिपालु देखिन्छन् ।

### २.३.१४ **प्राच्य एवम् समसामयिक विषयको प्रयोग गरिनु**

रमेश विकलले अति प्राचीन कुरालाई पनि पैसठ्ठी वर्षअघिको खबर हो भन्दै आफ्ना कथामा उल्लेख गरेका छन् भने लेखनका हिसाबले समसामयिक परिस्थितिलाई समेत कथामा उतारेका छन् । समसामयिक राजनैतिक व्यवस्था, सामाजिक व्यवस्था तथा वीसौं शताब्दीका विसङ्गत पक्षहरूलाई कथामा देखाएका छन् । 'एउटा बुढो वकैनाको रुख', 'चर्केको घर', 'नाङ्गो रुख', 'नपुंसक युग, 'बाँझो धर्ती : आधुनिक कविताका केही पंक्तिहरू', 'शव, सालिक र सहस्र बुद्ध', 'यी रगतमा बाँच्नेहरू' आदि कथाहरू समसामयिक विषयलाई लिएर लेखिएका हुन् । विकलकै 'सागर, मत्स्यकन्या र अखवारका कालमहरू' कथाले वर्तमान युगीन समाजको गरिबी, मूल्यहीनता, सांस्कृतिक शून्यता, आधुनिकताको नाममा देखा परेको विकृति, जनजीवनप्रति नकारात्मक चिन्तन तथा वितृष्णा मानवीय मूल्यहीनता आदिको आलोचनात्मक विश्लेषण गरेको छ । प्राचीनका तुलनमा नवीन समसामयिक विषयवस्तुलाई लिएर धेरै कथाहरू विकलले लेखेका छन् ।

### २.३.१५ **सामाजिक यथार्थवादी चित्रकार**

रमेश विकलले सामाजिक यथार्थलाई चित्रकारले चित्र खिचेझैं टपक्क जस्ताको तस्तै चित्रण गरेका छन् । उनको समाज चित्रण प्रगतिवादतर्फ लक्षित भएको हुनाले उनका पात्रहरू निम्न तथा मध्यवर्गका मगन्ते, किसान, नोकर, असहाय नरनारी, वेश्या, बेगारी आदि छन् । नेपाली समाज नै पूर्ण परम्परागत ढाँचामा भएकोले सङ्कीर्ण रुढिवादी संस्कार लिएका पात्रहरूले उनका सुरुका कथा उपन्यासमा स्थान पाएका छन् भने पछिपछिका कथामा परम्परागत मूल्यबाट मुक्त हुने प्रयासमा लागेका नेपाली समाजको परिवर्तित स्वरूप चित्रित छ । सामाजिक यथार्थमूलक कथालेखनलाई केन्द्र बनाएका उनका कथाहरू 'एउटा बूढो वकैनाको रुख', फुटपाथ मिनिष्टर्स', 'विरानको व्यथा गीत', 'लाहुरी भैंसी', 'नयाँ सडकको गीत', टिकटको व्यापारी', 'शव, सालिक र सहस्र बुद्ध', 'चर्केको घर', 'वयं रक्षामः' 'विरामी', 'ज्यानमारा' आदि हुन भने **अविरल बग्दछ इन्द्रावती** उपन्यासमा समेत सामाजिक यथार्थवादको चित्र झल्कन्छ ।

### २.३.१६ वैचारिक पक्षको अभिव्यक्ति

रमेश विकल मूलतः विचाप्रधान साहित्य सिर्जना गर्ने साहित्यकार हुन् । उनका कथा उपन्यासमा सबैभन्दा बढी महत्त्व विचारलाई नै दिइएको हुन्छ । उनका प्रत्येक कथा लगायत उपन्यासमा एक वा एक भन्दा बढी विचारको प्रकट गरिएको हुन्छ । अन्य पक्षभन्दा विचारको सार्थकता, ओजस्वी अभिव्यञ्जना र सटीक प्रस्तुति भएका उनका कथाहरू 'फुटपाथ मिनिष्टर्स', 'लाहुरी भैंसी' 'विरानो देशमा', 'बमको छिर्का', 'आज फेरि अर्को तन्ना फेरिन्छ', 'तर कोपिला फक्रेन', 'वीरेकी आमा', 'दुई रुपियाँको नोट', 'चर्केको घर', 'शव सालिक' र 'सहस्र बुद्ध' आदि हुन् । उपन्यास तर्फ **सुनौली**, **अविरल बग्दछ इन्द्रावती** र **सागर उर्लन्छ सगरमाथा छुन** रहेका छन् । यी कथा उपन्यासहरूका सामाजिक यथार्थमा आधारित रहेर कथामा विचारको प्राधान्यता प्रस्तुत गर्नु विकलको देन हो । उनका कथा उपन्यासमा नेपाली समाजको यथार्थसित परिचित गराउने, आलोचना गर्ने, विकृति औंल्याउने, रुढताप्रति व्यङ्ग्य गर्ने र युगीन चेतना दिनेजस्ता सार्थक सन्देश दिइरहेको पाइन्छ ।

विकलका कथामा प्रमुख रूपमा अभिव्यञ्जित हुने वैचारिक स्वरहरूमा सामाजिक यथार्थवाद, समाजवादी यथार्थ, आलोचनात्मक यथार्थवाद, मनोवैज्ञानिकता, विसङ्गतिवाद र अस्तित्ववाद जस्ता वादहरू मुख्य रूपमा आएका छन् ।

### २.३.१७ सुन्दर एवम् कलात्मक भाषा शैलीको प्रयोग

उपन्यासकार रमेश विकलले शब्द चयनमा विशेष ध्यान दिएको देखिन्छ । छोटा छोटा वाक्यहरूको प्रयोग, सरल अभिव्यक्ति, प्राञ्जल भाषाशैलीको प्रयोगले उनका उपन्यास ज्यादै उत्कृष्ट बनेका छन् । शिल्प चेतानामा उचित ध्यान पुऱ्याइएन भने कथा ज्यादै खल्लो बन्न जान्छ । विषय, घटना र पात्र राम्रा  भएर मात्र हुँदैन, यदि प्रस्तुतिकरण सुन्दर हुन सकेन भने उपन्यासले साथै कथाले पाठकलाई आस्वादनमा माधूर्य र नवीनता दिन सक्दैन । उनका कथामा सूक्तिहरू, प्रचलित उखान टुक्काहरू, चुट्किलाहरूको प्रयोग भएकोले आख्यान आस्वाद्य बनेको छ । सरल एवम् शिष्ट मर्यादित भाषामा उपन्यास र कथा लेखिएको छ । त्यस्तै पात्र र उनीहरूको भौगोलिक स्थानलाई समेत आधार बनाएर स्वाभाविक संवादहरू गराइएको छ । "भाषामा गाउँ बसालिएको छ । पात्रहरूले बोल्ने होस् वा लेखकले भन्ने, गाउँ अनुकूल रहेर त्यहीको परिस्थिति, प्रचलन, व्यवहार, सभ्यतालाई झल्काउने जीवन र स्थानीयताको फेरो

लगाउँछ । त्यसैले स्थानीय रंग गाढा भई त्यहाँको प्रतिच्छवि बडो स्वाभाविकता साथ व्यक्तिएको छ" (प्रधान, २०६१:१२३) । यस किसिमको स्वभाविक अभिव्यक्ति विकलमा पाइन्छ ।

*"उसले आकाशतिर हेऱ्यो- घाम अब झण्डै एक बाँस माथि चढिरहेको थियो ।"* (**अविरल बग्दछ इन्द्रावती** *पृष्ठ १०)*

*"ए, अस्पतालमा त एउटा अग्रिगन दाङ्दर आएको छ रे नि । ...अव त अस्पतालको हालत राम्रो होला कि ? अग्रिगन दाङ्दर सिपालु पनि त होला ?" सागर उर्लन्छ सगरमाथा छुन* (पृष्ठ-२४८) ।

उनका कथामा पनि स्थानीय लवजको प्रयोग पाइन्छ ।

*"नानाकुति याना च्यौछि न धने मब्यू । हुँ थ : ज्या या । कर्पिन्त ...............।" -पट्टी ड्राइभर जिस्किएको स्वरमा च्याँठिन्छ । न्हुछेमाया सोधिरहेकी हुन्छे, -"खना ला ! छु जुइ व ?"* (शव, सालिक र सहस्रबुद्ध (पृष्ठ -१२३)

यसरी ग्रामीण जनवोलीमा लवजदेखि लिएर कुनै जाति विशेष लवजको संवादात्मक रूप उनका कथा उपन्यासमा पाइन्छ । यसका अतिरिक्त उपन्यासकार विकललाई खोक्रो सामाजिक आडम्बरको विरोध, घटना र चरित्र प्रधानमा लेखन, प्रकृति चित्रण, बिम्ब प्रतीकको प्रयोगकर्ता; घटना र चरित्रचित्रण बीच समन्वय गराउने शिल्पकारजस्ता विशेषताले चिनाउन सकिन्छ ।

*परिच्छेद -तीन*

## ३.१ आधुनिक नेपाली उपन्यास परम्परा "सागर उर्लन्छ सगरमाथा छुन उपन्यास" को स्थान निर्धारण

नेपाली साहित्यमा आख्यान लेखनको सुरुवात श्री ५ वडामहाराजधिराज पृथ्वीनारायण शाहको उपत्यका विजयपश्चात् वि.सं. १८२७ देखि भएको हो। शक्तिवल्लभ अर्यालद्वारा "महाभारत विराटपर्व" अनुदित रूपमा ल्याइयो। त्यही नै नेपाली साहित्यको आख्यानको पहिलो आख्यानात्मक कृति हो। यही विराटपर्वलाई आरम्भ मानेर नेपाली उपन्यासको कालविभाजन गरिन्छ। यसै आख्यानको आधारमा उपन्यासको विकासक्रमका तीन काल निम्नानुसार विभाजन गरिएको छ (बराल र एटम : २०५८ :७७)।

१. प्राथमिक काल (वि.सं. १८२७ - १९४५)

२. माध्यमिक काल (वि.सं. १९४६ - १९९०)

३. आधुनिक काल (विं सं. १९९१ देखि हालसम्म)

### ३.१.१ प्राथमिक काल (वि.सं. १८२७-१९४५)

नेपालको एकीकरणको क्रमसँगै पृथ्वीनारायण शाहद्वारा काठमाडौं विजय गरी सकेपश्चात्को दुई वर्षपछि वि.सं. १८२७ मा शक्तिवल्लभ अर्यालले अनुवादका रूपमा महाभारत विराटपर्व लिएर देखा परे। पृथ्वी नारायण शाहको नेपाल एकीकरण अभियानसँगै नेपाली भाषामा केही समृद्धि भयो। यसै आधारमा नेपाली भाषाको उपन्यास विधाअन्तर्गत प्राथमिककाल पनि अनुवादमै सिमित भयो। यसै क्रममा शक्तिवल्लभ अर्यालको आफैले लेखेको संस्कृतको **हास्यकदम्ब** नाटकलाई अनुवाद गरी आख्यानात्मक रूपमा अघि बढ्नको लागि बल प्रदान गरेका थिए। यसरी प्राथमिक कालमा शक्तिबल्लभ अर्यालको **महाभारत विराटपर्व** (१८२६), भानुदत्तको **हितोपदेश मित्रलाभ** (१९३३), रामभद्रक पाध्याको **लक्ष्मीधर्म संवाद**, **दसकुमार चरित्र** (१८७५), अज्ञात लेखकको **स्वस्थानी व्रतकथा** (१८२८) जस्ता कृतिहरू प्रकाशित भए। यसैगरी भवानीदत्तको **मुद्राराक्षस** (१८८२),सुन्दरानन्द वाँडाको **त्रिरत्न सौन्दर्य गाथा** (१८९०) र

**अध्यात्मक रामायण** (१८९६) जस्ता कृतिहरू पनि देखा परे (बराल र एटम, २०५८ :७७) । यी कृतिहरूमा कथात्मक तत्त्व पाइन्छन् । यसमा कथाका लागि बीज रूप भए तापनि उपन्यासका लागि पृष्ठभूमि वा आधारका रूपमा रहेका देखिन्छन् भनेर बराल र एटमले, (२०५८ : ७७) भनेका छन् ।

**प्राथमिककालका उपन्यासहरूको प्रवृत्ति**

यस कालमा इतर विधामा समेत आख्यानको प्रभाव रहेको कुरा **मुद्रा राक्षस** र **हास्यकदम्ब** नाटकलाई पनि आख्यानात्मक बनाएर प्रस्तुत गर्नुले देखाउँछ । यस कालका उक्त कृतिहरू धार्मिक, नैतिक, व्यवहारिक, आदर्श शिक्षा दिने र मनोरञ्जन दिने उद्देश्यले अनुवाद गरिएको पाइन्छ । विशेष गरी संस्कृतका समाजोपयोगी आख्यानहरू नेपाली भाषामा अनुवाद गरेर नेपाली समाजमा प्रचार गर्ने उद्देश्य भएकोले ती कृतिहरू विशुद्ध उपन्यास भने होइनन् । नेपाली उपन्यास परम्पराको पृष्ठभूमिमा रहेको आख्यान परम्परालाई विकास गर्ने योगदान भने यी कृतिहरूमा रहेको छ । त्यसैले यी कृतिहरू उपन्यास नभएर औपन्यासिक आख्यान मात्र हुन् ।

**३.१.२ माध्यमिक काल (वि.सं. १९४६-१९९०)**

औपन्यासिक पृष्ठभूमिको रूपमा रहेको तर औपन्यासिक स्वरूपको निर्माण हुन नसकेको प्राथमिककालीन प्रवृत्तिलाई टुङ्गयाउँदै 'वीरसिक्का' (वि.सं. १९४६) ले उपन्यासको स्वरूप निर्धारण गर्ने काम गऱ्यो र कल्पनालाई उपन्यासमा प्रवेश गरायो । यही **वीरसिक्का** प्रकाशित भएपछि नै नेपाली उपन्यास विधाले माध्यमिक कालमा प्रवेश गरेको हो । माध्यमिककालीन उपन्यास परम्परामा विभिन्न प्रवृत्तिहरू देखा परेका छन् । अनुवाद तथा मौलिक दुवै किसिमका कृतिहरूले माध्यमिककालीन परम्परालाई अगाडि बढाएको छ । वि.सं. १९४६ को **वीरसिक्का**बाट सुरु भएर **वीरचरित्र** (१०६०) हुँदै **राजपुत रमणी** (१९८७) सम्मको अवधिलाई माध्यमिक काल मानिन्छ भनेर (बराल र एटम ( २०५८ :७९) ले भनेका छन् ।

यस कालको मनोरञ्जनात्मक धारामा **वीरसिक्का** (वि.सं. १९४६), युधिष्ठिर शर्माको **शुकवहत्तरी** (१९५०), अज्ञात लेखकको **लालहीराको कथा** (१९५०) नरदेव पाण्डेको **वीरवल चातुरी** (१९५६), सदाशिव शर्माको **महेन्द्रप्रभा** (१९५९) र **वीरवल कौतुक** (१९८२), शम्भुप्रसाद ढुङ्गयालको **हात्तीमताई** (१९८१) **गुलबकावली** (१९८१), **अबोला मैयाको कथा** (१९८२),

**तोतामैनाको कथा** (१९८४), पद्यप्रसादको **अचम्मको वच्चाको कथा** (१९८५) आदि कृतिहरू देखा परेका छन् ।

नेपाली साहित्यमा हिन्दी, बङ्गाली, अंग्रेजी, फारसी, उर्दु आदि साहित्यको प्रभाव परेको थियो । त्यतिखेर नेपाली उपन्यास साहित्यमा यसले ग्रहण गरेको तिलस्मी, ऐयारी र जासुसी उपन्यासहरू हिन्दी साहित्यबाट अनुवाद र अनुकरण गरिन्थ्यो । ऐयारी, तिलस्मी जस्ता प्रवृत्तिहरू देवकीनन्दन, गिरिशवल्लभजस्ता लेखकहरूले गरेका हुन् । यसकालका तिलस्मी र ऐयारी प्रवृत्तिका रचनाहरूमा देवकीनन्दन, गिरिशवल्लभजस्ता लेखकहरूले गरेका छन् । यसकालका तिलस्मी र ऐयारी प्रवृत्तिका रचनाहरूमा देवकीनन्दन खत्रीको **चन्द्रकान्ता** (१९५६), **महेन्द्रप्रभा** ( १९५६), गिरिशवल्लभ जोशीको **वीर चरित्र** (१९६०), गोरखापत्रमा **जादुगर** (१९६४:६५), **नौलखाकार** (१९६७-६८) जस्ता जासुसी उपन्यास प्रकाशित भए ।

यसकालमा धार्मिक तथा पौराणिक धारामा पनि केही लेखकहरूले कलम चलाएका छन् । यस धारामा चिरञ्जीवी पौड्यालको **प्रेमसागर** (१९४७), हरिहर शर्माको **दुर्गासप्तसती** (१९४८), दुर्गादेवी आचार्यणी **अनुसूया**, **सीता संवाद** (१९६५), ऋद्धि बहादुर मल्लको **शर्मिष्ठा** (१९८५) जस्ता कृतिहरू प्रकाशित भए ।

त्यसैगरी माध्यमिक कालको नैतिक औपदेशिक धारामा नरदेव पाण्डेको **मेरिना चरित्र** (१९५९), तीर्थप्रसाद आचार्यको **वेदान्त सागर** (१९६०); सदाशिव शर्माको **कर्म विवाह संहिता** (१९८३) आदि देखा पर्दछन् (बराल र एटम, २०५८ : ८४) । यस धारामा नैतिक औपदेशिक कुराहरूमा आबद्ध भएर नीतिकथाहरूले हुर्काएका परम्परामा कृति रचना गरेका हुन् ।

त्यसैगरी समाजमा रहेका कुरीतिलाई हटाएर सुधारको बाटोमा लैजाने उद्देश्यले लेखिएका उपन्यास सामाजिक सुधारात्मक धाराका उपन्यास हुन् । यस धारामा कलम चलाउने लेखकहरूमा बेनामीद्वारा **गोरखापत्र**मा प्रकाशित 'प्राचीन प्रपञ्च' (१९६२ अपूर्ण), द्वारीकानाथ उपाध्यायको **यमपञ्चक** (१९६३), वैजनाथ सेढाईको **चक्र परिचक्र** (१९७३), विज्ञानविलासको **महारानी प्रियम्वदा** (१९७३), पहलमानसिंह स्वाँरको **पद्मकुमारी**' (१९७४), वेदनाथ आचार्यको **दयाकी भावी** (१९७९), महानन्द सापकोटाको **त्रिवेणी** (१९८५), अम्बालिकादेवीको **राजपूत रमणी** (१९८९) आदि छन् ।

**माध्यमिककालीन उपन्यासको प्रवृत्ति**

माध्यमिक कालका उपन्यासहरूमा अनुवाद परम्परा जासुसी तिलस्मी विषयको प्रयोग मनोरञ्जनात्मकता आदर्श र नैतिक उपदेश दिने उद्देश्य गद्य, पद्य र गीत, गजल आदिको प्रयोग, भावुक सामाजिकता जस्ता विशेषताहरू पाइन्छन् । प्राथमिककालबाट माध्यमिककालमा परिवर्तन हुनको एउटा प्रमुख कारण प्रकाशन युगको थालनी पनि हो । पत्र पत्रिकाका माध्यमबाट तथा छुट्टै कृतिको रूपमा समेत प्रकाशनको थालनी भएकाले समेत यस कालमा रचनाका लागि हौसला मिल्नाको साथै संख्यात्मक गुणात्मक दुवै दृष्टिकोणले उपन्यास क्षेत्रमा विकास भएको पाइन्छ । पूर्ण साहित्यिक सचेतता र यथार्थता भने यसकालमा पनि पाईंदैन ।

### ३.१.३ आधुनिक काल (वि.सं. १९९१ देखि हालसम्म)

आधुनिक भनेको नवीनता हो, उपन्यास आधुनिक साहित्यको पनि नवीनतम विधा हो । यसको इतिहास एक शताब्दी पुरानो पनि छैन । अनुवाद अलौकिक घटनाहरूको वर्णन जस्ता कार्यहरूको पक्षलाई छोडेर सामाजिक यथार्थ धरातलमा उभिएर सामाजिक उपन्यासको स्वरूप निश्चित गरी सामाजिक औपन्यासिक विशेषतायुक्त उपन्यास लेखिँदै **रूपमती** (१९९१) आयो । रुद्रराज पाण्डेको **रूपमती** (१९९१) र विष्णुचरण श्रेष्ठको **सुमती** (१९९३) ले मात्र आधुनिक नेपाली उपन्यास परम्पराको सूत्रपात गरेको कुरामा सबै अध्येताहरू सहमत छन् । यी उपन्यासहरूमा माध्यमिककालको तुलनामा सामाजिक विषयवस्तु, यथार्थतामा आधारित समाजको सर्वेक्षण, विशुद्ध उपन्यास लेख्ने परम्पराको थालनी आदि भएको पाइन्छ ।

आधुनिककालको मिरमिरे रुद्रराज पाण्डेको **रूपमती** (१९९१) बाट सुरु भई आजसम्म आउँदा उपन्यासको यात्रामा प्रवृत्तिगत दृष्टिले धेरै मोडहरू पार भइसकेका छन् । आधुनिककालको थालनीमा देखापरेका नेपाली उपन्यासमा बाह्य यथार्थको चित्रण गर्ने प्रवृत्ति, कथानकको प्रबलता देखिन्छ भने वि.सं. २०१६ सालदेखि मनोविज्ञानको प्रवेश भई सूक्ष्म यथार्थको प्रस्तुति पनि आरम्भ हुन्छ (बराल र एटम, २०५८ :९१) । यिनै प्रवृत्तिहरूलाई आधार मानेर नेपाली उपन्यासको विकासक्रमलाई दुई चरणमा विभाजन गर्न सकिन्छ । ।

प्रथम चरण (वि.सं १९९१-२०१५)

द्वितीय चरण (वि.सं. २०१६ देखि हालसम्म)

३.१.३.१ **प्रथम चरण**

आधुनिक नेपाली उपन्यासको सुरुवात रुद्रराज पाण्डेद्वारा लिखित रूपमती (१९९१) बाट सुरु भई अगाडि बढ्छ। यस चरणको उपन्यासले सामाजिक यथार्थतासँग निकट भएर सामाजिक यथार्थताकै चित्रण गर्दछ। यस चरणमा पनि आदर्शोन्मुख सामाजिक यथार्थवादी धारा, स्वच्छन्दतावादी धारा, सामाजिक यथार्थवादी धारा र ऐतिहासिक यथार्थवादी धारा रहेका छन्।

यस चरणको आदर्शोन्मुख यथार्थवादी धाराका उपन्यासहरूमा रुद्रराज पाण्डेको **रूपमती** (१९९१), **चम्पाकाजी**, (१९९३), **प्रायश्चित** (१९९५), **प्रेम** (२००५), काशीबहादुर श्रेष्ठको **उषा** ((१९९५), टुकराज पद्मराज मिश्रको **रजवन्धकी** (१९९६), रामकृष्ण कुँवर राणा (१९९९) जस्ता उपन्यास देखा पर्दछन्। यस कालमा उपन्यासका प्रवृत्तिहरूमा समाजमा अनैतिकता अनुशासन हीनता जस्ता खराब प्रवृत्तिहरू बढ्दै गएको देखाउँदै समाजमा केही आदर्श र नैतिकवान् चरित्रको उदाहरण दिएर सबैले त्यसतर्फ लाग्नुपर्ने अथवा नैतिकवान् र आदर्श हुनुपर्ने विचार व्यक्त गरिएको पाइन्छ। यस किसिमका उपन्यासहरूमा समाज वा जीवन जगत् आदर्शमय हुनुपर्छ भन्ने सुधारवादी अभिव्यक्ति दिइएको हुन्छ।

यस चरणको स्वच्छन्दतावादी धारा अन्तर्गतका उपन्यासहरूमा रूपनारायण सिंहको **भ्रमर** (१९९३) र शिवकुमार राईको **डाक बङ्गला** (२०१३) आदि पर्दछन्। स्वच्छन्दतावादी यथार्थवादी उपन्यासहरूमा लेखकको स्वच्छन्द किसिमको बढी स्वतः स्फूर्त अभिव्यक्ति भएको पाइन्छ। यस खाले उपन्यासका प्रवृत्तिहरूमा प्रेम, सौन्दर्य, भावुकता जस्ता कुराहरू देखिन्छन्। पात्रका संयोग, अद्भूतता, साहसिक कार्य, सेवा, त्यागको भावुकतापूर्ण संयोग यसखाले उपन्यासमा पाउन सकिन्छ। कल्पना र भावनाको प्रधानता तथा आलङ्कारिक भाषाको प्रयोग यसका विशेषता हुन्।

सामाजिक यथार्थवादी धारामा समाज वा जीवन जगत् जस्तो छ त्यस्तै रूपमा चित्रण गरेर उपन्यास लेखेको पाइन्छ। यस्ता उपन्यासहरूमा लैनसिंह बाङदेलको **मुलुक बाहिर** ( २००४), **माइतघर** (२००६) र **लंगडाको साथी** (२००८), अच्छा राई रसिकको **दोभान** (.......), **लगन** (२००५), डायमन शमसेरको **प्रतिबद्ध**' (.....), मोहनबहादुर मल्लको **समयको हुरी** (२००५), लीलबहादुर क्षेत्रीको **बसाइँ** (२०१४), लीलाध्वज थापाको **मन** (२०१५) जस्ता उपन्यासहरू पर्दछन्। यस्ता उपन्यासहरूमा आर्थिक विषमता, कुरीति, अन्धविश्वास, धार्मिक मान्यता, शोषण, भोगाइका विवशताहरू जस्ता समाजका यथार्थ गतिविधिहरूलाई पाठक समक्ष प्रस्तुत गरिएको

हुन्छ । मानिसका दुर्बलता, दुरावस्थाहरूको समष्टि रूपमा चित्रण गर्नु, मानवीय यथार्थका सम्वेद्य कुराहरू प्रस्तुत गर्नु र मानिसका नियमित चित्रित गर्नुजसता प्रवृत्तिहरू रहेका छन् । समाज वा जीवन जगत् यस्तै छ भनेर वास्तविकतालाई छर्लङ्ग पार्नु यस धाराको विशेषता हो ।

आधुनिक नेपाली उपन्यास परम्पराअन्तर्गत सामाजिक यथार्थवादी धाराभित्र ऐतिहासिक उपन्यासहरू पनि लेखिएका छन् । ऐतिहासिक विषयवस्तु वा इतिहासका सन्दर्भहरूलाई लिएर लेखिएका उपन्यासहरू यस अन्तर्गत पर्दछन् । यस्ता उपन्यासहरूमा डायमन शमशेर राणाका **वसन्ती** (२००६), **सेतोबाघ** (२०३०), **सत्प्रयास** (२०३८) हुन् । केशवराज पिंडालीको **एकादेशकी महारानी** (२०२६), खगेन्द्र के.सी. को **खान्दान** (२०३५) र चन्द्रशेखर शास्त्रीको **भृकुटी** (२०१४) जस्ता रहेका छन् । राणाकालीन समाजका विभिन्न गतिविधिहरूको तथ्यगत विवरणहरूलाई औपन्यासिक कथानकको प्रवाहमा यथार्थपरक ढङ्गले प्रवाहित गर्नु, राणाकालीन समाजका विकृति, विसङ्गतिहरूलाई पर्दाफास गर्नु, इतिहासका विभिन्न कालखण्डमा घटेका रहस्यात्मक घटनाहरूको पर्दाफास गरी सर्वसाधारणमा जानकारी दिनुजस्ता प्रवृत्तिहरू रहेका छन् ।

निष्कर्षमा भन्नुपर्दा समाजमा खराब चरित्रहरू बढ्दै गएको देखाउँदै केही आदर्श र नैतिकवान् चरित्रको उदाहरण दिएर सबैले त्यसतर्फ लाग्नुपर्ने अथवा नैतिकवान् र आदर्शवान् हुनुपर्ने विचार व्यक्त भएको पाइन्छ । त्यसैगरी आर्थिक विषमता, कुरीति, अन्धविश्वास, धार्मिक मान्यता, शोषण, भोगाइका विवशताहरूजस्ता प्रवृत्तिहरू सामाजिक यथार्थवादी धारामा पाइन्छन् । अर्कोतिर प्रेम, सौन्दर्य र भावुकताजस्ता कुराहरू स्वच्छन्द किसिमको स्वतःस्फूर्त अभिव्यक्तिका माध्यमद्वारा गरिएको पाइन्छ । साथै ऐतिहासिक विषयवस्तुको प्रयोगले वर्तमान सामाजिक जीवनको तस्वीर समेत देखिने गर्छ ।

### ३.१.३.२ **द्वितीय चरण**

यस द्वितीय चरणका उपन्यासहरू स्थुलताबाट सूक्ष्मतातिर लम्किएको पाइन्छ । यस समयमा व्यक्तिको आन्तरिक चित्रणमा केन्द्रित रही सूक्ष्म यथार्थको अंकन गर्न पनि उपन्यासकारहरू अग्रसर छन् । त्यस्तै पाश्चात्य अनेकौं वादहरूले पनि हुर्कने र फैलने अवसर प्राप्त गरे (बराल र एटम, २०५८ : ९२) । यस चरणका वादहरू निम्नानुसार रहेका छन् :-

वि.सं. २०१६ मा गोविन्दबहादुर मल्ल गोठालेको **पल्लो घरको झ्याल** प्रकाशित भएपछि नेपाली उपन्यास परम्परामा मनोवैज्ञानिक मोड आउँछ । यस धाराको उपन्यासमा बाहिरी घटना भन्दा बढी मानव मन भित्रका खुल्दुली, अन्योल, छट्पटी, विकृत्ति जस्ता कुराको चित्रण र विश्लेषण गरिएको पाइन्छ । मानिसका मानसिक द्वन्द्व दमीत र कुण्ठित मनोदशाबाट उत्पन्न

विभिन्न अनौठा क्रियाकलापहरू र विकृतिहरूलाई केलाउने काम गरेको पाइन्छ। यस मोड अर्न्तगत **पल्लो घरको झ्याल** (२०१६), विजयमल्लको **अनुराधा** (२०१८), विश्वेश्वरप्रसाद कोइरालाको **तीन घुम्ती** (२०५५), भवानी भिक्षुको **पाइप नं**. २ (२०३४)', दौलत विक्रम विष्टको **मञ्जरी** (२०१६), शंकर कोइरालाको **खैरेनीघाट** (२०१८), भवानी भिक्षुकै **सुभद्रा बज्यै** (२०१९)", विश्वेश्वरप्रसाद कोइरालाको **नरेन्द्रदाइ** (२०२७), हरिश वंजमको **सोकेशभित्रको जिन्दगी** (२०२५) आदि उपन्यासहरू पनि नेपाली उपन्यास परम्पराका मनोविश्लेषक उपन्यासहरू हुन् ।

वि.सं. २०२१ मा इन्द्रबहादुर राईको **आज रमिता छ** प्रकाशित भएपछि आधुनिक उपन्यास परम्परामा नयाँ मोड देखापर्छ। यसै मोडलाई प्रयोगवादी मोड पनि भनिन्छ। यस मोडमा नेपाली उपन्यास परम्पराका क्रममा परम्परा भिन्न किसिमका नयाँ नयाँ विषयवस्तु र नयाँ नयाँ शैलीको प्रयोग गरिएको पाइन्छ। आयामेली अस्तित्ववादी विसंगतिवादी राल्फाली आदि उपन्यासहरू लेख्नु यस मोडका विशेषता हुन्। यस मोडको **आज रमिता छ** (२०२१) आयामेली उपन्यास हो। यसमा बाहिरी संरचनाको विखण्डन आत्मपरक यथार्थवाद तथा व्यतिरेकी शैलीको प्रयोग भएको पाइन्छ। यसमा जीवनको समग्रता सूक्ष्मतालाई समेट्ने प्रयास गरेको पाइन्छ। **शिरीषको फूल** (२०२२) अस्तित्ववादी उपन्यास हो। ध्रुवचन्द्र गौतमको **अन्त्यपछि** (२०२४) मा कथानक र औपन्यासिक तत्त्वहरूलाई कम महत्त्व दिएर अउपन्यास भएको छ। विश्वेश्वरप्रसाद कोइरालाको **सुम्निमा** (२०२७) मा आदिमतापरक क्रियाकलापको अभिव्यक्ति भएको छ। यसरी यस मोडमा विभिन्न नयाँ जीवन दृष्टि तथा औपन्यासिक पद्धतिहरू देखा परेका छन् ।

समाजवादी यथार्थवादी अन्तर्गत प्रगतिवादलाई पनि राख्न सकिन्छ। यस अन्तर्गत डी.पी. अधिकारीको **आशमाया** (२०२५), **धरती आफैं बोल्दैछ** (२०२७), खगेन्द्र संग्रौलाको **चेतनाको पहिलो डाक** (२०२७) र **आमाको छटपटी** (२०३४), पारिजातको **तोरीबारी बाटा र सपनाहरू** (२०२३), तीर्थ न्यौपानेको **खद्माको गाउँ** (२०३५), रमेश विकलको **अविरल बग्दछ इन्द्रावती** (२०३९), मोदनाथ प्रश्रितको **चोर** (२०४४), ऋषिराज बरालको **कमरेड हुतराजको राजनधानी प्रस्थान** (२०४८), आहुतीको **नयाँ घर** (२०५०) र **स्खलन** (२०६०), सञ्जय थापाको **पूर्वतिर** (२०४३), **बुङ्लाका साझँहरू** (२०४६) र **देउमाइको किनारमा** (२०६०), इस्मालीको **जिरो माइल** (२०५६) र सुकुम शर्माको **सङ्घर्षशील युवाको डायरी** (२०५६) उल्लेखनीय रहेको कुरा बराल र एटम (२०५८ : १६१) ले बताएका छन्। त्यस्तै राल्फाली अवधारणा मानिने मञ्जुलको

**छेकुडोल्मा** (२०२६) मा कथ्यलाई एकोहोरोपनमा व्यक्त गरी नवीन शैलीको प्रयोगमा साथ सामाजिक विसंगतिप्रति व्यङ्गय गरिएको पाइन्छ ।

समाजमा देखिएका कुरीति शोषण र अन्य विसङ्गत तत्त्वहरूलाई औंल्याएर तिनको विरोध गर्ने तथा तिनलाई सुधार्नुपर्ने आकाङ्क्षा यस पद्धतिका उपन्यासमा पाइन्छ । मुख्य रूपमा आलोचनात्मक यथार्थवादी धारा हृदयचन्द्रसिंह प्रधानको **स्वास्नी मान्छे** (२०११) बाट सुरु हुन्छ (बराल र एटम, २०५८ : ९२) । त्यसै गरी प्रधानकै **एक चिहान** (२०१७), मुक्तिनाथ तिमलसिनाको **को अछुत ?** (२०११), खड्गबहादुर सिंहको **विद्रोह–१**' (२०११), **विद्रोह–२** (२०१३), **हुरीको चरा** (२०१५) जस्ता उपन्यासहरू पनि रहेका छन् ।

पछिल्लो समयमा देखा परेका आलोचनात्मक यथार्थवादी धाराका उपन्यासहरूमा ध.च. गोतामेका **घामका पाइलाहरू** (२०३५), **यहाँदेखि त्यहाँसम्म** (२०४२), ध्रुवचन्द्र गौतमको **अलिखित** (२०४०), **निमित्त नायक** (२०४३), **स्वर्गीय हीरादेवीको खोज** (२०४५), **एक शहरमा एककोठा** (२०४६), **उपसंहार अर्थात् चौथो अन्त्य** (२०४८) र **दुविधा** (२०५१) उपन्यासहरू यस दिशाका सबल उदाहरणहरू हुन् (सुवेदी, २०५३ : १६९) । दौलतविक्रम विष्टको **मञ्जरी** (२०१६), तारानाथ शर्माको **सुली** (२०३०), ध्रुवचन्द्र गौतमको **कट्टेल सरको चोटपटक** (२०३६), गीता केशरीको **विश्वास** (२०५२), गोविन्द गिरी प्रेरणाको **उत्खनन्** (२०४५), गणेश रसिकको **आकाशगङ्गाको ओतमुनि**' (२०४८), कृष्ण गौतमको **स्वर्णविम्व** (२०४८), रमेश विकलको **सागर उर्लन्छ सगरमाथा छुन** (२०५२), नारायण ढकालको **पीत संवाद** (२०५५), खगेन्द्र सङ्ग्रौलाको **जूनकीरीको सङ्गीत** (२०५६) आदि महत्त्वपूर्ण छन् ।

पूँजीवादी समाजका शोषण, दमन,अन्याय, अत्याचार आदि विकृति र विसङगतिप्रति तीव्र व्यङ्गय र आलोचना गरेर साहित्यमा आलोचनात्मक यथार्थवाद स्थापित हुन पुगेको हो । जे जस्तो छ अर्थात् पूँजीवादी शोषण, दमन, उत्पीडन, अमानवीयता आदिको कटु आलोचनात्मक यथार्थवाद भनिन्छ । (शर्मा र लुइँटेल, २०५३ : ३०१) । विशेषत : पूँजीवादी विकृति र विसंङगतिको यथार्थ चित्रण तथा कटु आलोचना गर्ने प्रवृत्तिका रूपमा आलोचनात्मक यथार्थवादले साहित्यिक क्षेत्रमा विशेष महत्त्व र स्थान पाएको देखिन्छ भनेर शर्मा र लुइँटेल (२०५३, ३०२) ले भनेका छन् ।

मिथक भनेको सम्पुर्ण मानव संस्कृतिको दस्तावेज र मानव प्रवृत्तिको अन्वेषण गरिएको प्रतीकात्मक भण्डार हो (बराल र एटम, २०५८ : १६२) । नेपाली उपन्यास विधामा मिथकीय

धाराको प्रयोग विश्वेश्वरप्रसाद कोइरालाको **सुम्निमा** (२०२७) हो । त्यस्तै कोइरालाकै **मोदिआइन** (२०३६), **हिटलर र यहुदी**' (२०४०), मदनमणि दीक्षितको **माधवी** (२०३९) र **त्रिदेवी** (२०५१), ध्रुवचन्दै गौतमको **डापी** (२०३३), **अग्निदत्त+अग्निदत्त** (२०५२), राजेश्वर देवकोटाको **द्वन्द्वको अवसान** (२०४२), दौलतविक्रम विष्टको **ज्योति ज्योति महाज्योति** (२०४५), विनोदप्रसाद धितालको **योजनागन्ध** (२०५२) जस्ता उपन्यासहरू पर्दछन् (बराल र एटम, २०५८ : १६३) । विषयवस्तुको प्रस्तुतीकरण र शैली आदिमा देखिएका नवीनताले यस किसिमका उपन्यासहरू प्राचीनताको भण्डार मानिन्छन् ।

यो धारा विसङ्गतिवादको पृष्ठभूमिमा आएको एउटा दार्शनिक चिन्तन हो । नेपाली उपन्यास क्षेत्रमा पारिजातको **शिरिषको फूल** (२०२२), **महत्ताहीन** (२०२५) र **अन्तर्मुखी** (२०३५), ध्रुवचन्द्र गौतमको **अन्त्यपछि** (२०२४), **बालुवामाथि** (२०२८), **डापी** (२०३३), विश्वेश्वरप्रसाद कोइरालाको **तीन घुम्ती** (२०२५), **नरेन्द्रदाइ** (२०२७), सरुभक्तको **पागल बस्ती** (२०४८) आदि उपन्यासहरू अस्तित्ववादी उपन्यास मान्छिन् ।

वि.सं. २०३० पछि नेपाली उपन्यास परम्परामा अझ नयाँ र आर्कषक उपन्यासहरू देखा पर्न थाल्छन् । खास गरीकन युद्धको विभीषिका आञ्चलिकता, सह-लेखन आदि यस मोडका विशेषताहरू रहेका छन् ।

ध्रुवचन्द सापकोटा र अन्य लेखकहरूले **आकाश विभाजित छ** (२०३०) सहलेखन भएको उपन्यास हो । त्यसैगरी यस मोडका सह-लेखनका अन्य उपन्यासहरू **देहमुक्त** (२०४४) तीन जनाबाट लेखिएको हो भने १३ जनाले लेखेको **अवतार**, **विघटन**' (२०४५), दुई जनाद्वारा लेखिएको **ज्यागा** (२०५०) आदि हुन् ।

यस मोडमा नवीन विषयवस्तु पस्कन सफल अन्य उपन्यासहरूमा वानिरा गिरीको **कारागार** (२०३०), पिटर जे. कार्थकको **प्रत्येक ठाउँ प्रत्येक मान्छे** (२०३४), ध.च. गौतमका **घामका पाइलाहरू** (२०३५), भरत जङ्गमको **कालो सूर्य** (२०३६), रमेश विकलको **सुनौली** ( २०३१), इस्मालीको **सेतो आतङ्क** (२०३९), भवानी भिक्षुको **आगत** (२०३२), दौलतविक्रम विष्टको **चपाइएका अनुहार** (२०३०), ध्रुवचन्द्र गौतमको **अलिखित** (२०४०), विश्वेश्वरप्रसाद कोइरालाको **बाबु, आमा र छोरा** (२०४५) हुन् । पिटर जे कार्थकको **प्रत्येक ठाउँ प्रत्येक मान्छेमा** संरचना र पात्रको नामाकरणमा नवीनता पाइन्छ । भरत जङ्गमको **कालो सूर्यमा** पत्रकारिताको शैली प्रयोग भएको पाइन्छ । अन्य **घामका पाइलाहरू**, **चपाइएका अनुहार** र **आगत** जस्ता

उपन्यासहरूमा युद्धको विभिषिकाको चित्रण पाइन्छ । त्यसैगरी **कारागार**, **अलिखित**, **बाबु**, **आमा र छोरा**जस्ता उपन्यासहरूमा विषयवस्तु शैली नवीनता भएको पाइन्छ ।

यसरी विविध विषयवस्तु, घटना, परिवेश, शैली लिएर उपन्यासहरू लेखिएका छन् । खास गरीकन युद्धको विभीषिका, आञ्चलिकता, सहलेखन आदि यस मोडका विशेषताहरू हुन् । यसरी विविध प्रयोगका माध्यमबाट नेपाली उपन्यासको यात्रा नवीन दिशातिर अग्रसर भइरहेको छ ।

निष्कर्षमा भन्नुपर्दा यस चरणका मनोवैज्ञानिक धाराका उपन्यासमा बाहिरी घटनाभन्दा बढी मानव मनभित्रका खुल्दुली, अन्यौल, छटपटी, विकृति, मानसिक द्वन्द्व, दमित र कुण्ठित मनोदशा आदिको चर्चा गरिएको पाइन्छ । यसै गरी बाहिरी संरचनाको बिखण्डन आत्मपरक यथार्थवाद तथा व्यतिरेकी शैलीको प्रयोग भएको पाइन्छ । जीवनको समग्रता, सूक्ष्मतालाई समेट्ने प्रयास पनि गरेको पाइन्छ । अस्तित्ववादी धारामा मानवीय पीडा र जीवनको निष्सारतालाई देखाउँदै जीवनलाई सार्थक तुल्याउने प्रयास गरिनु पूँजीवादी समाजका विकृति, विसङ्गतिप्रति व्यङ्गय प्रहार गरी आलोचनात्मक स्वर दिनुजस्ता प्रवृत्तिहरू द्वितीय चरणका उपन्यासहरूमा पाउन सकिन्छ ।

त्यसैले प्रस्तुत विवेच्य **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासलाई नेपाली उपन्यास परम्परामा स्थान निर्धारण गर्नुपर्ने हुन्छ । त्यसरी हेर्दा यो उपन्यास आधुनिककालको द्वितीय चरण आलोचनात्मक यथार्थवादी धारामा पर्दछ । यस धाराको शुरुवात वि.सं. २०११ सालमा हृदयचन्द्रसिंह प्रधानको 'स्वास्नीमान्छे' उपन्यासबाट भएपनि त्यसपछिका विभिन्न मोडहरूमा समेत यस प्रवृत्तिका उपन्यासहरू लेखिने क्रम यथावतै रहेको पाइन्छ । यसै क्रममा 'सागर उर्लन्छ सगरमाथा छुन' उपन्यास वि.सं. २०१७ देखि २०४६ जनआन्दोलनसम्मका राजनीति तथा सामाजिक घटनालाई लिएर वि.सं. २०५२ सालमा प्रकाशित भएको छ । यस **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासले प्रस्तु गरेको कथानक नवीनतम छ । नवीनतम विषयवस्तु लिएर देखापरेको प्रस्तुत उपन्यासले यथार्थवादभित्र रही वर्तमान समाजका विकृति-विसङ्गतिप्रति तीखो व्यङ्गय प्रहार गरी सामाजिक जटिलताहरूलाई उजागर पारेको हुनाले यसमा आलोचनात्मक पक्ष प्रबल रूपमा आएको छ र आलोचनात्मक यथार्थवादको स्थानसम्म पुग्न सफल भएको छ साथै विकललाई प्रगतिवादीबाट आलोचनात्मक यथार्थवादी उपनयासकारका रूपमा परिचित गराएको छ । त्यसकारण आधुनिक नेपाली उपन्यासको विकास क्रममा 'सागर उर्लन्छ सगरमाथा छुन' उपन्यास नवीनतम विषयवस्तु लिएर देखापरेको आलोचनात्मक यथार्थवादी उपन्यास हो ।

*परिच्छेद - चार*

# औपन्यासिक तत्त्वका आधारमा 'सागर उर्लन्छ सगरमाथा छुन' उपन्यासको विश्लेषण

## ४.१ उपन्यासका तत्त्वहरू

उपन्यास आख्यानविधा भएकोले यसका आफ्नै मौलिक र पृथक तत्त्वहरू रहेका हुन्छन् । यी तत्त्वहरूले नै उपन्यासको विधागत चिनारी दिएका हुन्छन् । उपन्यास विधाका उपकरणका बारेमा विद्वान बीच एउटै मत पाइँदैन । त्यस्ता प्रमुख तत्त्वका हकमा उपन्यासको रचनाशिल्पलाई विश्लेषण गरेर निर्क्यौल गर्न कठिन छ । यस्ता पक्षहरूमा केलाई चाँहि लिन सकिन्छ भने उपन्यसका जीवन, परिवेश र सिङ्गो दैनन्दिनी र त्यस जीवनका अन्तरपक्षहरूसमेत अवभासित भएका हुन्छन् भनेर सुवेदीले (२०५३ : १२) भनेका छन् । उपन्यासका तत्त्वहरूका काम सौन्दर्य प्रदान गर्नु हो । उपन्यासको संरचनाका गठनमा कुनै तत्त्वलाई मूल र कुनै तत्त्वलाई गौण तत्त्वका रूपमा परिभाषित गरेको पाइएको छ । उपन्यासका तत्त्वहरूमा पहिले देखि नै लिइने गरेका तत्त्वहरूमा हिजो आज नवीन पद्धतिको पनि प्रयोग गरिएको पाइन्छ भनेर बराल र एटम (२०५८ :२२) ले भनेका छन् ।

यस शोधपत्रमा उपन्यासको विश्लेषणका लागि बराल र एटम (२०५८ : २२) ले प्रस्तुत गरेका औपन्यासिक तत्त्वहरूलाई लिई विश्लेषण गरिएको छ र ती तत्त्वहरू -कथानक, चरित्र, पर्यावरण, दृष्टिविन्दु, सारवस्तु, भाषा र प्रतीक र विम्व रहेका छन् ।

### ४.१.१ कथानक

कथानक उपन्यासको आधारवस्तु हो, जसको निर्माण सामान्य वा जटिल घटनाहरूको संयोजनबाट हुन्छ । अर्को शब्दमा भन्ने हो भने घटनाहरूलाई एक अर्कोसित उनेर सम्बन्ध जोड्ने र सुसंगठितता प्रदान गर्ने काम कथानकले गर्छ । “यसलाई कार्य-कारणहरूको तारतम्यपूर्ण सूत्रवद्धस्वरूप अथवा घटनाहरूको संगठन भन्न सकिन्छ, जसको जम्माजम्मीमा

उपन्यासको आकृति खडा हुन्छ (प्रधान, २०६१:७)।" कथानकमा तर्क, बुद्धि, कल्पना जस्ता साधनहरूको प्रयोग गरी घटनाहरूको लामो साङ्गली प्रस्तुत भएको हुन्छ। यसको प्रस्तुति किन र केका लागि भन्ने प्रश्नको उत्तरसँग सम्बन्धित रहेकाले यसको सम्बन्ध, उद्देश्य र विचारसँग पनि घनिष्ट रूपले गाँसिएको हुन्छ। यसर्थ कथानक उपन्यासको मूल ढाँचा निर्माणको त्यस्तो आधारभूत तत्त्व हो, जुन कार्यकारण श्रृङ्खलाका घटनाहरू व्यवस्थित र योजनाबद्ध तरिकाले जोडिएर रहेको हुन्छ।

कथानकलाई नयाँ मोड प्रदान गर्न वा नयाँ सुत्रमा बाँध्नका लागि कतै पूर्वदीप्ति र कतै पूर्वसङ्केतको प्रयोग पनि गरिएको हुन्छ। पूर्वदीप्तिको माध्यमबाट वितेका घटनाहरूलाई मूलकथानकसँग जोड्ने काम गरिन्छ भने पूर्वसङ्केतका माध्यमबाट भविष्यका गर्भमा रहेका घटनाहरूको आभास अगाडि नै दिइएको हुन्छ।

कथानक उपन्यासको कार्यव्यापारसँग सम्बद्ध तत्त्व हो। यो घटनाक्रमहरूको निरन्तर अन्वितिका साथ चरित्र, उद्देश्य र उपन्यासको कथासँग तारतम्य मिलाउने तत्त्वका रूपमा प्रयोग हुन्छ। प्रस्तुत विवेच्य कृति सोही किसिमको कथानक अन्वितिहरूको प्रयोग भएको छ। यहाँ हाइनरिखको नेपाल आगमनसँगै उपन्यासको प्रारम्भ भएको छ। यसपछिका घटनाहरूमा उसको विगतका कलेजका जीवनकी सहपाठी लक्ष्मी शाह भेट्ने उत्कण्ठा हुन्छ तर यस चाहनालाई उसले पूरा गराउन सक्दैन। उपन्यासलाई अगाडि बढाउने अर्को घटनाक्रममा होटलमा रेमण्ड राणासँग हाइनरिखको भेट हो। यस भेटले उपन्यासलाई एक मोडबाट अर्को मोडमा पुऱ्याइएको मात्र छैन पात्र समेतको सोही गति भएको छ। हाइनरिख, रेमण्ड र चम्पकको सम्पर्कमा आएको छ भने इलेनसँग घनिष्ठता बढेको छ। कथानकको यो चरमअवस्थाबाट ह्रासोन्मुख अवस्थातर्फ झरेको पाइन्छ। यस मोडमा आउँदा कृष्णराजा पात्रको उपस्थितिले घटनालाई नयाँ बाटोतर्फ डोऱ्याएको छ र हाइनरिख चम्पकको पकडबाट फुत्केर ग्रामीण भेगमा पुगेको छ। अन्तमा उसकी बहुप्रतीक्षिता लक्ष्मीसँग अस्पतालमा भेट भएपछि नसोचेको अवस्थामा कथानकको समाप्ति हुन्छ। यसरी विभिन्न किसिमका घटनाहरूको तारतम्य सिलेवर प्रस्तुति लिएर प्रस्तुत उपन्यासको कथानक अगाडि बढेको छ।

#### ४.१.१.१ **कथानकको स्रोत**

उपन्यासकारले कथानक निर्माण गर्न लिएको आख्यानात्मक आधार नै कथानकको स्रोत हो। उपन्यासकारले आफूले प्राप्त गरेको स्रोतले कलात्मक चेतनाले भरी कथानकको सिर्जना गर्दछ भनेर बराल र एटम (२०५८ : २५) ले उल्लेख गरेका छन्। सामान्यतः कथानकका पाँच

किसिमका स्रोत पाइएका छन् र ती इतिहास, यथार्थ, मिथक, रागभाव र स्वैरकल्पना रहेका छन् ।

**सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासमा घटनालाई यथार्थपरक ढङ्गले प्रस्तुत गरिएको छ । यस उपन्यासका चरित्रहरू हाम्रा सामाजिक जीवनका चरित्रसँग मेल खाने खालका छन् । हाइनरिख, लक्ष्मी र इलेनले भोगेका घटनाहरू हाम्रा सामाजिक जीवनका घटनाहरू हुन् । रेमण्ड र चम्पक हाम्रा सामाजिक जीवनमा पाइने चरित्रहरू हुन् । त्यसकारण **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासमा पाइने कथानकको स्रोत यथार्थ हो ।

### ४.१.१.२ **कथानकको ढाँचा**

कुनै पनि परम्परागत शैलीमा लेखिएका उपन्यासमा आदि, मध्य र अन्त्यको योजनावद्ध ढाँचा रहेको हुन्छ । यो आदि, मध्य र अन्त्यको क्रमिक श्रृङ्खलामा उपन्यासका घटना र कार्यव्यापारलाई मिलाएर राख्नु नै कथानक ढाँचा मानिन्छ ।

उपन्यासमा कथानकको ढाँचा भन्नाले प्रस्तुत गरिएको तरिका भन्ने बुझिन्छ । कथानकका मुल दुई ढाँचाहरू चल्तीमा रहेका छन् । तिनीहरू रैखिक ढाँचा र वृत्ताकारीय ढाँचा रहेका छन् ।

रैखिक ढाँचा भएको कथानक सरसर्ती अगाडि बढ्छ । कथानकमा कुनै घुमाउरोपन हुँदैन । सिधा सरल रेखामा अगाडि बढी उपसंहारमा पुग्ने कथानकलाई रैखिक ढाँचा भएको कथानक भनिन्छ ।


वृत्ताकारीय ढाँचा भएको कथानक भनेको पूर्वदीप्ति शैलीको प्रसस्त प्रयोग गरिएका घटनाहरू रहेको कथानक हो । कथानकको सहज आङ्गिक विकास नभएको, वक्र रेखामा अगाडि बढेको, सुरुवातमा कथानकको अन्त्यको प्रसङ्ग जोडिएको कथानक वृत्ताकारीय ढाँचामा हुन्छ ।

यसरी हेर्दा सागर उर्लन्छ सगरमाथा छुन उपन्यासमा कथानक बर्तुलित ढाँचामा तयार गरिएको शैलीगत सरलताबाट क्रमिक रूपमा जटिलतातिर अभिमुख हुन पुगेको छ । यहुदी मूलको अमेरिकी नागरिक हाइनरिखको कथालाई टिपेर पूर्वदीप्ति र तत्कालीन दीप्तिका प्रस्तुतिमा पूर्वापार सम्बन्धको स्थिति निरूपण गर्दै कथाको गति अघि बढेको छ । कथानकको गति अघि बढ्ने क्रममा कहिले हाइनरिखको पूर्वदीप्ति प्रणाली, कहिले इलेनसँगको सामीप्यता त कहिले चम्पकको कडा निगरानी हुँदै विभिन्न मोडहरू पार गरेर अघि बढेको छ । उपन्यासलाई समाप्त पार्नका लागि उपयुर्क्त घटनाहरू हाइनरिखले राणाको महल छोड्नु, देशमा आन्दोलन व्याप्त रहनु, गुण्डाहरूले हाइनरिखलाई पिटेर मरणासन्न अवस्थामा पार्नु र उपचारार्थ शिक्षण

अस्पतालमा ल्याइँदा लक्ष्मीसँगको भेट भएर कथानकको समाप्ति हुनुजस्ता महत्त्वपूर्ण घटनाले एक पछि अर्को गर्दै कथानकको गतिलाई अघि बढाएको छ ।

### ४.१.१.३ **कथानकको विकास**

कथानकको विकास उपन्यासको आङ्गिक विकाससँग सम्बन्धित छ । कथानकको आदि, मध्य, र अन्त्य गरी तीन अङ्गहरू हुन्छन् । यही आदि, मध्य, अन्त्य भागले कथानकलाई पूर्ण बनाउँदछ । कथानकको आङ्गिक विकासको चर्चा गर्दा जर्मनेली समालोचक फ्रेटागको पिरामिडलाई यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ । फ्रेटागको पिरामिड अनुसार कथानकका अङ्गहरू माथिबाट तलतिर फुक्दै गएको आकारमा संयोजित भएका हुन्छन् । कथानकको आदि, मध्य र अन्त्य भागमा आरम्भ, सङ्घर्षविकास, चरम, सङ्घर्षह्रास र उपसंहार जस्तो पाँच तत्त्वहरू रहेका हुन्छन् । यिनीहरूलाई उपन्यासका आधारमा विश्लेषण पनि गरिन्छ । उपर्युक्त तत्त्वहरूलाई फ्रेटागको पिरामिडमा राखेर यसरी हेर्न पनि सकिन्छ :-




**सङ्केत**

(१) आरम्भ

(२) सङ्घर्षविकास

(३) चरम

(४) सङ्घर्षह्रास

(५) उपसंहार

फ्रेटागको पिरामिड (बराल र एटम, २०५८: २४)

यहाँ यिनै तत्त्वका आधारमा **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासको अध्ययन गरिएको छ ।

### १. **आरम्भ**

कथानकको यस अवस्थामा उपन्यासका पात्रका बारेमा परिचय दिइन्छ । यसै गरी यस भागमा भविष्यमा घट्ने घटनाहरूको सङ्केत समेत पाइन्छ । उपन्यासको प्रारम्भिक भाग बीजाङ्कुरणको भाग हो । रमेश विकलको **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासमा हाइनरिखको नेपाल आगमनबाट आरम्भ हुन्छ । अमेरिकाको भौतिकवादी सभ्यतामा जन्मेको तर त्यस

सभ्यतामा रमाउन नसकेको र अध्यात्मक मूलको प्राकृतिक छटाले भरिपूर्ण मुलुक नेपालमा आफ्नो बाँकी जीवन समर्पण गर्न आएको हाइनरिख एयरपोर्टमा आफ्ना सामान जाँचपास भएर आइनपुग्दा एक्लै होटल फर्कन बाध्य हुन्छ। पूर्वदीप्ति प्रणाली रहेको यस उपन्यासमा हाइनरिखले अब आफू अमेरिकाको विद्यार्थी जीवनमा रहँदा त्यहाँ सँगै पढ्न पुगेकी नेपाली समाजकी उच्च कुलीन छात्रा लक्ष्मी शाहको स्मरण गर्न पुग्छ, जसले उसलाई नेपाल सम्बन्धी अनेक महिमा गान प्रस्तुत गरेर एउटा विदेशीको आँखा सामु नेपालको छवि छर्लङ्गयाएकी थिई। लक्ष्मीलाई भेटेर प्राकृतिक दृश्यावलोकन गर्ने हाइनरिखको अभीष्टपूर्ण हुन पाएन किनकि उसँग लक्ष्मीको कुनै ठेगाना थिएन। होटलमा रहँदाको समयमा रेमण्ड शमशेरसँग परिचित हुने अवसर पाउँदा हाइनरिखलाई लक्ष्मी सामू पुगुँला भन्ने आश लागेको थियो तर रेमण्डले विस्तारै हाइनरिखलाई आफ्नो पासोमा पार्दै जान्छ। उसले विविध किसिमको विशेषता बोकेको नेपालको बारेमा अनेक किसिमका प्रसङ्गहरू हाइनरिख सामु व्यक्त गर्दछ। कहीँ कतैबाट पनि लक्ष्मीको बारेमा थाहा नभएर पछि रत्नपार्क पुगेको हाइनरिख सानुभाइ नेपालीसँग बोल्न पुग्छ, जसले उसलाई सडकका मगन्ते केटाहरूबाट पैसा माग्दा जोगाएको थियो। पछि स्वयम् रक्षक सानुभाइ नेपालीले नै हाइनरिखको पैसाको व्याग थाहा नपाई झिक्छ। एउटी मिरा नामकी वेश्या उसको कोठामा आउँछे तर पनि ऊ विचलित हुँदैन। त्यस्तै एकदिन पासपोर्टमा म्याद सकिएको भन्दै हाइनरिखलाई पुलिसले थानामा थुन्छ। त्यो खबर रेमण्डले थाहा पाउँछ र आफ्नो दाजु चम्पक राणा सामु त्यो विदेशी युवकको रिहाइ गरी आफू धन्यवादको पात्र बन्ने विचार प्रकट गर्छ। यस्तो कार्यले यस उपन्यासलाई निश्चित कारणतर्फ उन्मुख गराएका हुन्छन्। यसलाई कथानक विकासको आरम्भ भाग मानिन्छ।

## २. सङ्घर्ष विकास

कथानकको यस अवस्थामा उपन्यासमा जटिल परिस्थिति उत्पन्न हुन थाल्दछ। पात्रमा आपसी द्वन्द्व र क्रियाको सूत्र विकास भई द्वन्द्व र क्रियाले थप प्रतिक्रिया जन्माउँदै जान्छन्। ( बराल एटम २०५८ : २४)। कथानकको यस भागमा थप कुतुहलताको सिर्जना हुन्छ। सङ्घर्ष विकासको स्थिति हेर्दा उपन्यासमा हाइनरिख जेल पर्दा देखि नै रेमण्डले आफ्ना दाजु चम्पकलाई अनेक कुरा सुनाएर हाइनरिखलाई छुटाउने चेष्टा गर्छ, जसबाट उनीहरू उसलाई कृपाको पात्र बनाउन चाहन्छन् र बनाउँछन पनि। हाइनरिखको चाहनालाई रेमण्डको आग्रहमा चम्पकले आफ्नै घरमा बस्न दिएर पूर्ण गराइदिन्छ। पैसा तिरेर चम्पकको घरमा बस्न थालेको हाइनरिख र चम्पककी छोरी इलेनबीचमा घनिष्ठता बढ्दै जान्छ। दुबैको स्वभाव एकै रहेको हुन्छ। कता

कता हाइनरिखलाई रेमण्ड र चम्पकको गोप्य व्यापारदेखि शङ्का उत्पन्न हुन्छ। तथापि आफ्ना आश्रयदाता सम्झेर चम्पकसँग ऊ केही हच्कन पुग्छ भने रेमण्ड भने मध्यस्थकर्ताका रूपमा हुन्छ। एकदिन भोजमा एउटा नवयुवक आएर उपस्थित पाहुना सामु रेमण्ड र चम्पकको बेइज्जत गरेर हिँड्छ, ऊ कृष्णराजा हुन्छ, चम्पकको ल्याइते तर्फको छोरो। उनीहरूले उसलाई तिरस्कार गरेर सम्बोधन गरेबाट पनि उनीहरू बीचको सम्बन्ध हाइनरिखले अनुमान गर्न पुग्छ। त्यसैगरी भोजमा भेला भएका पाहुना सामुमा चम्पकले आफूलाई व्यापारको हिस्सेदार भनी परिचय गराइदिनु र व्यापारको मेडिकल विभागको प्रमुख इन्चार्जका रूपमा खटाएर हाइनरिखको सामान्य आम्दानी मिलाईदिनुबाट ऊ झन् ऋणी बन्छ तर चम्पकको आफूलाई यतिका सहयोग गर्नुमा कुनै कालो करतूत होला भन्ने अनुमान गर्दछ। यहाँबाट हाइनरिखको मनमा द्वन्द्वात्मक अवस्था शुरु हुन्छ।

३. **चरम**

कथानकको यस अवस्थामा उपन्यासमा उत्पन्न हुने समस्याले पराकाष्ठ रूप लिएको हुन्छ। आपसी द्वन्द्व चर्कदै गएर समस्यामा वार कि पार हुने अवस्थामा पुग्नु नै कथानकको चरम अवस्था हो सङ्कटको चरमावस्था कथानकको विकासको विन्दु हो। यस अवस्थामा रहेर सागर उर्लन्छ सगरमाथा छुन उपन्यासको विश्लेषण गर्दा चम्पकको मेडिकल विभागमा इन्चार्जका रूपमा रहेको हाइनरिख आफू कुनै दिन चम्पक र रेमण्डको कालो करतूतमा पर्न सक्ने अनुमान गर्छ। उसको इलेनसँग पनि घनिष्ठता बढ्दै जान्छ। आफ्नै छोरी भएर पनि इलेन आफ्ना बाबुको व्यापारको विरोध गर्छे। उता कृष्णराजले आफ्नो पक्षमा केही युवाहरूलाई लिएर सङ्गठन विस्तार गरी चम्पकको लागू औषध र मूर्ति वेचविखन व्यापारलाई तहसनहस पार्ने योजनामा हुन्छ। ऊ एउटा देशभक्तिको चेतना भएको व्यक्ति भएकाले इलेनले उसको आदर गर्छे। चम्पकको मेडिकल विभागमा काम गर्न आइपुगेको हाइनरिख त्यस परिवारप्रति असन्तुष्ट बन्छ। उसले चम्पक र रेमण्डले आफूलाई व्यापारमा प्रयोग गरेको वास्तविकता थाहा पाउँछ। उसले इलेनसँग त्यहाँ बस्न नसक्ने कुरा बताउँछ र कृष्णराजासँग भेट गराउन आग्रह गर्छ। हाइनरिख र इलेन दुबै कृष्णराजाको खोजमा निस्कन्छन् तर उनीहरू असफल हुन्छन्। बेलुका घर ढिलो फर्केकाले चम्पकले इलेनको सातो लिन्छ, हाइनरिख चुप रहन्छ। चम्पकको योजना आफ्नी सुन्दरी छोरीको विवाह राजखान्दानको शाहसँग गरिदिने र २००७ सालदेखि गुमेको सत्ता प्राप्ति गर्ने रहेको हुन्छ तर इलेन यस कुरामा मौन रहन्छे। चम्पक र रेमण्डले आफ्नो लागू औषध र मूर्ति बेचबिखनको व्यापार सम्पूर्ण युवावर्गलाई परिचालित गराएर

देशव्यापी रूपमा गर्ने निधो गर्छ । उनीहरूले हाइनरिख एउटा गोरो छाला भएको नाताले उसको सहायताद्वारा विदेशी स्थलसम्म आफ्नो सुरक्षित अवतरण चाहेका हुन्छन् तर हाइनरिख उनीहरूको विपरीत विचार धाराको निस्कन्छ । ऊ इलेनसँग आफू त्यहाँ बस्न नसक्ने कुरा गर्छ । इलेनको सल्लाहअनुसार एक दिन न्युरोड गएको समयमा कृष्णराजाको साथी भेटिएकाले उसको पिछा गर्दै कृष्णराजाको डेरासम्म पुग्छ । कृष्णराजालाई आफू चम्पकको जालबाट उम्कन चाहेको कुरा व्यक्त गर्छ । सुरुमा कृष्णराजाले विश्वास नगरे पनि ऊ विश्वास दिलाउन सफल हुन्छ । हाइनरिखले आफू चम्पकको जालबाट उम्कन चाहने तर विदेश पनि फर्कन नचाहने कुरा व्यक्त गर्छ र आफूलाई  कुनै उपायले नेपालको कुनै एकान्त स्थलमा पठाइदिन अनुरोध गर्छ । उसको अनुरोधलाई विचार गरेर कृष्णराजाले उसलाई पश्चिम नेपालको एउटा सुन्दर गाउँको स्वास्थ्य केन्द्रमा डाक्टर भएर जान सल्लाह दिन्छ ।

### ४. सङ्घर्षह्रास

यो अवस्था कथानकको द्वन्द्वमा शिथिलता आइसकेको अवस्था हो । यसमा आपसी द्वन्द्व, मनोमालिन्य, घातप्रतिघात आदिबाट कथानक पुगेको हुन्छ । सामान्यत : यस अवस्थामा आइपुग्दा ऊ सत्यको पक्ष कमजोर हुँदै गएको पाइन्छ (बराल र एटम २०५३ : २४) । कथानकको गति अघि बढ्ने क्रममा हाइनरिख चम्पकको जालबाट छुटेर पश्चिम नेपालको एक जिल्ला सदमुकामका लागि काठमाडौँबाट बस चढ्छ र मुक्तिको सास फेर्छ । थोत्रो बसमा रातभरको यात्रापछि भोलिपल्ट विहान एउटा सानो सुन्दर उपत्यकामा पुगेर रोकिन्छ । त्यहाँबाट पनि विकट पहाडी क्षेत्रको यात्रा पछि पाचौं दिनमा मात्र ऊ आफ्नो गन्तव्यमा पुग्ने हुन्छ । यात्राकै दौरानमा एक रात एउटा गाउँमा लक्ष्मी थकाल्नीको सानो ग्रामीण होटलमा बास बस्न पुग्छ , उसले लक्ष्मी थकाल्नी र लक्ष्मी शाहका बीचमा समानता खोज्छ । लक्ष्मी थकाल्नीले आफूलाई भरमग्दुर सहयोग गरेकीले ऊ प्रति आभारी प्रकट गर्दै आफ्नो गाँस बासको मूल्य तिरेर भोलिपल्ट ऊ आफ्नो गन्तव्यतर्फ अघि बढ्छ । बाटामा अनेक किसिमका रमणीय दृश्यहरू मनभित्र अगाल्दै, बाटामा भेटिएका मानिससँग कुराकानी गर्दै ऊ अघि बढ्छ र आफ्नो गन्तव्यमा पुग्छ । त्यस क्षेत्रमा जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालत अनि एउटा दस शैय्याको सानो स्वास्थ्य केन्द्र पनि हुन्छ । यसै केन्द्रका लागि कृष्णराजाको सिफारिसी चिठी लिएर हाइनरिख डाक्टरको हैसियतले आएको थियो । त्यस केन्द्रका मुख्य डाक्टर पनि कृष्णराजाको विचारका समर्थक थिए । उनले हाइनरिखलाई त्यस केन्द्रको डाक्टरका रूपमा स्वागत गरे । हाइनरिख त्यस गाउँको स्वास्थ्य केन्द्रमा सेवारत भैरहेको समयमा देशभर

आन्दोलन व्याप्त थियो । देशमा कहिले राणा शासनले त कहिले पञ्चायती शासनले शक्तिका आडमा शासन जमाइरहेका थिए । आम नागरिकहरूले पाउनसम्म दुःख पाएका थिए । देशको त्यस्तो मौका छोपेर तस्कर, भ्रष्टाचारीहरू सलवलाउन थाले । उता प्रतिबन्धित राजनीतिक पार्टी, जनता र बुद्धिजीवीहरू एक भएर अन्याय, अत्याचार, लुट र निरङ्कुशताका विरुद्ध आन्दोलित भए । आन्दोलनको लहर के गाउँ के सहर सबैतिर व्याप्त भयो । सम्पूर्ण पञ्चायती शासकका विरुद्ध सोझा साझा जनताहरू उग्र रूप लिएर क्रोधित भएका थिए । जनलहरको त्यो आन्दोलन दबाउन सरकार र स्थानीयस्तर लागेका थिए । उनीहरूले त्यसलाई जति सक्यो चाँडो दबाउने प्रयास गरे । त्यसको असर त्यस सदरमुकाममा पनि पऱ्यो । प्रमुख जिल्ला अधिकारीले त्यस आन्दोलनलाई दवाउने प्रयासमा गुण्डाहरू परिचालन गरेर सम्पूर्ण शक्ति टिकाएका थिए । हाइनरिखले गाउँलेको जीवनस्तर उकास्ने सम्बन्धी चेतनामूलक कार्यक्रम गरेको पनि त्यहाँ कसैलाई मन परेको थिएन । त्यसैले प्रधानपञ्चले हाइनरिखलाई गाउँमा डाक्टरीको सट्टा राजनीति गरेको अभियोग लगायो तर हाइनरिख, डा. कोमल र नर्सहरू चेतना, कमला, र मीराहरूको संयुक्त टोली आन्दोलनका घाइतेको उपचारमा तल्लीन रहन्छन् । त्यसैगरी एकदिन उपचारकै समयमा प्र.जि.अ. लगायत प्रधानका गुण्डाहरू आएर हाइनरिखलाई राजनीति गरेको अभियोगमा धम्की दिएर जान्छन् । हाइनरिखले गाउँका शिक्षकसँग मिलेर बाटो, धारा र घर आँगन सफा गर्ने अभियान चलाउनुलाई उनीहरू राजनीति ठान्दछन् । उता आन्दोलन चर्किरहेकै हुन्छ । कैयौंले सहादत प्राप्त गर्छन्, कयौं घाइते हुन्छन् । हाइरिख र चेतना आफ्नो उपचार कार्यमा हुन्छन् । बेलुकीपख उपचारपछि उनीहरू अस्पतालकै छेउको जङ्गलको डिलमा जान्छन् । हाइनरिखले घुम्दै अलिपर जाऊँभन्दा चेतनाले नमानेपछि ऊ एक्लै तल जङ्गलतिर जान्छ, चेतना हेरिरहन्छे । केहीवेर पछि ऊ गएको दिशातिरबाट दुईवटा जीपको आवाज आउँछ र चित्कारको आवाज पनि आउँछ । हाइनरिखलाई केही भयो भन्दै ऊ त्यसतर्फ दौडदै जान्छे तर त्यहाँ केही पनि भेटिँदैन ।

## ५. उपसंहार

उपसंहार कथानकको निचोडको अवस्था हो । यस अवस्थामा द्वन्द्वहरूले निश्चित समाधान पाइसकेका हुन्छन् र उपन्यासले आफ्नो ठोस आकार ग्रहण गरिसकेको हुन्छ । उपन्यासको सारवस्तु स्पष्ट भइसकेको हुनाले उपसंहार अवस्थामा आइपुग्दा आरम्भमा देखिएका समस्याहरू समाप्त हुन्छन् । यहाँसम्म आईपुग्दा उपन्यासले पनि विश्राम लिने समय हुन्छ । हायनरिखको जस्तो लाग्ने चित्कारको आवाज आएको ठाउँतिर गएर हेर्दा त्यहाँ केही थिएन मात्र

गाडीले उडाएको धुलो थियो। सबैले हाइनरिखको प्रतिक्षा गर्दा पनि त्यस रात ऊ आउँदैन। एकातिर गाडीको आवाज अर्कोतिर हाइनरिखको चित्कार पक्कै पनि प्र.जि.अ. र प्रधानका मण्डले गुण्डाहरूले उसलाई अपहरण गरेर लगेको आशंका सबैले गरे। हाइनरिखको जीवन भन्दा मरणको आशंका गरियो। भोलिपल्ट झिसमिसमा दलवीर कामीबाट हाइनरिखको अर्धमृत शरीर जङ्गलको तल रुखमा अड्किरहेको जानकारी पाए। टाउकामा गहिरो चोट लागेको डाक्टर हाइनरिखलाई काठमाडौंमा लगेर उपचार गराएमा निको हुने अनुमान गरिन्छ। हाइनरिखको उपचार सम्भव टिचिङमा मात्र हुने भएकाले सि.डि.ओ. लाई अनुरोध गर्दा समेत उसले काठमाडौँबाट हेलिकप्टर चार्टर गराएन तर स्थानीय रेडक्रस र व्यापक जनदबाबको कारणले काठमाडौँबाट तत्काल हेलिकप्टर चार्टर गरी उसलाई काठमाडौं टिचिङ अस्पताल पुऱ्याइन्छ। बल्लतल्ल आँखा खोलेर हेर्दा उसले आफ्नो छेउमा नर्स चेतनालाई पाउँछ। त्यहाँ उसको होस पाँच दिन पछाडि मात्र खुलेको हुन्छ र अगाडि घटेको घटना स्मरण गर्दा तिनै मण्डले गुण्डाहरूका दलालले उसलाई हतियार प्रहार गरेर मरेको भन्दै फ्यालेका हुन्छन्। हाइनरिखले सपनामा धेरै पटक लक्ष्मीलाई कहिले सगरमाथाको चुचुरोमा त कहिले समुन्द्रको छालसँगै तैरिदै गरेकी देखेको हुन्छ तर कहिल्यै भेट्न सफल भएको हुँदैन। आज पनि भर्खर सगरमाथाको चुचुरोमा लक्ष्मी थिई। उसले हात बढायो तर पनि भेट्न सकेन, ऊ आकाश तर्फ उडी। उसका अगाडि वास्तविक जीवनमा उपचारार्थ खटिएका दुई पुरुष डाक्टर र एक महिला डाक्टर जसले उसको नाडी समाएकी थिई, उही नै लक्ष्मी शाह हुन्छे, उसको आज सम्मकी चिर प्रतीक्षिता लक्ष्मी शाह। सागरको छालझैं उर्लदो उल्लासपूर्ण स्वरमा उसले आफ्नी इस्ट-वेस्ट सेन्टर कलेज जीवनकी लक्ष्मी शाहलाई पुकार्छ तर पनि लक्ष्मीले भने अनुहारमा कतै परिचयको कुनै लक्षणसम्म पनि ल्याइन्। उसको अनुहारमा कुनै उत्साह र खुशीको भाव थिएन। हाइनरिखले चिनेको भएता पनि उसले अपरिचित ठानी। हाइनरिखले "लक्ष्मी तिमी मेरी लक्ष्मी हौ, म हाइनरिख, तिमी इस्ट-वेस्टकी साथी" भन्दा उसले, 'प्लीज' डाक्टर यो पेसेन्टको विशेष ख्याल गर्नु, उत्तेजना यसको लागि घातक हुन्छ" भनि आदेश दिएर बाहिर निस्कन्छे। आफू माथिको अपमान साथै पाएको पीडाबोधले गर्दा ऊ व्याकुल बनेर बालक सरह रुन थाल्छ, चेतनाको काखमा। चेतना उसलाई सम्झाउँछे, ''यो त यहाँका अभिजात वर्गका मानिसको व्यवहार हो, आफ्नो कार्य सिद्धि भए पछि उसले अब तपाईँलाई चिनिँन, उसले हामी जस्ता साधारण हैसियतका मानिससँग सम्बन्ध देखाउन उसको हैसियतले मान्दैन।" यस्तै यस्तै तवरले सम्झाउँछे तर हाइनरिख धोका, अपमानको पीडाले रोइरहन्छ। यसरी टुक्रेको हाइनरिखको मुटुलाई मलमपट्टि लगाउने, भावनात्मक मायाको सारथी बनी जीवनको गोरेटोमा डोऱ्याउने,

लक्ष्मीको उचाइमा नपुगेपनि फुटेको सपनालाई जोड्ने प्रण चेतनाबाट हुन्छ र हाइनरिखमा खुसी, प्रेम भरिदिन्छे। ऊ प्रफुल्लित भएर रमाउँछ। यसरी सागर देशको एउटा व्यक्ति सगरमाथाको देशतर्फ आकर्षित हुनुमा त्यस देशको माया, मोह, प्राकृतिक सुन्दरता, विविध सांस्कृतिक परिवेश, साथै अमीट भावनात्मक स्पन्दन रहेको देखाइएर कथाको बिसर्जन गरिएको छ।

यसरी कथानकको विकासमा पाँच चरणहरूको आरोहण गर्दा सागर उर्लन्छ सागरमाथा छुन उपन्यासका घटनाहरू एक पछि अर्को गर्दै कथानकको बुनोटमा गाँसिएका छन्। एउटी युवतीले आफ्नो मातृभूमिप्रति गरेको प्रशंसामय वर्णनबाट प्रभावित भएर त्यस देशमा गएर आफ्नो जीवन समर्पण गर्न चाहने हाइनरिखलाई केन्द्रबिन्दु बनाएर कथानक सङ्घर्षविकास, चरम, सङ्घर्ष ह्रास र उपसंहार हुन पुग्छ।

### ४.१.२ **चरित्र**

चरित्र उपन्यासका उपकरण मध्ये प्रमुख तत्त्व मानिन्छ। चरित्रलाई कतै पात्र र कतै क्रियाकलाप कार्यव्यापार आदिका नामबाट पनि चिनाउने प्रयास गरिन्छ। “मानव जीवनको व्यापक भाष्य उतार्ने तत्त्व नै चरित्र हो (सुवेदी, २०५३ : १७)। उपन्यासमा चरित्रले कथानकको समग्रतालाई प्रस्तुत गर्ने र फेरबदल गर्ने गर्दछन्। उपन्यासकारले आफ्नो विचार वा जीवनको दृष्टिकोण चरित्रमार्फत नै व्यक्त गर्दछ। इतिहास र समाज, प्रान्त र देशान्तर, प्रवृत्ति र पुस्ता, जाति र सभ्यता परिस्थितिअनुसार चरित्रकै माध्यमबाट प्रकट हुने गर्दछन्। “पात्र चरित्रको ज्ञानलाई चित्रणको संज्ञा दिन सकिन्छ, जसको सहायताले उपन्यासमा उनीहरूका जातीय विशेषताहरू, मानवीय शाश्वत सत्यहरू र व्यक्तिका प्रवृत्तिगत वैचित्र्यहरू उद्घाटित हुन्छन् ( प्रधान, २०६१: ८)।” उपन्यासका चरित्र जीवनका घात प्रतिघातहरूलाई बुझ्न सक्ने जीवन्त हुनुपर्दछ। यसैगरी चरित्रहरू पर्यावरण सुहाउँदा हुनु आवश्यक छ अन्यथा उपन्यास अस्वाभाविक बन्न पुग्दछ। आधुनिक उपन्यासहरू चरित्रकेन्द्री हुँदै गएका छन्। उपन्यास चरित्रकेन्द्री हुँदा चरित्रको संसार अझ बिस्तार भएको पाइएको छ। यसरी चरित्रले व्यक्त हुने बृहत सत्य र उद्देश्यको परिपुष्टि गर्ने भएकाले यसको अध्ययन उपन्यासकै सिद्धिका लागि भएको छ।

### ४.१.२.१ **चरित्रचित्रण**

"सामाजिक, वैयक्तिक वा मानवीय आधारमा उनीहरूका वैविध्यको र विविधताभित्रै एकताको अध्ययन गर्नु उपन्यासमा चरित्र चित्रणको लक्ष्य हो (प्रधान; २०६१:८)। "चरित्र चित्रण चरित्रको विकास, व्यवहार, आरोह, अवरोहको क्रियाकलाप प्रस्तुत गर्ने माध्यम हो। सफल उपन्यास हुनुका लागि उपयुक्त चरित्रको निर्माण गर्नु जति आवश्यक छ, ती चरित्रहरूलाई उपयुक्त चित्रण गर्नु त्यति नै आवश्यक छ। उपन्यासमा साधारणतया प्रत्यक्ष वा वर्णनात्मक र अप्रत्यक्ष वा नाटकीय पद्धतिबाट चरित्रचित्रण गरिन्छ। चरित्र चित्रणको प्रत्यक्ष विधिमा उपन्यासकारले पात्र वा चरित्रका क्रियाकलापको बारेमा आफ्नो दृष्टिकोण राख्दछ।

### ४.१.२.२ **चरित्रको वर्गीकरण**

उपन्यासमा पात्र तथा तिनका प्रकारहरू बराबर चर्चामा आइराख्ने प्रसङ्गहरू हुन। उपन्यासमा पात्रहरूको महत्त्वलाइ निश्चित शब्दमार्फत व्यक्त गर्नु जटिल कार्य हो। त्यसैले पात्रको वर्गीकरणको अध्ययनले उपन्यासमा प्रस्तुत हुने विविध किसिमका पात्रहरूका सम्बन्धमा प्रष्ट हुन जाने भएकाले उपन्यासमा चरित्रको महत्त्वलाई समेत परिपुष्टि गर्न मद्दत पुग्दछ। पात्रको वर्गीकरणका बारेमा कुनै निश्चित र ठोस आधार कतै लिइएको पाइन्न। भिन्न भिन्न समालोचकहरूले पात्रको वर्गीकरण भिन्न भिन्न रूपले गरेको पाइन्छ। उपन्यासको काव्यशास्त्रको परम्परामा पात्रहरूको वर्गीकरण गर्दा गतिशील र स्थिर पात्र, गोला र च्याप्टा पात्र, प्रतिनिधि र व्यक्तिपरक पात्र, अन्तर्मुखी र बहिर्मुखी पात्र भनी वर्गीकरण गरिएको कुरा ऋषिराज बरालले जनाएका छन् (२०५६ : ३०-३१)। यिनै आधार लिई **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासका चरित्रको अध्ययन र विश्लेषण गरिएको छ।

#### (क) **गतिशील र स्थिर पात्र**

परिवर्तन हुने पात्र गतिशील पात्र हो। उपन्यासको आधन्तमा आफ्नो विचार र क्रियाकलापमा परिवर्तन नल्याउने पात्र स्थिर पात्र हो। गतिशील पात्रको चारित्रिक विकास हुन्छ तर स्थिर पात्रले आफ्नो चरित्रको यथास्थितिलाई कायम राख्दछ। **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासमा हायनरिख स्थिर पात्रका रूपमा आएको छ। हाइनरिख क्रिश्चियनको आक्रमणद्वारा लखेटिएको एउटा यहुदी हो। उसका मनमा क्रिश्चियनप्रतिको जुन आक्रोश छ तर पनि ऊ कतै व्यक्त गर्न सक्दैन् किनकि ऊ अन्तर्मुखी स्वभावको व्यक्ति हो। ऊ आफ्ना कलेजमा बिताएका

क्षणदेखि उपन्यासको समग्र घटना घटुन्जेलसम्म एउटै विचारमा अडिग छ । ऊ अमेरिकामा रहँदाजस्तो हुन्छ, नेपाल आएपछि पनि त्यस्तै नै रहन्छ । उसको विचारमा कुनै परिवर्तन आउँदैन् । त्यही स्थिर चरित्रको कारणले गर्दा होटलमा एक्लो निरीहजस्तो देखिन्छ भने आफ्नै कोठामा आएकी रात्रिकालीन सुन्दरी मीरासमेत निराश बनेर फर्कन बाध्य हुन्छे । साथै हाइनरिख स्वयम् चम्पक र रेमण्डसँग विचार नमिलेर भाग्दछ । त्यसकारण हाइनरिखलाई स्थिर चरित्रको पात्रका रूपमा लिन सकिन्छ ।

त्यसैगरी प्रमुख चरित्र मध्येकी एक लक्ष्मी अमेरिकामा विद्यार्थी जीवनमा हाइनरिखसँग रहँदा निःस्वार्थ भावकी थिई । उसलाई त्यहाँको स्थानीय संरक्षकको आवश्यकता परेको थियो । त्यसको अभाव पूर्ति हाइनरिखबाट हुने देखेकीले उसँग नजिक थिई । नेपाल आएपछि उच्च वर्गको सम्पर्कद्वारा शिक्षण अस्पतालमा डाक्टर भएपछि आफूलाई पृथक कुलीन र आभिजात्य वर्गको अहम्मा राख्न पुगेकी लक्ष्मीमा स्वार्थीपन बढेर आफ्नै मित्र पनि चिन्न कपट व्यवहार गरेकीले गतिशील चरित्रको पात्रका रूपमा लिन सकिन्छ ।

त्यसकारण हाइनरिखलाई स्थिर चरित्रको पात्र र लक्ष्मीलाई गतिशील चरित्रकी पात्रका रूपमा लिन सकिन्छ ।

**(ख) गोला र च्याप्टा पात्र**

पश्चिमी समालोचक ई.एम. फोस्टरको अवधारणा मानिने गोला र च्याप्टा पात्रको अवधारणा फरक छ । जीवनलाई जटिल रूपमा भोग्ने, चरित्रलाई परिवर्तन गराउने, विभिन्न गति र अवरोधको माध्यमबाट हुर्केको जीवन्त पात्र गोलो पात्र हो । यसैगरी निश्चित अवधारणामा अडेको वा एउटा मात्र गुण/विशेषता भएको पात्र च्याप्टो चरित्र भएको पात्र हो ।

यो कोणबाट हेर्दा उपन्यासमा हाइनरिख जन्मबाट नै विषमताहरू भोग्दै आएको पात्र हो । युवावस्थामा आएपछि समेत उसले कुनै पनि सुखका दिन पाएन । आफ्नो जन्मभूमि छाडेपछि दुःख पाएको हाइनरिखले अमेरिकी बसाइ क्रममा पनि उत्तिकै क्रिश्चियानिटीको र काला जातिको घोर अपमान सहनु पऱ्यो । झन् नेपाल आएपछि पनि उसले आर्थिक विपन्नता, भिसा सम्बन्धी समस्या, आश्रयस्थलको समस्या जस्ता समस्या भोग्नु पऱ्यो । साथै रेमण्ड र चम्पकजस्ता देशद्रोही कुतत्त्व व्यक्तिको फन्दामा परेर समेत उसको इमान्दारिता, धैर्यता र वैचारिकतामा आक्रमण भएको पाइएकोले उसलाई गोलो पात्रको रूपमा लिइन्छ ।

अर्कातिर नेपाल जस्तो गरिब देशको धनाढ्य कुलीन वर्गकी छोरी लक्ष्मी कुनै पनि अभावसँग नजुधेकी, जीवनका विसङ्गत पक्षहरू नदेखेकी पात्र भएकीले उसलाई च्याप्टो पात्र मानिन्छ ।

### (ग) अन्तर्मुखी र बहिर्मुखी पात्र

उपन्यसमा अन्तर्मुखी पात्रहरू सांसारिकतादेखि टाढा रहन चाहन्छन् । यी पात्रहरूले मनलाई नियन्त्रणमा लिन सक्छन् र एकान्तप्रिय हुन्छन् । यसैगरी बहिर्मुखी पात्रहरू सांसारिक रमभ्रूममा रम्न चाहन्छन् । मनको नियन्त्रण गर्न नसक्ने यी पात्रहरू बोलक्कड हुन्छन् ।

**सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासमा पनि विभिन्न स्वभावका पात्रहरू पाइन्छन् । हाइनरिख अमेरिकी भौतिकवादी संस्कृतिबाट वितृष्णा उत्पन्न भएर समुन्द्री किनारमा भौतारिने गर्छ । साथै त्यही शान्तिप्रतिको चाहनाले गर्दा उसले नेपाललाई आफ्नो गन्तव्य स्थल एवम् विश्राम स्थल बनाउँछ । नेपालमा आएर समेत एकान्त स्थल, प्राकृतिक रमणीय स्थल, साथै ग्रामीण भेगलाई आफ्नो कार्यस्थल बनाएको छ । ऊ मानिसको अनावश्यक जमघट मन नपराउने पात्र हो । त्यसैले उसलाई अन्तर्मुखी प्रवृत्तिको पात्र मानिन्छ ।

त्यसैगरी रेमण्ड र चम्पक खुल्ला स्वभावका रूपमा देखा पर्दछन् । उनीहरू कालो बजारी तस्करी भएकाले उनीहरूको सम्पर्क ठूला ठूला व्यापारीसँग बढ्छ । उनीहरू खुल्ला स्वभावका हुन्छन् । विना हिचकिचाहट चम्पकले आफ्नै छोरी इलेनको सुन्दरताको बयान गर्दै आशक्तिपना देखाउँछ साथै आफूले जीवनमा धेरै सुसारेहरू राखेर ती सबैलाई आफ्नो वासनाको सिकार बनाएको रहस्यात्मक कुरा मनलाई नियन्त्रण गर्न नसकी प्रकट गरेबाट चम्पकलाई बहिर्मुखी पात्र मानिन्छ ।

यसरी हाइनरिखलाई अन्तर्मुखी पात्र र रेमण्ड र चम्पकलाई बहिर्मुखी पात्रका रूपमा लिइन्छ ।

### (घ) यथार्थ र आदर्श पात्र

जीवन जगत जस्तो छ, त्यहाँका व्यक्तिको भोगाइजस्तो छ सोही किसिमका पात्रहरू औपन्यासिक जगत्मा उल्लेख पाइन्छ । उपन्यासको यथार्थ धरातलमा टेकी वास्तविक संसारको क्रियाकलाप निर्वाह गर्ने-गराउने यथार्थ पात्र हो । आर्दश पात्र भने नैतिक उद्देश्यलाई गूढ उद्देश्य बनाएको, उपन्यासको नैतिक शिक्षाको पक्षलाई पृष्ठपोषण गर्ने पात्र हो । नीतिमूलक

उपन्यासहरूमा आदर्श पात्र उपन्यासकारको मानसपुत्रको रूपमा आएको हुन्छ। त्यसकारण **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासमा लक्ष्मी शाहलाई यथार्थ पात्रका रूपमा लिइन्छ किनकि उसका हरेक क्रियाकलापहरू वास्तविकताको सामु देखिएको छ। अमेरिकी विद्यार्थी जीवनमा रहदाँ कुनै एक संरक्षकको आवश्यकता महसुस गरी र त्यस स्थानमा हाइनरिखलाई ग्रहण गरी साथै उपन्यासको अन्त्यमा अस्पतालमा हाइनरिख र लक्ष्मीको भेट हुँदासमेत आफ्नो अहमताले हाइनरिख सामु झुक्न चाहिन। त्यस समय हाइनरिख विरामी र लक्ष्मी डाक्टरका रूपमा थिए। अझ लक्ष्मीमा स्वार्थी प्रवृत्ति पनि रहेकाले उसलाई आजको समाजसँग मिल्ने पात्रका रूपमा यथार्थ पात्र भनिएको हो।

अर्कोतिर कृष्णराजाले रेमण्ड र चम्पकका विरुद्धमा संगठन विस्तार गर्ने कुरा गर्छ। चम्पकमहलमा रहेको आफ्नो अधिकार त्यागेर अध्यारो छिंडीको एउटा कोठामा आफ्नो जीवन बिताउने प्रण गर्छ। बिहान बेलुका एक कप चिया र एउटा पाउरोटी खाएर बाँच्ने कृष्णराजा अरबपति चम्पकलाई आर्दशको पाठपढाउन पछि पर्दैन। आफ्ना सम्पूर्ण युवा साथीहरू समेतलाई आफ्नै बाटोमा हिँडाएको छ। देश विकास गर्ने जनतालाई चेतनशील पार्नेजस्ता आफ्नो स्तर भन्दा माथिका गफ गरेबाट कृष्णराजालाई आदर्श पात्र मानिन्छ।

### (ङ) पारम्परिक र मौलिक पात्र

परम्परामा सिर्जना भइसकेका औपन्यासिक पात्रहरू पारम्परिक पात्र हुन्। यी पात्रहरू पौराणिक र सामाजिकजस्ता पनि हुन सक्छन्। मौलिक पात्रहरू भने पारम्परिक रूपमा परिचित हुँदैनन्। त्यसै उपन्यासको कथानकमा मात्र घटित भएका पात्रहरू मौलिक पात्रहरू मौलिक पात्रहरू हुन्। यस उपन्यासका पात्र हाइनरिख जीवन जगत्सँग मेल खाने पात्र हो, कुनै पौराणिक कथावस्तुका पात्र होइन। उनीहरूको अस्तित्व माथि विचार गर्न सकिन्छ। उपन्यासमा हाइनरिख, लक्ष्मी, रेमण्ड, चम्पक, इलेन, कृष्णराजा जस्ता सम्पूर्ण पात्रलाई हाम्रो यथार्थ जगत्का पात्रका रूपमा समेत चिनाउन सकिन्छ। त्यसकारण यी सम्पूर्ण पात्रहरू मौलिक पात्र मानिन्छन्।

पात्रकै वर्गीकरणका बारेमा चर्चा गर्दै मोहनराज शर्मा (२०५५:३१५) ले सात आधारमा चरित्रको वर्गीकरण गरेका छन् जस अनुसार- लिङ्गको आधार, कार्यको आधार, स्वभावको आधार, प्रवृत्तिको आधार, जीवन-चेतनाको आधार, आसन्नताको आधार र आवद्धताको आधार छन्।

**लिङ्गको आधारमा**

यस आधारमा पात्र दुई प्रकारका हुन्छन्-पुलिङ्ग र स्त्रीलिङ्ग यस आधारमा पात्रको वर्गीकरण सहजसँग गर्न सकिन्छ। कुनै पनि उपन्यासमा पुरुष पात्रका साथसाथै स्त्री पात्रको पनि महत्त्वपूर्ण भूमिका पाइन्छ। दुवै चरित्र आ-आफ्ना स्थानमा रहेका हुन्छन्। ती दुईलाई पनि वर्गीकरणका साथ छुट्याइन्छ। उपन्यास हाइनरिख,रेमण्ड, चम्पक, कृष्णराजा, डा.कोमल विक्रम, सानुभाइ नेपाली, अध्यक्ष दघिराम कोइराला, प्र.जि.अ. भुम प्र.रिजाल जस्ता पुलिङ्गी पात्र हुन्। लक्ष्मी इलेन, चेतना, मीरा, कमला, लक्ष्मी थकाली जस्ता स्त्रीलिङ्गी पात्रहरू हुन्।

**कार्यको आधारमा**

यो कार्य मूल्यका वा कार्यको घटीबढीका आधारमा चरित्रलाई छुट्याउने आधार हो। यस आधारमा पात्रहरू तीन प्रकारका हुन्छन् -प्रमुख, सहायक र गौण। प्रमुख पात्रहरूमा नायक, नायिका, खलनायकहरू पर्दछन्। यस उपन्यासमा हाइनरिख लक्ष्मी, रेमण्ड र चम्पक प्रमुख पात्रहरू हुन्। इलेन, चेतना, कोमलविक्रम जस्ता सहायक पात्रहरू हुन्। त्यसैगरि सानुभाइ नेपाली, मीरा, कमला, लक्ष्मी थकाल्नी, अध्यक्ष दघिराम कोइराला, भुम प्र. रिजाल जस्ता गौण भूमिकाका पात्र हुन्।

**स्वभावको आधारमा**

यो चरित्रगत विकास एवम् परिवर्तनको स्थिरता -अस्थिरताका आधारमा चरित्रलाई छुट्याउने आधार हो। यसमा चरित्रलाई गतिशील र गतिहीन गरी दुई प्रकारमा विभाजन गरिन्छ। यहाँ हाइनरिख गतिहीन पात्र मानिन्छ भने लक्ष्मी, रेमण्ड र चम्पक गतिशील पात्र हुन्।

**प्रवृत्तिको आधारमा**

यो सकारात्मक र नकारात्मक प्रवृत्तिको आधारमा चरित्रलाई छुट्याउने आधार हो। यस आधारमा पात्रहरू दुई प्रकारका हुन्छन् -खलत्व नभएका पात्र अर्थात् अनुकूल पात्र र खलत्व भएका पात्र अर्थात् प्रतिकूल पात्र। यस आधारमा हेर्दा हाइनरिख, कृष्णराजा र इलेन जस्ता पात्रहरू सकारात्मक प्रवृत्तिका अनुकूल पात्र हुन भने रेमण्ड, चम्पक जस्ता पात्रहरू प्रतिकूल पात्र हुन।

**जीवनचेतनाको आधारमा**

यो आफ्नो मात्र प्रतिनिधित्व गर्ने र अर्काको पनि प्रतिनिधित्व गर्ने आधारमा चरित्रलाई छुट्याउने आधार हो । यस आधारमा चरित्रहरू वर्गगत र व्यक्तिगत गरी दुई प्रकारका हुन्छन् । वर्गगत पात्र भन्नाले सामाजिक वर्गको प्रतिनिधित्व गर्ने पात्र भन्ने बुझिन्छ भने व्यक्तिगत पात्रमा आफ्नै मात्र प्रतिनिधित्व गर्ने पात्रहरू पर्दछन् । यस आधारमा हेर्दा, हाइनरिखलाई व्यक्तिगत पात्रका रूपमा लिइन्छ भने रेमण्ड, चम्पक, लक्ष्मी, मीरा र सानुभाइ नेपाली जस्ता पात्रलाई वर्गगत पात्रका रूपमा लिइन्छ । उनीहरूले सम्पूर्ण नेपालीका विविध वर्गको प्रतिनिधि गरेका छन् ।

**आसन्नताको आधारमा**

यो प्रत्यक्ष वा परोक्ष उपस्थितिका आधारमा चरित्रलाई छुट्याउने आधार हो । यस आधारमा नेपथ्य र मञ्चीय गरी दुई प्रकारका पात्र हुन्छन् । नेपथ्य पात्र उपन्यासमा प्रस्ट रूपमा दखिंदैन तर मञ्चीय पात्र उपन्यासमा प्रस्टरूपमा देखिन्छन् । यस आधारमा हेर्दा इलेनकी आमा नेपथ्य पात्र हो भने हाइनरिख लक्ष्मी, इलेन, रेमण्ड, चम्पक सम्पूर्ण मञ्चीय पात्रहरू हुन् ।

**आबद्धताको आधारमा**

उपन्यासको कथानकमा आवद्धता र मुक्तताको आधारमा चरित्रलाई विभाजन गरिन्छ । यस आधारमा पात्र दुई प्रकारका हुन्छन् बुद्ध र मुक्त । कथामा बाँधिएर प्रस्तुत हुने महत्त्वपूर्ण पात्रहरू बद्ध पात्र हुन् । मुक्त पात्रहरू कथानकमा अतिकम महत्त्व लिएर आएका हुन्छन् । तिनले कथानकको विकासमा खासै योगदान पुऱ्याउँदैनन् । हाइनरिख बद्ध पात्र हो । त्यसैगरी लक्ष्मी, रेमण्ड, चम्पक, इलेन पनि बद्ध पात्र हुन् भने डा. कोमल विक्रम, लक्ष्मी थकाली, मीरा, कमला, सानुभाइ नेपाली जस्ता पात्रहरू मुक्त पात्र हुन् ।

### ४.१.२.३ भूमिकाका आधारमा 'सागर उर्लन्छ सगरमाथा छुन' उपन्यासका पात्रहरूको परिचय र विश्लेषण

मानवको सभ्यता र समाजलाई बुझ्ने प्रमुख आधार पनि चरित्र नै हो । मान्छेका शास्वत सत्यलाई उदघाटन गर्ने पक्षहरू पनि मान्छेका चरित्र उद्घाटित भएका हुन्छन् । उपन्यासको आयतनभित्र सिङ्गो मानवसभ्यता चरित्र चित्रणकै आधारमा परिभाषित भएको

हुन्छ । विगतलाई र अनागतलाई वर्तमानसम्म तानेर ल्याउने तत्व चरित्र हो, त्यसरी तानेर ल्याइएको वस्तु पाठकसम्म सम्प्रेषण गर्न जाँगर देखाउने वस्तु पनि उपन्यासभित्र चरित्र प्रमुख भएर रहेको हुन्छ । उपन्यासमा प्रयुक्त पात्रको चरित्र पुरै युग र परिवेशको सम्बाहक भएर उपस्थित भएको हुन्छ (सुवेदी, २०५३:१७) । यसरी प्रमुख सम्वाहक मानिएको पात्रले कुनै वर्ग, सम्प्रदाय, संस्कृति वा पुरै युगको प्रतिनिधित्व बनेर मान्छेका शाश्वत सत्यलाई ओकेल्ने कार्य गर्ने हुनाले पात्रका हरेक क्रियाकलाप महत्त्वपूर्ण मानिन्छन् ।

यहाँ यस उपन्यासका प्रमुख पात्र, सहायक पात्र र केही गौण पात्रहरूको उनीहरूले उपन्यासमा निभाएको भूमिकाअनुसार विश्लेषण गरिन्छ ।

**प्रमुख पात्रहरू**

**हाइनरिख**

हाइनरिख उपन्यासको प्रमुख पात्र हो । उसकै सेरोफेरोमा कथाको आरम्भ, विकास र अन्त्य पनि हुन्छ । त्यसकारण उसलाई उपन्यासको बद्ध पात्र मानिन्छ ।

सन् १९६६ जर्मनमा जन्मिएको हाइनरिख वेन गोल्डम्यान एउटा आश्रयहीन, आफन्तहीन अमेरिकी नागरिक थियो । ऊ एउटा जन्मको अभागी, संसारले छिः छिः र दुरदुर गर्दै हुत्कारेर खेदेको यहुदी जातिका रूपमा थियो । क्रिस्चियानिटकिो सुरुमा क्राइस्टको हत्यारा जातिको नाममा बदनाम गराएर खेदिएको, हिटलरी जर्मनीमा संहार-अग्निमा होमिएर खेदिएको यहुदी जातिको सदस्य हो ऊ । उसले सन् १९४२ को नाजी अहङ्ककार रचेको नरमेध यज्ञमा आफ्नी आमा, अबोध कलिला भाइहरूलगायत आफ्नो भन्ने सम्पूर्ण कुराहरू गुमाएको थियो । त्यस अवस्थाबाट कसरी कुन कष्ट र भाग्यले उम्किएर केवल रित्तो मानवताको हृदय लिएर उसका महान् बाबुले खोकिलामा लुकाएर कसरी त्यस अमेरिकी धर्तीमा ल्याए त्यो नै उसको धर्ती थियो र अमेरिकाको न्युयोर्कको ‘स्लम’ भन्ने ठाउँको एउटा साँघुरो गल्ली थियो ।

हाइनरिख पश्चिमी संस्कृतिको केन्द्रविन्दुमा जन्मिएर पनि त्यहाँको भौतिकवादी चिन्तनप्रति उत्तिको सकारात्मक भएको पाइँदैन । उपन्यासमा उपन्यासकारले हाइनरिखलाई आफ्नो मानसपुत्रका रूपमा प्रस्तुत गर्न खोजेका छन् । हाइनरिखलाई नायकमा हुनुपर्ने सम्पूर्ण गुण थोपर्न खोजेका छन् तर पनि हाइनरिख पुरुषार्थी एवम् क्षमतावान् हुनबाट धेरै ठाउँमा चिप्लिएको छ । उसमा उपन्यासको नायकमा हुनुपर्ने साहसपना छैन, बरु काँतरपना छ । ऊ आत्मनिर्भर पनि हुन सकेको छैन, परनिर्भर छ । रेमण्ड र चम्पकको कृपाको पात्र भएर पाल्तु

कुकरझैँ बिहान बेलुकीको गुजारा गर्छ, यस्तो भूमिका एउटा पुरुषार्थ नायकका लागि अशोभनीय हुन्छ ।

यस उपन्यासको कथावस्तु नितान्त नौलो रहेको छ। उपन्यासको प्रमुख पात्र हाइनरिखमा आध्यात्मिक भाव प्रबल छ त्यसैले भौतिकवादी संस्कृतिमा मिल्न नसकेर आफ्नो अभीष्ट सगरमाथाको देश, लुम्बिनीको देश साथै यहाँको संस्कृति प्रति मोहित भएर आफ्नो बाँकी जीवन यसै पुण्यभूमिमा विताउने दृढ संकल्पका साथै आफ्नी कलेज जीवनको घनिष्ट मित्र लक्ष्मीसमेतको आग्रहलाई स्वीकार गरेर ऊ नेपाल आएको हुन्छ। यस पछिको घटनाक्रममा होटलमा रहँदाको समयमा उसको भेट रेमण्ड ज.व.रा.सँग भएबाट एकाएक उपन्यासमा कौतुहलता थपिन्छ। हानरिखको नेपाली चेली लक्ष्मी शाहप्रतिको जुन हेराइ थियो, त्यो अत्यन्त उच्च गरिमामय पदमा आसीन भएतुल्य थियो। लक्ष्मी कै मुखवाणीबाट सम्पूर्ण नेपालको ऐतिहासिक कालखण्ड देखिको घटनाक्रम सुन्ने अवसर पाएर नेपाल र नेपाली साथै नेपाली संस्कृति अनि रमणीय दृश्यले भरिपूर्ण देशप्रति उसको भक्तिभाव निकै नै प्रगाढ भएको पाइन्छ। तर उनीहरूको पढाइ सकिएपछि कुनै पनि सम्पर्कको अभावले उसले नेपालमा आएर पनि लक्ष्मीको खोजतलासबाहेक उसको ठेगाना पाएन। यसरी रेमण्डसँगको भेटपछि लक्ष्मीसँग भेट हुन सक्ने हाइनरिखको जुन आशा थियो, त्यो पनि निराशामा परिणत भयो। अन्ततः पासपोर्टको म्याद नाघेर पनि नेपालमै रही रहँदा प्रहरीले उसलाई हिरासतमा राख्छ तर रेमण्डको आग्रहमा उसको दाजु चम्पकले उसलाई हिरासतबाट छुटाएर उसको बाँकी जीवनको भीख दिन्छ।

यसरी चम्पकको आदेशबाट रिहाई पाएपछि हाइनरिखलाई पनि रेमण्डले चम्पकको परिवारमा पेइङ्ग गेस्टका रूपमा बस्न आग्रह गर्छ साथै त्यहाँ उसले चम्पकको व्यवसायमा काम गर्न पाउने अवसर पनि प्राप्त गर्छ। चम्पकको घरमा रहँदा विस्तारै विस्तारै छोरी इलेनसँग हाइनरिखको सम्बन्ध मित्रवत् तरिकाले बढ्दै जान्छ साथै चम्पकको अवैध धन्दातर्फ पनि हाइनरिखलाई अग्रसर गराउन थालिन्छ। चम्पकको छोरो कृष्णराजा र हाइनरिखको भेटघाट पछि यी सब कुरा बारे चर्चा चल्छ र हाइनरिख आफूलाई चम्पकको घरमा बसेर व्यवसायमा फसाइएको विवशता सुनाउँछ र मुक्तिको बाटो खोज्छ। नेपाल आउनाको आफ्नो उद्देश्य पनि प्रकट पार्छ।

चम्पकको छोरो कृष्णराजा स्वयम्ले आफ्नो बाबुको कालो धन्दा तस्करीको विरोध गर्छ। हाइनरिख आफूलाई घोर विपत्तिमा फसेको थाहा पाउँछ र कसरी यसबाट उम्कने भन्ने उपाय सोच्दा कृष्णराजाको सहयोग आवश्यक ठान्छ। कृष्णराजाको सहयोगले ऊ पश्चिम नेपालको एक जिल्ला अस्पतालमा निःस्वार्थी डाक्टरका रूपमा जान्छ। त्यहाँ पनि अनेक परिस्थितिसँग सङ्घर्ष गर्दै जनआन्दोलनका विरोधी मण्डले गुण्डाहरूद्वारा मरणासन्न हुनेगरी पिटिइन्छ।

भोलिपल्ट उसको चेतनाशून्य शरीरलाई काठमाडौँ उपचारार्थ पठाइन्छ, त्यहाँ मात्र उसको लक्ष्मीसँग डाक्टरका रूपमा भेट हुन्छ तर लक्ष्मीले उसलाई नचिनेको बाहना गर्दछे, वास्ता गर्दिन । उफ्, आफूसँग गएकी नर्स चेतनासँग भक्कानिएर रुँदा उपन्यासको कथानक समाप्त हुन्छ ।

यसरी **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासमा जीवनको सुरुवातदेखि मध्यावस्थासम्म आउँदा पनि अनेक परिस्थितिसँग जुध्नु परेकाले हाइनरिखलाई उसको जीवन भोगाइको आधारमा गोलो पात्रका रूपमा लिइन्छ । त्यसै गरी उसमा सहनशीलताको क्षमता प्रचुर मात्रामा रहेको छ । उसले यथास्थितिलाई समेत कायम राखेको छ । अमेरिकी सभ्यतादेखि नेपालसम्म आउँदा ऊ जस्ताको तस्तै रहनुले उसलाई स्थिर पात्र मानिन्छ । ऊ आफ्नो मनलाई नियन्त्रणमा राखेर सांसारिक रमझमदेखि टाढा बस्न पुग्छ, चाहन्छ त्यसकारण अन्तर्मुखी स्वभावको पात्र मानिन्छ ।

यी विविध कुरा हुँदाहुँदै पनि हाइनरिखलाई यथार्थ पात्र मान्न सकिदैन । ऊ आदर्शवान् पात्र हो । किनभने आदर्शभावनाको कारणले नै सर्वप्रथम उसले अमेरिका जस्तो भौतिकरूपमा सुविधा सम्पन्न मुलुकलाई छाडेर नेपालमा जीवन बिताउने इच्छाले आयो । उसलाई पूर्ण रूपमा थाहा थियो कि नेपालमा रहँदा उसको बसाइ कस्तो हुन्छ भनेर । साथै आदर्शवान् भएकैले ऊ होटलमा पनि अरू टुरिस्टभन्दा पृथक् हुन चाह्यो र कोठामा आएकी वेश्या मीरालाई पनि रित्तो हात र रित्तै मन फर्कायो । चम्पकले आफ्नो व्यवसायमा लागेर रातारात मालामाल बन्ने लोभ देखाउँदा समेत उसले अस्वीकार गरेर अन्ततः गाउँको डाक्टर हुन पुग्दछ । त्यसकारण उसलाई आदर्शवान् पात्र मान्न सकिन्छ ।

हाइनरिख पात्रलाई त्यस उपन्यासमा मात्र पाइन्छ। यसले कुनै पनि समाजको परम्पराको परिचय प्रस्तुत गरेको छैन त्यसकारण ऊ मौलिक पात्र हो । त्यसै गरि कथानकमा उसको प्रवृत्ति सकारात्मक नै पाइन्छ । ऊ अनुकूल पात्र पनि हो । उसले कुनै पनि समाजको प्रतिनिधित्व नगरी स्वयम् व्यक्तिगत चरित्रमा मात्र देखिएको पाइन्छ, त्यसकारण ऊ व्यक्तिगत पात्र हो । हाइनरिख कथानकमा प्रस्ट रूपमा शुरु देखि अन्त्यसम्म नै देखा परेर कार्य व्यापार गर्ने पात्र हुनाले उसलाई मञ्चीय पात्र मान्न सकिन्छ ।

यसरी सम्पूर्ण पक्षहरू केलाएर हेर्दा कतिपय गुणहरू नायकमा हुनुपर्ने गुण हाइनरिखमा पाइन्छ तर कतिपय सवालमा ऊ पछाडि पर्दछ । ऊ परिस्थितिसँग मुकाबिला गर्न नसकेर चम्पकको घरमा आश्रीत जीवन बिताउँछ तर पछि त्यहाँ बाट पनि चम्पकले आफूलाई गलत कार्यमा फसाउन लागेको थाहा पाएर उसको तस्करी विरुद्ध बोल्न नसकी आफै भाग्छ । यहाँ

पनि उसको कमजोरी देखा पर्दछ। उसले त्यहाँ चम्पकसँग शारीरिकबलले नभ्याए पनि बुद्धिले टक्कर लिनु पर्दथ्यो, त्यो केही नगरी ऊ आफैं पलायन भएर भागेको छ त्यसकारण ऊ काँतर र पलायनवादी पात्र पनि हो भन्न सकिन्छ ।

**लक्ष्मी शाह**

लक्ष्मी शाह यस उपन्यासकी प्रमुख नारी पात्र हुन्। उपन्यासको प्रमुख पुरुष पात्रको जति चर्चा चल्छ, नारी पात्र लक्ष्मी शाहको पनि चर्चा चल्छ तर उनको चर्चा बढी छ भने उपस्थिति अति न्यून छ। आरम्भमा पूर्वदीप्ति प्रणालीद्वारा हाइनरिखको र लक्ष्मीको सम्बन्ध प्रकाश पारिन्छ। त्यसपछि लक्ष्मी शाहलाई प्रत्यक्षरूपमा भेट्न पाइदैन। उनको चर्चा हाइनरिखको मुखबाट मात्र सुन्न सकिन्छ र शुरु देखि अन्त्यसम्म सुनिन्छ। उसले जहाँ तँही देखिने सम्पूर्ण केटीलाई लक्ष्मीकै प्रतिबिम्बका रूपमा हेर्छ, जतातत‍ै लक्ष्मी नै लक्ष्मी देख्छ। तर लक्ष्मी र हाइनरिखको प्रत्यक्ष भेट भने हाइनरिख घाइते हुँदा अस्पतालमा मात्र हुन्छ।

लक्ष्मी यसै देशकी शाह खानदानकी छोरी हो हाइनरिखको धारणामा आजसम्म ऊ नै हिमाली नारी सौन्दर्यको आदर्श नमुना थिई, शील र कमनीयताकी प्रतिरूप थिई। लक्ष्मीले नै हाइनरिखलाई नेपाल आउनुभन्दा अगाडि यहाँको सौन्दर्यको अनुभव गराएकी थिई। लक्ष्मी अभिजात वर्गको प्रतिनिधित्व गर्ने पात्र हुन्। जसरी हाइनरिख धनी देशको गरीब व्यक्ति हो, त्यसरी नै लक्ष्मी पनि गरीब देशकी धनी व्यक्ति हो। लक्ष्मीमा अभिजात वर्गको घमण्ड छ। उनीहरू उपल्लो दर्जाका नागरिक मानिन्छन्। उनीहरूको सोझो सम्पर्क दरबारीया खान्दानसँग हुन्छ त्यसकारण उनीहरू आफूलाई सभ्य भन्न रुचाउँछन्। लक्ष्मीले नै हाइनरिखलाई विदेशमा पढ्न गएका बखत्मा नेपालको विविध सांस्कृतिक पक्षप्रति साथै बुद्ध र सगरमाथा अनि साँस्कृतिक सम्पदाप्रति सजग तुल्याएकी थिई। उसमा आफ्नो देश समाज प्रतिको जिम्मेवारीको भावना पाइन्छ त्यसैले ऊ हाइनरिखलाई नियन्त्रणको सीमामा राखिरहन्छे। लक्ष्मीको व्यक्तित्वबाट ऊ जस्ती सहपाठी पाएकोमा हाइनरिख बहुतै खुशी हुन्छ र नेपालमा आफ्नो पढाइ पूरा गरेर नेपाल फर्कन्छे, हाइनरिख भने लक्ष्मीसँग बिताएका क्षणको स्मरण गर्दै लक्ष्मीलाई भेट्न नेपाल जाने सुन्दर भविष्यको कल्पना गर्दै रमाउँछ। जब हाइनरिख नेपाल आउँछ र लक्ष्मीको खोज गर्छ त्यहाँ उसले लक्ष्मीको कुनै पत्ता लगाउन सक्दैन। ऊ निराश बन्छ र हरपल उसैको सम्झनामा बिताउँछ। उपन्यासको अन्त्यमा हाइनरिख घाइते भएर अस्पतालमा बेहोश अवस्थामा भर्ना भएपछि मात्र लक्ष्मीसँग उसको प्रत्यक्ष भेट हुन्छ। यो नै उपन्यास भरिको प्रत्यक्ष भेटघाट हो। परन्तु यस भेटघाटमा कुनै खुसी थिएन, कुनै उत्तेजना थिएन।

किनकी लक्ष्मीले हाइनरिखलाई नचिनेको जस्तो गरी चिन्न चाहिन । त्यहाँ उनीहरू बीचमा विगतमा इस्ट-वेस्ट सेन्टरमा विताएका क्षणको सम्झना लक्ष्मीमा थिएन । उसलाई आफ्नो अभीष्ट पूरा भएको थियो त्यसकारण हाइनरिखप्रति कुनै चासो थिएन ।

यसरी उपन्यासका आधारमा लक्ष्मीको भूमिका हेर्दा उसको उपस्थित नगण्य छ तर चर्चा मात्र अधिक छ । यसरी चर्चामात्र भएतापनि उपन्यासको कथावस्तुबाट उसको भूमिका हटाउँदा उपन्यास अपूर्ण रहन्छ त्यसकारण ऊ वद्ध पात्र हो । अमेरिकामा रहँदाको उसको मनस्थिति र नेपालमा डाक्टर भएपछिको मनस्थितिमा पूर्ण रूपमा परिवर्तन आएकाले उसलाई गतिशील पात्रका रूपमा लिइन्छ । त्यसै गरि जीवन भोगाइ क्रममा संभ्रान्त परिवारमा जन्मे हुर्केकी कारणले उसलाई च्याप्टो पात्रको रूपमा लिइन्छ । लक्ष्मीको जीवन भोगाइ नेपाली समाजमा केही सीमित व्यक्तिहरूको उपल्लो स्तरमा गनिन्छ । यहाँका केही जीवनहरूको यथार्थ पक्ष लक्ष्मीको जीवनस्तरसँग मिल्ने भएकाले लक्ष्मीलाई यथार्थ पात्रका रूपमा लिइन्छ । अर्को तर्फ मनमा कुनै पनि कुराहरू नदबाउने, प्रष्टसँग व्यक्त गर्ने र प्रशस्त सामाजिक जीवनमा हुर्किएको स्वभावले गर्दा बहिर्मुखी पात्रका रूपमा लिइन्छ । सामाजिक जीवनबाट टिपिएका घटनासँग सम्बन्धित पात्र भएकाले मौलिक पात्र मानिन्छ । लक्ष्मी स्वार्थी प्रवृत्तिकी पात्र हो । उसले विदेशी भूमिमा रहुन्जेल आफ्नो संरक्षकका रूपमा हाइनरिखलाई साथी बनाइ, विविध सुविधाहरू उपभोग गरी जब ऊ नेपाल फर्केर आई तब उसले अगाडिका आफ्ना विद्यार्थी जीवनका घटना सँगसँगै आफ्नो घनिष्ट मित्र हाइनरिखलाई समेत भुली । ऊ नेपालमा आएर पहुँचवाला भएको नाताले टिचिङ्ग हस्पिटलमा डाक्टर बनी । अब ऊ सर्वशक्तिमान भई त्यसकारण 'काम हुन्जेलको भाँडो, काम सकिए पछिको ठाँडो' जस्तै गरी हाइनरिखलाई नचिनेको झैं गरी हिँडी ।

यसरी लक्ष्मीमा उपन्यासको सुरुमा जुन प्रवृत्ति पाइन्छ त्यो प्रवृत्ति सकारात्मक वा अनुकूल भूमिकाबाट परिवर्तन भई नकारात्मक वा प्रतिकूल बन्छ त्यसकारण लक्ष्मी प्रतिकूल चरित्रकी पात्र हो भन्न सकिन्छ । उसले निभएको भूमिका तत्कालीन समय र समाजका अभिजात वर्गका मानिसले निर्वाह गर्ने भूमिका भएकाले ऊ वर्गगत पात्र पनि हो । सम्पूर्ण उपन्यासभरि उसको केवल वर्णन, स्मरणमात्र हुन्छ उपस्थित हुँदैन तर अन्त्यमा आएर मात्र लक्ष्मीको एक झलक देखापर्दछ र कथानक समाप्त हुन्छ । त्यसकारण ऊ शुरुमा नेपथ्य र अन्त्यमा मञ्चीय पात्र हो । यसरी ठोस किसिमको भूमिका निर्वाह गरेर कथानकलाई एउटा अर्कै दिशातर्फ लक्ष्मीको चरित्रले लान सकेको छ ।

**इलेन**

झट्ट सुन्दा पश्चिमी शैलीको आधुनिक नाम लाग्ने इलेन रूप र सौन्दर्य समेतमा आधुनिक देखिन्छ १९-२० वर्षे मस्त फर्केको यौवनको रापले सारा चम्पकका सहकर्मीहरू मोहित भएका छन्। इलेन चम्पकराणाकी एकमात्र छोरी हो तर उसको सौतेनी आमा तर्फको अर्को दाज्यू पनि छ- कृष्णराजा। परन्तु कृष्णराजाले चम्पकको लागु पदार्थ ओसारपसारको र मूर्ति बेचबिखनको कारोवारको विद्रोह गरी चम्पकको निम्ती आफू मरेको घोषणा समेत गरेको थियो। चम्पकको घरमा हाइनरिख बस्दै आएपछि इलेनसँग उसको सम्बन्ध गाढा बन्दै आएको पाइन्छ। २००७ सालबाट गुमेको शासन व्यवस्था पुनः फिर्ता पाउनका लागि चम्पक आफ्नी छोरी इलेनको विवाह शाह खान्दानसँग गरिदिने योजनामा हुन्छ। बाहिरी रूपमा इलेन चम्पक र उसको कारोवार प्रति बफादार देखिन्छे तर भित्री रूपमा उसलाई एउटा बलीको बोको भएर चम्पकको इशारामा बाँच्न बाध्य बनाइएको छ। इलेन हाइनरिख आफ्नो घरमा आएर बस्दाको समयदेखि निकै परिवर्तित भएकी छे। हाइनरिख र इलेनका विचार भावहरू मिल्दछ। उनीहरू घण्टौं सम्म केही विषयलाई लिएर बहस गरिरहन्छन्। उनीहरूको बहसमा देशभक्ति, गरिबी, विकृति, अशिक्षा, बेरोजगार समस्या जस्ता कुराहरू पर्दछन्। इलेन वास्तवमा रहस्यमय छे। ऊ जस्तो देखिन्छे, त्यो भन्दा नितान्त फरक पाइन्छे। इलेन पनि चम्पकको कारोवार प्रति घृणाभाव राख्छे तर विवशतामा फसेकी छे। हाइनरिखसँग उसका यस्तै विषयमा गफ भएका छन्। इलेन र हाइनरिखले कृष्णराजासँग भेटेर चम्पकको विषयमा छलफल गरेपछि चम्पकले इलेनलाई कृष्णराजाबाट भेटघाट बन्देज लगाएको छ भने हाइनरिखलाई पनि इलेनसँगको भेटघाटमा बन्देज लगाएर चम्पक महलबाट निकालेर अर्कै व्यापारिक भवनमा राखेको छ। अन्तमा हाइनरिखलाई चम्पकको षडयन्त्रको शिकार हुनबाट बचाएर आफ्नै किसिमको जीवनयापन गर्न सहयोग पुऱ्याउने प्रमुख पात्र इलेन हो।

यस उपन्यासमा इलेनको भूमिका कथानकको बीचबाट शुरु भएर बीचमै समाप्त हुन्छ तैपनि ऊ उपन्यासको बद्ध चरित्र हो। शुरुबाट अन्तिमसम्म एउटै भूमिकामा देखिएकीले स्थिर पात्र हो। त्यसैगरी जीवन भोगाइको एक पक्षीय पाटो मात्र थाहा पाएकीले च्याप्टो चरित्र भएकी पात्र हो। हास्ने, खेल्ने र रमाउने उमेर स्वभावकी भएकीले बहिर्मुखी पात्र भनिन्छ। ऊ यथार्थ पात्र हो, उसका माध्यमद्वारा यथार्थ पक्षको निवारण भएको पाइन्छ। बाहिरी रूपमा हेर्दा आधुनिक युवती देखिए पनि इलेन निकै जिम्मेवारपूर्ण कर्तव्य महसुस गर्ने पात्र मान्न सकिन्छ। त्यसैगरी इलेनलाई सकारात्मक वा अनुकूल पात्रका रूपमा लिइन्छ। इलेनको भूमिका वर्गगत नभई व्यक्तिगत मात्र हो। ऊ पूर्णत मञ्चीय पात्र हो। यसरी विभिन्न कोणबाट विश्लेषण गर्दा इलेनलाई निःस्वार्थ प्रवृत्तिकी पात्र मान्न सकिन्छ।

**चम्पक**

चम्पक शमशेर ज.ब.रा. यस उपन्यासको प्रमुख खल पात्र हो । वि.सं. २००७ सालदेखि गुमेको आफ्नो शासन अधिकार पुनः प्राप्त गर्ने योजना स्वरूप आफ्नी सुन्दरी छोरीको विवाह शाह खान्दानसँग गराइदिएर सम्बन्ध गास्न चाहन्छ । चम्पक देश र जनताको लागि घातक सिद्ध भएको छ किनकी ऊ लागू पदार्थ ओसारपसार र मूर्ति वेचविखन गर्ने गिरोहको नाइके हो । उसले आफ्नो व्यवसाय सञ्चालन गर्न देशव्यापारी रूपमा संगठन विस्तार गरेको छ । उसले समस्त पुलिस प्रशासनलाई पैसाको भरमा आफ्नो पकड्मा राखेको छ । म्याद सकिएको पासपोर्ट काण्डमा हाइनरिखलाई रिहाइ गर्न पाएकोमा उसलाई ठूलो गर्व छ र हाइनरिखलाई आफू समक्ष झुकाउन तथा काम लगाउन आतुर देखिन्छ । उसले हाइनरिखलाई आफ्नो घरमा बस्ने आश्रय दिएर उपकार गरेको बहानामा व्यवसायको डाक्टर साथै इन्चार्जका रूपमा राखेको छ । पछि गएर इलेन र हाइनरिखको मित्रता बढ्दै गएर हाइनरिखलाई चम्पकको अधिनबाट छुटकारा पाउने अभिलाषा बढेपछि कृष्णराजासँग मित्रता पढ्छ । कृष्णराजाले हाइनरिखलाई सहायता गरेको थाहा पाए पछि चम्पक र हाइनरिख बीचमा झगडा हुन्छ । यसरी चम्पक आफ्नो अधिकार जमाएर अधिपति बनी राज गरेको हुन्छ ।

चम्पक उपन्यासमा यथार्थपात्रका रूपमा प्रस्तुत भएको छ । तत्कालीन समाजमा जो दरबारिया तत्त्वसँग निकटस्थ सम्बन्ध राख्छ उही नै शासन सत्तासँग पनि नजिक हुन्छ भने झैं चम्पक पनि नजिक थियो । त्यस समयको समाजको यथार्थ विम्ब चम्पकका माध्यमद्वारा प्रस्तुत भएको छ । चम्पक बद्ध पात्र हो, खलपात्रका रूपमा उपन्यासमा उसको उपस्थित अपरिहार्य छ । चम्पकलाई गतिशीलपत्रका रूपमा लिइन्छ । २००७ सालमा गुमेको अधिकार प्राप्त गर्न ऊ लागि परिरहेछ । संभ्रान्त परिवारमा जन्मेको चम्पक च्याप्टो पात्र हो । बहिर्मुखी पात्रका रूपमा मानिन्छ । मूलतः नकारात्मक प्रवृत्ति अंगालेको स्वार्थी प्रवृत्ति समेत निहित भएको मञ्चीय पात्रका रूपमा चम्पकलाई लिइन्छ ।

**सहायक पात्रहरू**

**रेमण्ड**

रेमण्ड शससेर ज.ब.रा. खल चरित्र भएको मुख्य सहायक पात्र हो । रेमण्ड शमशेर ज.ब.रा. चम्पकको भाइ हो एउटै व्यवसायको सदस्य पनि हो । रेमण्ड आधुनिक विलासी स्वभावको छ त्यसैले ऊ राती राती होटल र डिस्को धाउँछ । यही धाउने क्रममा नै उसको

पहिलो भेट हाइनरिखसँग होटलमा भएको हो र उसैले चम्पकसँग हाइनरिखको परिचय पनि गराएको हो। यसरी शुरुवात भएको हाइनरिख र रेमण्ड बीचको मित्रता अझ झाँगिएर जान्छ। पासपोर्ट काण्डमा जेल परेको हाइनरिखलाई छुटाउने कार्यमा रेमण्डको प्रमुख हात रहेको देखिन्छ। रेमण्डकै सहयोगले गर्दा नै हाइनरिख चम्पक महलमा बस्न पुग्छ। चम्पक स्वभावमा कडा भए पनि रेमण्ड सरल स्वभावको छ।

रेमण्ड सहायक पात्र भएता पनि बद्ध पात्र मानिन्छ। ऊ खलप्रवृत्तिको चरित्र भएको चम्पकसँग सम्बन्धित पात्र हो। ऊ गतिशील चरित्रको रहेकोले शुरुको भन्दा भिन्न रूपमा देखिन्छ। ऊ यथार्थको पक्षमा उभिएको पात्र हो भने वर्गीय चरित्रको प्रतिनिधित्व गरेको पाइन्छ। रेमण्ड सांसारिक रमझममा रम्ने खालको व्यक्ति हो तसर्थ उसलाई बहिर्मुखी पात्र भनिन्छ। तसर्थ उसलाई मञ्चीय पात्र मानिन्छ।

**कृष्णराजा**

कानन शमशेरबाट ज.ब. राणाबाट कृष्णराजा मात्र भनिन पुगेबाट वास्तविक धरातलमा कृष्णराजालाई चिन्न सकिन्छ। मुख्य रूपमा एउटा आदर्शवान् व्यक्तिको रूपमा कृष्णराजालाई प्रस्तुत गरिएको छ। चम्पक शमशेरकै छोरो भएता पनि कृष्णराजा राणा खलकबाट मुक्त चाहने राष्ट्रवादी पात्र हो। उसले सञ्चालन गरेको मिसनले आफ्ना सदस्यहरू बढाएर राष्ट्रव्यापी रूपमा संगठन विस्तार गर्दै थियो। चम्पकको विरोधी गुट तयार गरेकोले कृष्णराजा चम्पक बीचमा द्वन्द्व चर्कदै गएको बुझिन्छ चम्पकको कारोबार प्रति विद्रोह गर्ने र लागू औषधको सेवनबाट युवावर्गलाई सचेत राख्ने जस्तो महान् कार्यमा ऊ होमिएको छ। धेरै युवाहरूलाई भेला पारेर शिक्षा दिँदै सचेत पारेर चम्पकको विरुद्धमा उतार्ने प्रयत्न गरेको छ। हाइनरिखलाई चम्पकले षडयन्त्रको शिकार पार्न लागेको बेलामा कृष्णराजा कहाँ सल्लाह माग्न गएको थियो। कृष्णराजाको सल्लाह बमोजिमको सिफारिसपत्र लिएर हाइनरिख पश्चिम नेपालको दुर्गम गाउँको अस्पतालमा डाक्टरको रूपमा जान्छ। तसर्थ कृष्णराजालाई एउटा देशभक्त, समाजसेवी र सचेत युवावर्गको प्रतिनिधित्व गर्ने पात्रको रूपमा लिइन्छ।

कृष्णराजा बद्ध पात्र हो। चम्पक र हाइनरिख बीचको द्वन्द्वमा कृष्णराजाको पनि नाम आउँछ परन्तु ऊ आदर्शवान् चरित्र बोकेको पात्र हो। उसले समाजको लागि आधुनिक समाजमा पनि आदर्शको नमूना पेश गरेको छ। ऊ गतिशील पात्र हो। ऊ सकारात्मक सोच भएको पात्र हो साथै मञ्चीय चरित्रको पात्र पनि हो।

**गौणपात्रहरू**

**डा. कोमल विक्रम**

नेपालको पश्चिमी विकास क्षेत्रको एक जिल्ला अस्पतालमा कार्यरत डा. कोमल विक्रम पनि कृष्णराजाकै संगठनका एक सदस्यका रूपमा थिए। उनी पनि चम्पकको तस्करी विरोधी अभियानमा आफू सक्दो सहयोगमा संलग्न थिए। गाउँका सोझा साझा निमुखा जनतालाई स्थानीय प्रसाशनले गरेको अन्याय, अत्याचार उनलाई कति पनि मन परेको थिएन। कृष्णराजाको सिफारिस पत्र लिएर पुगेको हाइनरिखलाई उनले हृदय देखि नै स्वागत गरे। अमेरिकी डा. हाइनरिख पाउँदा डा.कोमलविक्रम साथै समस्त गाउँवासी खुशीले हर्षित भए। घाइते हाइनरिखलाई गाउँमा उपचार गर्न असम्भव भएपछि काठमाडौँ शिक्षण अस्पतालमा पठाउने प्रमुख भूमिका डा. कोमल विक्रमकै रहेको पाइन्छ।

डा. कोमल विक्रम यस उपन्यासका बद्ध पात्रका रूपमा छन्। उनी यथार्थ जगत्का पात्र हुन्। उनको उपस्थिति यहाँका हरेक पक्षमा आवश्यक रहेको पाइन्छ। उनी सच्चरित्र भएका अनुकूलीय पात्र हुन्। उनमा सकारात्मक प्रवृत्ति रहेको पाइन्छ साथै उनी मञ्चीय पात्र समेत हुन्। त्यसैले डा. कोमल विक्रमलाई यस उपन्यासको सचेतक पात्रका रूपमा लिइन्छ।

**चेतना**

उपन्यासमा चेतनाको भूमिका अन्त्यमा देखा परे पनि उल्लेख्य मानिन्छ। हाइनरिखले काम गरेको अस्पतालमा चेतना नर्सका रूपमा कार्यरत हुन्छे। हाइनरिखसँगै उपचारमा मुख्य सहयोगीका रूपमा चेतना काठमाडौँ आउँछे। हाइनरिखको बहु प्रतिक्षित लक्ष्मीसँग भेट भए तापनि लक्ष्मीले अपरिचित व्यवहार गरेर उल्टै मानसिक सन्तुलन विग्रेको भन्दा ऊ अत्यन्त मर्माहत बन्न पुग्छ। त्यसवेला चेतनाले नै हाइनरिखलाई सम्झाउँछे -"म-म...तपाइँकी लक्ष्मीको उचाइमा पुग्दिनँ ... तर... म...म...तपाइँको फुटेको सपनालाई जोड्ने प्रयास ... गर्न... म तपाइँकी प्रेरणा बनेर सघाउन ..." (पृष्ठ २८४)। यसरी चेतना नामसँगै यहाँ हाइनरिखको अन्तरमनको चेतनामा पुग्ने प्रयास गराइएको छ। त्यसकारण चेतनाको भूमिका छोटो तर अपरिहार्य भएकोले बद्ध पात्रका रूपमा लिइन्छ। त्यसैगरी ऊ सकारात्मक प्रवृत्ति भएकी नारी पात्र हो। ऊ गतिशील चरित्र भएकीले शुरु र अन्त्यमा उसको प्रस्तुति पनि अस्थिर भएको पाइन्छ र ऊ उपन्यासको अन्त्यमा देखा परेकी मञ्चीय पात्र हो। अमेरिका देखिको हाइनरिखको अतृप्त अभिलाषा, लक्ष्मीलाई भेट्ने अभिलाषा थियो, त्यो लक्ष्मीलाई भेटेर पनि पूर्ण हुन

नसकेकोमा नर्स चेतनालाई भए पनि भेटेर तृप्त हुन्छ । चेतनाले नै हाइरिखलाई लक्ष्मीले दिन नसकेकी माया दिएकी छे । हाइनरिखको जीवनमा वसन्त बनेर आएकी पात्र चेतना हो । त्यसैले चेतना र हाइनरिखको भूमिका उपन्यासमा एक अर्कामा पारस्परिकता बनेको छ ।

यी बाहेक उपन्यासमा अन्य पात्रहरू पनि चर्चामा रहेका छन् । गौण भूमिकामा रहेका ती पात्रहरूमा, पाकेटमारका रूपमा सानुभाइ नेपाली, नर्सकी रूपमा कमला, होटलको रात्री जीवनकी सहयात्री मीरा, प्र.जि.अ. झुम प्र.रिजाल, जोन सेवास्टिनो, टुल्के वेटा, लक्ष्मी थकाल्नी, पाँडे मास्टर, आचार्य मास्टर, दघिराम कोइराला जस्ता पात्रहरूको संयोजनले उपन्यासमा रोचकता थपिएको छ ।

**सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासको पात्रविधानलाई निम्नलिखित तालिकामा प्रस्तुत गर्न सकिन्छ :

| क्र.स. | पात्र | लिङ्ग | कार्य भूमिका | प्रवृत्ति | स्वभाव | जीवन चेतना | आसन्तना | आबद्धता |
|---|---|---|---|---|---|---|---|---|
| १ | हाइनरिख | पुरुष | प्रमुख | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| २. | लक्ष्मी शाह | स्त्री | प्रमुख | अनुकूल | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |
| ३. | चम्पक राणा | पुरुष | प्रमुख | प्रतिकूल | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |
| ४. | इलेन | स्त्री | प्रमुख | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ५. | रेमण्ड राणा | पुरुष | सहायक | प्रतिकूल | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |
| ६. | कृष्णराजा | पुरुष | सहायक | अनुकूल | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |
| ७. | चेतना | स्त्री | सहायक | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | बद्ध |
| ८. | डा.कोमल विक्रम | पुरुष | गौण | अनुकूल | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |
| ९. | सानुभाइ नेपाली | पुरुष | गौण | प्रतिकूल | गतिशील | वर्गगत | मञ्चीय | मुक्त |
| १०. | मीरा | स्त्री | गौण | प्रतिकूल | गतिशील | वर्गगत | मञ्चीय | मुक्त |
| ११. | लक्ष्मी थकालनी | स्त्री | गौण | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | बद्ध |
| १२. | भुम प्र. रिजाल | पुरुष | गौण | प्रतिकूल | स्थिर | वर्गगत | मञ्चीय | बद्ध |
| १३. | कमला | स्त्री | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | मुक्त |
| १४. | जोन सेवास्टिनो | पुरुष | गौण | अनुकूल | गतिशील | व्यक्तिगत | मञ्चीय | मुक्त |
| १५. | दघिराम कोइराला | पुरुष | गौण | प्रतिकूल | गतिशील | वर्गगत | मञ्चीय | मुक्त |
| १६. | पाँडे मास्टर | पुरुष | गौण | अनुकूल | स्थिर | वर्गगत | मञ्चीय | बद्ध |
| १७. | विलास वि. थापा | पुरुष | गौण | प्रतिकूल | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |
| १८. | बुद्ध ब. गुरुङ्ग | पुरुष | गौण | प्रतिकूल | गतिशील | वर्गगत | मञ्चीय | बद्ध |
| १९. | गजेश्वर भट्ट | पुरुष | गौण | प्रतिकूल | गतिशील | वर्गगत | मञ्चीय | मुक्त |
| २०. | दुर्गा ब. गुरुङ | पुरुष | गौण | अनुकूल | स्थिर | व्यक्तिगत | मञ्चीय | मुक्त |

### ४.१.३ **देशकाल र वातावरण**

#### ४.१.३.१ **देशकाल**

जुन स्थान र समयमा चरित्रका माध्यमबाट कार्यव्यापार घटित हुन्छ त्यसलाई नै उपन्यासमा देश-काल भनिन्छ। उपन्यासमा चरित्रका माध्यमबाट कार्य व्यापार घटित हुने प्रमुख स्थान र प्रमुख समय वा सामान्य स्थल र सामान्यकाल नै देश-काल हो। अभिधात्मक रूपमा देश भनेको स्थान र काल भनेको समय हो। उपन्यासका देशकाल भित्र कार्यव्यापार, स्थान समय लगायत कथानकसँग मेल खाने रहनसहन, प्राकृतिक पूर्वाधार समेत पर्दछन्। देश-कालको उपयुक्त संयोजनले उपन्यासको वास्तविकता र विश्वसनीयतामा वृद्धि हुन्छ। उपन्यासमा वर्णीत घटना र त्यसका चरित्रसँग मेल खाने रहनसहन, भौगोलिक प्राकृतिक अवस्था आदिको सिर्जना नभएको उपन्यास असहज र अविश्वसनीय ठहर्छ। जुन उपन्यासमा देशकाल अनुसारका चरित्र र घटनाहरूको उत्तम संयोजन भएको हुन्छ, त्यस्ता उपन्यासहरूमा आञ्चलिकता उन्मुख स्थानीय रङ्गको अविर्भाव भएको हुन्छ। आञ्चलिक उपन्यासहरूमा देशकालको उपयुक्त, उचित र व्यवस्थित प्रयोग भएको हुन्छ। देश-कालको प्रस्तुतिका लागि उपन्यासकारहरू वर्णनात्मक र विवरणात्मक शैलीको भन्दा चित्रात्मक शैलीको प्रयोग गर्न मन पराउँछन्। चित्रात्मक शैली अपनाएर प्रयोग गरिएको देशकाल अत्यन्त रोचक हुन्छ।

सागर उर्लन्छ सगरमाथा छुन उपन्यासमा वर्णित देशकाल अमेरिका देखि लिएर नेपालसम्म रहेको छ। उपन्यासका नायक हाइनरिख नेपाल आएपछि आफ्ना विगतमा अमेरिकाको हवाइ टापुमा विताएका क्षणको स्मरण पूर्वदीप्ति प्रणालीका माध्यमद्वारा गर्न पुग्दछन् भने त्यस बाहेकका अन्य सम्पूर्ण घटनाहरू नेपालमा खास गरी काठमाडौं र पश्चिमी पहाडी भेगमा घटेको देखाइएको छ।

हाइनरिख भिन्न भौगोलिक परिवेश र संस्कृतिको व्यक्ति हो। हाइनरिखको संस्कृति भौतिकवादी प्रभावित संस्कृति हो उनीहरू आर्थिक दृष्टिकोणले समेत सम्पन्न रहेका छन्। त्यस किसिमको परिवेशमा जन्म लिएको हाइनरिख यहुदी धर्मावलम्वी व्यक्ति हो। उसले सोही किसिमका क्रियाकलापहरू अबलम्वन गरेको छ।

**सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासमा परिवेश खुल्ने सोही किसिमका घटनाहरू पाइन्छन्। त्यो उनीहरूको स्थानीय परिवेशसँग मेल खान्छ।

*"सार्क, त्यो भयानक समुन्द्री दानव ! उसले यहाँ आएर सार्क देखेको यो पहिलो पल्ट थियो। सार्क अहिले आफ्ना आसपासका सम्पूर्ण सान्म जीवलाई निलेर सागरको अथाह गहिराइमा डुबिराखेको थियो। सतहमा अब केवल कालो भुमरी मात्र परेको देखिन्थ्यो" (पृष्ठ -२८)।*

यस किसिमको घटनाको प्रस्तुतिबाट कुनै पनि विदेशी भूमिको झलक दिन्छ ।

यस उपन्यासमा ग्रामीण जीवनको परिवेश समेत स्थानमा आएको पाइन्छ । जस्तै-

*"चौतारो नजिक एउटा ढुङ्गेधारा थियो । त्यहाँ तीन-चार जना ग्रामीण युवतीहरू र केही केटाकेटी नुहाउन र पानी भर्न लागेका थिए । एउटी युवती कम्मरमा गाग्री अड्याएर नजिकै लुगा धुन वसेकी अर्की दौतरीसँग नाकमुख हल्लाई हल्लाई चर्को चर्को स्वरमा बातमार्दै थिई । अर्का दुइटी किशोरीहरू धारामा पानी भर्दै थिए (पृष्ठ -२३८) ।"*

यसरी सजीव दृश्य लाग्ने प्रस्तुत उपन्यास विविध परिवेशको झलक प्रस्तुक गर्ने दपर्ण हो । यी परिवेशहरू कहिले पाश्चात्य भौतिकवादी संस्कृति भएर, कहिले अमेरिकाका इष्ट वेस्ट सेन्टर भएर, कहिले हवाइ टापु भएर, कहिले सिटी अफ रिफ्युजको सम्राट का-मेहा- मेहाको शासनकाल (१८५४-१८६३) को इतिहास भएर वृहत्त परिवेश र कालको जानकारीका साथ चित्रित छ । त्यसैगरी नेपाली संस्कृतिमा पनि कहिले काठमाडौँका विभिन्न स्थानको दृश्य साथै ग्रामीण परिवेशको चित्रण छ । नेपाली परिवेशका देशकालको वर्णन जस्तै डाँडा पाखा, गोरेटो, उकाली-ओराली, धारा, भन्ज्याङ र चौतारीका रूपमा जीवन्त भएर आएका छन् ।

उपन्यासमा नेपालको आर्थिक पक्षसँग सम्बन्धित कारुणिक दृश्य विभिन्न ठाउँमा झल्किएको पाइन्छ जस्तै -

*"सर ! वन रूपी सर ! आई हङग्री सर, आई इट् सर ! आई हङग्री (पृष्ठ -५६) ।*

एउटा विदेशी पर्यटक हाइनरिख सामु निर्लज्ज रूपमा पैसा माग्दै गरेका गरिब केटाकेटीहरूको समेत चित्रण देखाएर नेपाली समाजको आर्थिक स्तरको नमूना प्रस्तुत गरिएको छ । त्यसैगरी उपन्यासमा २०१६ साल देखि २०४६ साल सम्मको पञ्चायती व्यवस्थाको चित्रण गरेर राजनितिक परिवेश समेतको चर्चा गरिएको छ । पञ्चायती निरकुंश शासन व्यवस्था र त्यस व्यवस्थाले जनतामाथि गरेको अन्याय, अत्याचार साथै देशमा मौलाउँदै गएको सामन्तवादी प्रणालीको झलक दिइएको छ । सामन्तहरूले देशलाई कसरी खोक्रो पार्न केही बेर नै लगाउँदैनन् भन्ने कुरा थाहा पाउन रेमण्ड र चम्पकलाई मात्र हेरे पुग्छ । उनीहरूले देशलाई भित्र भित्रै खोकाएर जनतालाई लागू पदार्थमा लठ्याउँछन् । नेपाली समाजको यस्तो कारुणिक दृश्य पस्कीएर त्यस समाजलाई परिचित गराइएको छ । अर्कातिर देशमा चलिरहेको जनआन्दोलनको पनि प्रसङ्ग छ ।

*"फलामे टोप, कटबाँसको लट्ठीधारी प्रहरीको एउटा टोली। सहरभरि कर्फ्यू छ। ...सडकमा चरो-मुसो छैन। पसलहरू बन्दछन्। साँझ बढ्दै गएको छ। ती फलामे टोपी र कटबाँसको लट्ठीले सजिएको आतङ्क एउटा चौवाटोको मोडमा ट्रकबाट उत्रिएर चारैतिर फैलन्छ। सहरभित्रको सुनसान सडकमा उनीहरूको फलामे कीला ठोकेको आवाज परपरसम्म प्रतिध्वनित हुन्छ। ...... त्यस्तैमा एउटा मानिस एउटा गल्लीबाट फुत्त निस्केर अर्को गल्लीभित्र पस्छ।" (पृष्ठ २३५)*

यस प्रसङ्गले २०४६ सालको जनआन्दोलनको समयमा काठमाडौ लगायत देशका विभिन्न स्थानमा बढेको प्रहरी दमनका बारेमा झल्काउँछ।

यसरी यी विभिन्न गतिविधिले सुसज्जित सागर उर्लन्छ सगरमाथा छुन उपन्यासमा देशकालको उचित संयोजन भएको छ।

### ४.१.३.२ **वातावरण**

उपन्यासको वातावरण पाठकको भावनासँग सम्बन्धित विषय हो। उपन्यासको कार्यव्यापार हुँदै जाँदा त्यस देशकालमा त्यहाँको चरित्रद्वारा घटाइएका घटनाहरूले पाठकको मनमा छोड्ने प्रभाव नै उपन्यासको वातावरण हो। उपन्यास पढ्दा पाठकको मनमा उठ्ने दु:ख, क्रोध, घृणाजस्ता भावहरूको उद्दीपन र तिनको परितृप्तिसँगै उपन्यासको वातावरण सम्बन्धित छ (बराल र एटम, २०५८ : ३६)। यसप्रकार उपन्यासको वातावरण उपन्यासका अन्य तत्त्वहरूका तुलनामा सूक्ष्म हुन्छ। यो पाठकको मानसिक अवस्थासँग सम्बन्धित भएकाले उपन्यासमा घटित घटनाहरूको समष्टिमा खण्डितरूपमा घटेका घटनाहरूले विविध किसिमको वातावरण सिर्जना गर्न सहयोग पुऱ्याउँछन्। "देशकालको तात्पर्य वातावरणको कुनै सीमा हो, जसको परिवेश अन्तर्गत उपन्यासले आफ्नो संसार सृष्टि गर्छ। यसले देशको सामाजिक, धार्मिक र राजनीतिक परिस्थितिलाई सम्झाउँछ, आचार-विचार रीतिथिति, चालचलनहरूलाई बुझाउँछ, समाजमा असल खराब, व्यावहारिक र वैचारिक पक्षहरूलाई संकेत गर्छ भनेर प्रधानले (२०६१:१०) भनेका छन्।

यस सागर उर्लन्छ सगरमाथा छुन उपन्यासमा विभिन्न समय र स्थानमा उपन्यासका चरित्रहरूले विभिन्न किसिमको भूमिका निभाएका छन्। तिनीहरू मध्ये कुनै चरित्र सत् छन् र सकारात्मक भूमिका प्रस्तुत भएको पाइन्छ र कुनै चरित्र असत् छन् र नकारात्मक भूमिका प्रस्तुत भएको पाइन्छ। चरित्रहरू जे जस्ता प्रवृत्तिमा देखिए तापनि तिनीहरूले सम्पादन गरेको कार्यबाट पाठकको मनमा विभिन्न किसिमका उद्दीपन भावहरू उत्पन्न भएका छन्।

हाइनरिख नेपाल आएका समयमा लक्ष्मीसँगको भेट अवश्य हुनेछ भनेर उत्सुक रहेको हाइनरिखले उपन्यासको अन्तसम्म पनि लक्ष्मीलाई भेट्न नसक्दा निराश भएको हाइनरिखको मानसिकता प्रति सहानुभूति जाग्छ। देश र जनतालाई नै अधोगति तर्फ धकेल्ने चम्पक र रेमण्ड जस्ता तस्करीको व्यापारीक सन्जाल व्यापक छ। सम्पूर्ण यूवावर्गलाई कुलतमा फसाएर लुट र आतङ्कको व्यापार गर्न चाहने चम्पक जस्ता तस्कर प्रति पाठकको मन क्रोधित बन्छ।

*“यस देशमा दिनदिनै बढ्दै गएको तस्करी, बलात्कार, लागू पदार्थको किशोर - संसारमा व्यापक प्रसार। यी सबैका लागि यहाँका ठूला ठूला पाँचतारे, तीनतारे होटल, पर्यटनकेन्द्रहरू र बाहिरका पर्यटकहरूलाई उपयोग गरिन्छ। त्यस्तै यहाँका अमूल्य कलाकृतिहरूको चोरी निकासी, विदेशबाट सुन...., ड्रग्स आदिका पैठारीहरू पनि यिनै केन्द्र र माध्यमद्वारा हुन्छन्। ...इन्टरपोलको शङ्का छ, -यी सबै काममा चम्पक राणाको ठूलो र सायद प्रमुख भूमिका छ।”( पृष्ठ-१६७)।*

देशमा जतातातै शोषण, दमन, अत्याचार, लुट मात्र बढेको देखाइएको छ। निम्न स्तरका जनतालाई बाँच्न निकै कष्ट परेको छ। देशमा व्याप्त सामन्तवादी प्रणालीबाट जनताले मुक्तिको सास फेर्न नपाउँदा नेपाली जनताको बग्दै गरेको आँशु पुछुँ जस्तो लाग्छ र सम्पूर्ण जनताहरू आन्दोलित भएर उठ्छन्।

अर्कातिर लामो समयसम्म शासन गरेको पञ्चायती शासन व्यवस्थाका विरुद्ध सम्पूर्ण जनताहरू आन्दोलित भएर उठ्छन्। राज्यपक्ष ती आन्दोलित जनताहरूलाई दबाउन तर्फ लाग्छ। निहत्था जनताहरू सयौं घाइते हुन्छन्, कैयौं मारिन्छन्। पिसाब फेर्न बाहिर निस्किएकी सुत्केरी आमालाई आन्दोलनकारी भनी मारिन्छ।

*“लक्ष्मीलाई पिसापले अत्यन्तै जोड गर्छ। ऊ झिसमिसेमा पर्दामा त्यही पेटीमुनि नालीको किनारमा उम्केर बस्छे। प्रहरी झिसमिसेमा चलमलाउने उसको धमिलो आकृतिलाई भयङ्कर क्रान्तिकारी मानेर बन्दुक सोझ्याउँछ - ड्याङ्ग ....।”(पृष्ठ-२६२)*

उपन्यासको अन्त्यमा नायक हाइनरिख समेत प्रशासनको दमनको शिकार बनेर घाइते अवस्थामा अस्पतालमा भर्ना हुँदा डाक्टरका रूपमा आएकी लक्ष्मीले नचिनेको जस्तो वेवास्ता गर्दा सम्पूर्ण पाठकको मन अचम्मितमा पर्छ। यतिका वर्षसम्मको हाइनरिखको प्रतिक्षिता रहेकी लक्ष्मीको त्यो व्यवहार कौतुहलतापूर्ण एवम् रहस्यात्मक थियो।

*“चेतनाको स्वर करुण थियो” - ऊ यस देशकी आनदानी उपल्लो श्रेणीको अभिजात वर्गकी छोरी। तपाइँ हामी जस्ता साधारण हैसियतका मानिससँग सम्बन्ध देखाउन उसको अहम्ले मन्जुर गर्दैन। .... त्यसमाथि ऊ अहिले देशमा “मानिएका ठूला डाक्टर मध्येकी एक। उसले तपाइँ -हामीले टेकेको तल्लो धरातलमा टेक्दा उसको गरिमा कसरी रहन्छन् ?”(पृष्ठ-२८३)*

उपन्यासमा हाइनरिखको जीवन यतिसम्म करुणामय स्थितिमा देखिन्छ कि पाठकका मनमा करुणाको आँशु बहन्छ तर चेतना जस्ती सहयात्रीको साथ पाएकामा केही प्रफुल्लीत बन्छ ।

यसरी उपन्यासमा विभिन्न किसिमका घटनाको संयोजन भएकाले ती घटनासँग प्रत्यक्ष सम्पर्क राखेका पात्रको प्रवृत्तिका आधारमा पाठकको मनमा विभिन्न किसिमका क्रिया प्रतिक्रिया भएर उपन्यासको वातावरण बनेको पुष्टि हुन्छ ।

### ४.१.४ **दृष्टिविन्दु**

दृष्टिविन्दु उपन्यासमा कथावाचक उभिने धरातल हो । मूलत : दृष्टिविन्दु दुई प्रकारका हुन्छन् -बाह्य वा तृतीय पुरुष दृष्टिविन्दु र आन्तरिक वा प्रथम पुरुष दृष्टिबिन्दु । दृष्टिविन्दु पात्र 'म' अर्थात प्रथम पुरुष रहेको अवस्थामा वा त्यो पात्र त्यो अर्थात् तृतीय पुरुष रहेको अवस्थामा उपन्यासको संरचनात्मक स्वरूप नै फरक-फरक हुन जान्छ । 'दृष्टिविन्दु' केवल 'म' र 'त्यो'को शाब्दिक अर्थमा मात्र सीमित छैन, परन्तु पात्रको मनको अनुभूति, भाव संवेग, चिन्तन आदिलाई प्रकट गर्ने आन्तरिक प्रक्रियासँग नै मूलतः यो सम्बद्ध छ । दृष्टिविन्दु पात्र चाहे जुनसुकै पुरुषमा होस, त्यस पात्रको मानिसक अनुहारलाई उपन्यासकारले कुन हदसम्म चिनाउन सकेको छ, त्यसबाट नै कथामा 'दृष्टिविन्दु' को प्रयोजन स्पष्ट हुन्छ ।

सागर उर्लन्छ सगरमाथा छु उपन्यासमा उपन्यासकार विकल स्वयम् सर्वज्ञाता एवम् समाख्याता बनेर उपन्यासमा कथावस्तु, चरित्र, वातावरण, एवम् सारवस्तुको औपन्यासिक निर्माण एवम् संयोजन गरेका छन् ।

*"त्यस साँझ बालक हाइनरिख सुन्निएको नाक, काटिएको ओठ, सुन्निएका आँखा, धुस्रो र फुस्रो शरीर र च्यातिएका लुगा-कपडा, सम्पूर्ण घाइते भएर रुँदै घर फर्क्यो" (पृष्ठ-२५) ।*

*"देशको अवस्था झन् झन् चरम पतनतिर धकेलिँदै थियो । सर्वसाधारण जनताको जीवन झन् झन् तल खस्कँदै थियो । सत्तामा रहनेहरूको विदेशी बैङ्कको राशि र स्वदेशी सम्पत्तिको छेलोखेलो हुँदा देशको ढुकुटी - वनजङ्गल, राजस्व, रित्तिदै धरती मरुभूमिमा बदलिदै थियो" (पृष्ठ -२१८) ।*

यस प्रसङ्गमा उपन्यासकार सर्वदर्शी बनेर सम्पूर्ण घटनाको अवलोकन गरिरहेका छन् ।

उपन्यासको बीच-बीचमा पात्रीय संवाद र कथनले चरित्र र घटनाक्रम जीवन्त भए पनि मुलतः यसमा अन्य पुरुष अर्थात् तृतीय पुरुष दृष्टिविन्दुको नै प्रयोग गरिएको छ ।

*"तर तपाइँ यसरी किन खुसामद गर्नुहुन्छ ?" हाइनरिखले सोध्यो । केटी उसको अबोध प्रश्नमा केही विस्मित देखिई" (पृष्ठ -६८) ।*

*"केही होइन बुबा !" इलेनले अझै हाँसोको रङ्ग ननिखेको स्वरमा भनी - "सायद मिस्टर गोल्डम्यानलाई हाम्रो यस भुताहा महलमा आएर वस्न, यहाँका भूतहरूदेखि डर लाग्छ । यो त एउटा हन्टेड क्यास्सल जस्तै लाग्छ उहाँलाई" (पेज नं. १०१)*

बाह्य दृष्टिविन्दु यसको मूल दृष्टिविन्दु भएको छ । सबै घटनाक्रमलाई उपन्यासकारले छानी-छानी चुनीबुनी के घटना घट्छ कस्तो पात्र हुन्छ मानिस अनुसार प्रकृति र प्रकृति अनुसार मानिस कस्तो छ ? जस्ता यावत् सन्दर्भको सृष्टि र विस्तारपूर्वक त्यसको गुम्फन संयोजन र वर्णन लेखककै सर्वज्ञाताबाट भएको छ । संवादमा म, हामी, तिमी, को, कस्ता, कति जस्ता शब्द प्रयोग भए पनि घटनाक्रमका वर्णनमा लेखककै दृष्टि अनुसार वर्णन हुन्छ यसर्थ यो तृतीय पुरुष बाह्य दृष्टिविन्दुको प्रयोग गरिएको वर्णनात्मक शैली शिल्प संयोजन भएको उपन्यासका रूपमा निर्मित हुन पुगेको छ ।

### ४.१.५ **सारवस्तु**

उपन्यासले समग्रमा भन्न खोजेको कुरा निष्कर्ष नै उपन्यासको सारवस्तु हो । प्रयोजन बिनाको कल्पनाले औपन्यासिक स्वरूप लिन सक्दैन त्यसकारण कुनै न कुनै उद्देश्य निहित हुन्छ । उपन्यास खासगरी सामाजिक समस्या र वैयक्तिक जीवनमा विभिन्न पक्षको विस्तृत अध्ययन हुनाले त्यसमा चित्रित जीवन र समस्याहरू यथावत् वर्णनमात्र नभएर तिनीहरूले जीवनप्रति उपन्यासकारको कुनै विशिष्ट दृष्टिकोणलाई नै प्रकट गरिरहेका हुन्छन् (प्रधान, २०६१:११) । सारवस्तुको बुझाइ र व्यक्त्याइ लेखकै पिच्छे पाठकै पिच्छे कतै न कतै फरक रहको पाइन्छ । उपन्यासमा व्यक्त सारवस्तु सामाज, लेखक, कृति र पाठकबीच चिनारीको रूपमा देखा पर्दछ ।

जीनव जगत्को खास अवस्थाको उद्घाटन गर्नु उपन्यासको उद्देश्य रहेको हुन्छ । त्यसैगरी उपन्यासकारले जीवनप्रतिको आफ्नो दृष्टिकोण समाज प्रतिको धारणा विचार प्रस्तुत गर्न अथवा समाजलाई कुनै सन्देश दिन उपन्यासको रचना गरेको हुन्छ । उपन्यासमा प्रत्यक्ष निष्कर्ष भन्दा पनि कलात्मक निष्कर्ष बढी प्रभावकारी हुन्छ । उपन्यासमा सत्य र नैतिकता दुवै रूपमा जीवन दर्शन प्रस्तुत भएको हुन्छ मूलरूपमा उपन्यासकारको आदर्शवादी वा यथार्थवादी जीवन दृष्टि उपन्यासमा स्पष्ट पार्न विभिन्न घटना, पात्र, परिवेश, आदिको समन्वय गरी उपन्यासको रूप प्रस्तुत गरेर उपन्यासकारले भन्न खोजेको कुरा व्यक्त गरेको हुन्छ ।

सागर उर्लन्छ सगरमाथा छुन उपन्यासमा पूँजीवादी समाजका शोषण, दमन, अन्याय, अत्याचार आदि विकृति विसङ्गतिलाई देखाइएको छ । नेपालको राजनीतिक पद्धति प्रजातन्त्र भने पनि र पञ्चायत भने पनि हालसम्म पूँजीवादी पद्धतिकै उपजका रूपमा प्रस्तुत भइरहेछ । इतिहासको लामो समयदेखि वर्तमानसम्म यहाँ विकृति परम्पराको मूल्य कायम छ भन्ने कुरा प्रस्तुत उपन्यासमा आलोचनात्मक ढङ्गले प्रतिपादन भएको छ (सुवेदी, २०५३ : १६४) । यस उपन्यासमा आवश्यकरूपमा २०३० साल पछिका नेपालको राजनीतिक पर्यावरणमा देखिएका विकृतिहरू र परिवेशमा देखिएका विसङ्गतिहरू अनि मुलुकमा भएका सांस्कृतिक सम्पदामाथिका बलात्कारहरूलाई प्रष्ट्याइएको छ ।

*"मेरो बाबुले तस्करीद्वारा भित्र्याउन खोजेको २४० किलोसुन पक्डिएकोमा बाबुकै साथमा भयङ्कर मुड बनाउने खालको प्रभाव कि, त्यसको विपरीत ...?" (पेज नं. -१८१)*

मुलुकको राजनीति दरबारिया अभिजातहरूको जिम्मामा, अर्थव्यवस्था तिनै अभिजातहरूले पजनी गरेका चम्चाहरूका जिम्मामा रहेका थिए । देशका प्राकृतिक स्रोत साधनहरू तिनै अभिजातका भरौटेहरूका जिम्मामा रहेका थिए । त्यस स्थितिमा बौद्धिक अभिव्यक्तिका पक्षहरू पनि त्यसै परिवृत्तका महत्त्वाकांक्षीका नियन्त्रणमा कुण्ठित भएका थिए । सत्ता सञ्चालनका स्रोत लगायतका पक्षहरूमा यिनै अभिजातहरूको एकाधिकार थियो । समाजमा व्याप्त विकारग्रस्त संस्कृतिका कारक तत्त्वहरू यिनै अभिजातहरू बनेका थिए । नेपाली परिवेशका २०३० र २०४० का दशकका प्रचलित कथ्यलाई उपन्यासमा देखाई त्यस समयको समाजको पहिचान दिनु यसको मूल अभिष्ट हो, त्यस अन्तर्गत पञ्चायती राजनीतिको दुष्कृत्य देखाउनु, सर्वसाधारण राजनीतिकको चक्रमा पिसिएको देखाउनु जस्ता पक्षहरू देखाउनु रहेको हुन्छ ।

सागर उर्लन्छ सगरमाथा छुन उपन्यासमा नेपालीहरूको सामाजिक एवम् आर्थिक स्तरको पनि राम्रो चित्रण गरिएको छ । देश प्राकृतिक स्रोत साधनमा धनी भएतापनि यसको कतै सदुपयोग पाइँदैन । वनजङ्गल माथिको बढ्दै गएको तस्करले सिङ्गो मुलुकनै धरासायी बन्दै गएको छ ।

*"चारकोसे झाडीको काठ तस्कर देखि हङकङ, सिङ्गापुरको गुप्त व्यापारसम्म सम्पूर्ण क्षेत्रमा आज उसैको फैलावट थियो । केही वर्ष अघि अर्काको आश्रयको खोजी गर्दै रुझेको बिरालोको रूपमा चारकोसे झाडी पसेको त्यो कौडीमल आज बाघ बनेर सम्पूर्ण इतर प्रणीका लागि एउटा खतराको कारण बन्न पुगेको थियो (पृष्ठ - १३२) ।*

यसबाट वनजङ्गगल जस्ता प्राकृतिक स्रोतमाथि समाजका अभिजात्य वर्ग, व्यापारी तस्करी वर्गहरूको नै अधिकार सरह थियो । उनीहरू त्यसको दुरूपयोग गरेर रातारात धनी बन्दथे ।

देशमा व्याप्त उच्च धनी वर्ग र निम्न वर्ग गरी दुई वर्गका जनताहरू थिए । ती दुईमा एउटा ऐस, आराम, मोजमस्ती गरेर उच्च स्तरीय सुविधा भोगको जीवन यापन गर्दथ्यो भने अर्को दिन रात मेहनत परिश्रम गरेपनि भोकभोकै बस्नुपर्ने, रोगलाग्दा औषधी गर्न नसकेर त्यत्तिकै मर्नुपर्ने जस्ता बाध्यात्मक सामाजिक विषमता थिए । त्यस परिस्थितिमा पनि सरकारी निकाय उही किसिमको थियो । जनताहरू कुनै पनि स्वतन्त्रता र अधिकारबाट विमुख थिए ।

*"यस्तो स्थितिमा बाँच्न बाध्य नेपाली जनता प्रतिदिन नपुंसक र दास मानसिकता भएको कमारोमा बदलिँदै गए ।  यस्तै अवस्थामा केही सचेत युवाहरू जागरुक भएर भूमिगत राजनीतिको सञ्चालन गर्न थाले । जनता बाहिरबाट मूक जनावर झैं देखिए पनि हृदयमा त उसको विद्रोह उम्लेकै थियो (पृष्ठ - ११२) ।"*

समग्र नेपाली जनताको बाध्यात्मक स्थिति माथिको उद्धरणबाट स्पष्ट हुन्छ ।

सागर उर्लन्छ सगरमाथा छुन उपन्यास २०१७ - २०४६ सालबीचको पञ्चायती शासन व्यवस्थाको झलक प्रस्तुत गर्ने उपन्यास हो । २०१६ सालबाट प्रजातान्त्रिक शासन प्रणालीलाई माटो नसुहाउने व्यवस्था भनी विघटन गरे पछि पञ्चायत पक्षधर मण्डलेहरूले जनताहरूलाई दु:ख दिने काम गरे । शासन सत्तामा विराजित पुलिसका हाकिमहरू चम्पकका एकै हप्कीमा र अञ्चल र जिल्लाका राजा ठहर्ने अञ्चलादीश र सि.डि.ओ. हरू स्थानीय मण्डलेहरूका एकै हप्कीमा धोतीमा मूत्र मोचन गर्न पुगेका देखिन्छन् ।

*"कान्छा ! त्यो गधा एस्.पी. लाई एयरपोर्टमा फोन गर । त्यो अहिले त्यँही छ । त्यताबाट सीधै यहाँ आउनू भन - स्ट्रिक्ट अर्डर, बेइमान, गधा ! यसलाई पखेटा लागे जस्तो छ" (पेज नं. १८०) ।*

यसरी प्रहरी प्रशासन समेतलाई सामन्त, तस्करहरूले कब्जामा पारेको देखिन्छ भने कुनै ठाउँमा जनतालाई प्रशासनले कष्टकर जीवन विताउन बाध्य पारेको पनि देखिन्छ ।

*"...अब मानिसलाई थुन्ने, छेक्ने, पिट्ने क्रियाहरू सुरु भए । ... राजधानीका सडकहरूमा दिनरात फलामे टोपी र कटबाँसका डन्डा लिएका गेस्टापोहरूको आतङ्क पैदा गर्ने रमनका बुट बज्रिन थाले । विद्यार्थी, बुद्धिजीवी, शिक्षक, लेखक, कलाकारमाथि अमानुषिक दमनको चक्र कुदाउन थालियो । सहरमा कर्फ्यू जारी भयो । नागरिकहरू आफ्नै घरभित्र कैदी भएर बस्तु पर्ने अवस्थाको सिर्जना भयो । नागरिक जीवन कुण्ठित तुल्याइयो" (पृष्ठ -२६०) ।*

यसबाट पञ्चयती शासन व्यवस्थाका विरुद्ध व्यापक जनदबाब बढ्दै जाँदा प्रशासनले जनतालाई दिएको अनावश्यक दुःख देखाइएको छ ।

उपन्यासका खल पात्र मानिने चम्पक र रेमण्डले देशमा लागू औषध कारोबारको व्यापक रूपमा व्यवसाय नै चलाएका हुन्छन् । विदेशबाट आयात गरिएको लागू औषधलाई देशभर विस्तार गरी युवाहरूलाई कुलतमा फसाएर व्यापार बढाउने घातक योजना रहेको हुन्छ ।

*"हाम्रो अर्गनाइजेसनले एउटा ल्याव खोल्ने -औषधी प्रशोधन ल्याब, ड्रगको ल्याब खोल्ने निधो गरेको छ । ........त्यसको मुख्य इन्चार्जको रूपमा मिस्टर गोल्डस्म्यानलाई ....के रे ? .... गोल्डस्म्यान नै होइन त ?" (पृष्ठ -१७९)*

उनीहरूले लागू औषधको कारोवारालाई शुरुमा औषधी प्रशोधनल्याबका नाममा सञ्चालन गरेर मुख्य इन्चार्ज हाइनरिखलाई नै राख्ने निर्णय गर्छन् ।

*"... भूमिगत राज्यको सञ्चालनमा चल्ने यस अनुसन्धानशालामा अनेक किसिमका विषालु औषधिहरू मिसाएर नक्कली औषधि बजारमा फैलाएर करोडौंको मुनाफा कमाइन्छ; देश -विदेशबाट घातक लागू पदार्थको तस्करी गरेर देशका कलिला भावी सन्तानको जीवनलाई रसातलमा पुऱ्याउने सामल जुटाइन्छ । यसै केन्द्रबाट देशका सम्पूर्ण भागमा लागू पदार्थको घातक वितरण हुन्छ ।" (पृष्ठ -१८९)*

यसरी उनीहरूले एक किसिमको नामबाट अर्को किसिमको व्यापार गरेर देशका युवाहरूलाई कुलतमा फसाएका थिए । साथै वनजङ्गल तस्कर गर्ने, बहुमूल्य मूर्तिहरू निकासी गर्ने र आफ्नो संगठन विस्तार गर्ने जस्ता कार्यहरू गर्दथे ।

यस **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यास दुई संस्कृति र ती दुई संस्कृतिका रूपान्तरणकारी प्रवृत्तिको अपेक्षा गर्ने नेपाली समाजको चित्रण गरेको छ । पश्चिम यहुदी धर्म र सोही किसिमको वातावरण र संस्कृतिमा हुर्केको हाइनरिख लक्ष्मीलाई भेटेदेखि लक्ष्मीले ग्रहण गरेको संस्कृति धर्म प्रति आकृष्ट भएको पाइन्छ । विज्ञान प्रविधिले सम्पन्न भौतिकवादी सभ्यताको व्यक्ति कुन मानसिक तृप्तीका लागि पूर्वीय संस्कृति प्रति अनुरागी रहेको छ ? विशेष गरी इष्ट वेष्ट सेन्टरमा नरहदाका दिनमा लक्ष्मीका मुखारविन्दबाट नेपाली धर्म संस्कृतिको वर्णन, बुद्ध र हिन्दूत्वको शान्ति सन्देश सुनेर सागरको देशबाट सगरमाथाको देशमा पलायित भएर आएको देखाइएको छ । नेपालमा रहेको अनुपम प्राकृतिक सौन्दर्य अटलरूपमा रहेको विश्वको ताज सगरमाथा अनि निश्छल नेपालीहरूको जातीय संस्कार, माया, ममताले उसलाई लोभ्याएको हुन्छ । यसै पवित्र भूमि अन्तर्गत शान्तिका अग्रदुत बुद्धको जन्मस्थलमा शरणागत हुने आकांक्षाका साथ ऊ आतुर देखिएको छ ।

यसरी यस उपन्यासमा विविध विषयहरूको विषद व्याख्या प्रस्तुत गरिएको पाइन्छ। जनआन्दोलन अगाडिका पञ्चायती शासन व्यवस्थाले जनतालाई दिएको दु:ख, सास्ती, समाजमा भोग्नु परेका अन्याय अत्याचारका व्यथाहरू प्रशासनका उच्चपदस्थ कर्मचारीद्वारा गरिएको शोषण, देशका सामन्तहरूद्वारा गरिएको लागू औषध तस्करको सञ्जाल विस्तार र दुई संस्कृति अन्तर्गतका विषयहरूको चर्चा र पूर्वीय संस्कृति अर्थात सगरमाथाको देशमा आएर विश्राम लिएको देखाइएको छ।

## ४.१.६ **भाषाशैली**

### ४.१.६.१ **भाषा**

"औपन्यासिक तत्त्वहरूलाई आन्तरिक एकात्मकता प्रदान गर्ने सामान्य कार्यमा भाषाको महत्त्व सर्वाधिक छ। साधारणतया हेर्ने हो भने उपन्यासमा कथा, समय र पात्र अनुकूल भाषा अख्तियार गरिन्छ। जीवनको सान्निध्य बुझाउन र प्रवाह कायम गर्न स्थानीय मुहावरा, लोकोक्तिहरू प्रयोग गर्ने गरिन्छ (प्रधान, २०६१:९)।" यसैले भाषालाई उपन्यासको महत्त्वपूर्ण आधारभूत तत्त्वका रूपमा लिइएको छ। उपन्यास जीवनको विस्तृत पक्षलाई वृहत किसिमले अध्ययन गर्ने विधा भएकोले पनि उपयुक्त भाषाको प्रयोग उपन्यासमा अपरिहार्य हुन्छ।

वास्तवमा भाषाको प्रयोगको आधारमा उपन्यासको अर्न्तवस्तुका साथै लेखकको समाजसितको सम्बन्ध, उसले प्रस्तुत गरेको विषयवस्तु र चरित्रको अध्ययन गर्न सकिन्छ। उपन्यासको विषयमा उपन्यासकार आफैँ कथयिता भएको छ भने उसको स्तर अनुरूपको प्रयुक्तिको प्रयोग भएको हुन्छ। त्यसैगरी उपन्यासमा संवादको प्रयोग भएको अवस्थामा पात्र अनुरूपको प्रयुक्तिको प्रयोग भएको हुन्छ। उपन्यासमा पात्र अनुरूप भाषाको प्रयोग भएको छैन भने त्यहाँ अस्वाभाविकताको सिर्जना हुन्छ। नेपाली समाजमा उच्च वर्ग, मध्यम वर्ग र निम्न वर्ग गरी तीन वर्ग रहेका छन्।

यस **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासमा पनि यी तीन वर्ग सुहाउँदो भाषाको प्रयोग भएको छ। चम्पक शमशेर, रेमण्ड, लक्ष्मी र मीरा जस्ता अभिजातीय वर्गका उच्च घरानियाँहरूले बोल्ने भाषा विशेष गरी उच्च आदर गरी प्रयोग गरिएका छन्। त्यसैगरी होटलमा काम गर्ने कर्मचारीहरूद्वारा त्यहाँ आएका उच्च प्रति आदर सम्मान पूर्वक जुन शिष्टाचार भाषा बोलिन्छ त्यो पनि उच्च वर्गीय भाषा मानिन्छ। उपन्यासको नायकनै पश्चिमी

जगत्को अंग्रेजी भाषी भएकोले विभिन्न स्थानमा अंग्रेजी लवजका वाक्यहरू यत्रतत्र भेट्टिन्छन् । जस्तै

*"नो सी इज फ्रम फार कन्ट्री नेपाल" (पृष्ठ -३६)*

*"ओके, बडी यु वाना दिस ब्युटी क्विन ?" (पृष्ठ -३६)*

*"ओ माइ गड ।" "माउन्ट एभरेस्ट । ... ओ वाना गो टु भिजिट देयर माउन्ट एभरेष्ट ।" (पृष्ठ -३६)*

उपन्यासका खलचरित्र चम्पक र रेमण्ड संभ्रान्त परिवारका भएकाले उनीहरूबीच अङ्ग्रेजी वोलचाल हुनु भनेको सामान्य मानिन्थ्यो । त्यसमा पनि हाइनरिखसँगको भेटघाटमा चम्पकले आफूलाई अझ आधुनिक शिक्षित र नेपाली समाजको मध्येको अति उच्च परिवारका देखाउनु थियो त्यसैले उनीहरूका हरेक वाक्य अङ्ग्रेजी हुन्थे या त अङ्ग्रेजी मिश्रित हुन्थे ।

*"मेरी भतिजी, ऊ बडो स्मार्ट छे ....... भेरी सोफिस्टिकेटेड, भेरी मोर्डन, सी इज भेरी ब्युटिफुल एण्ड योङ्ग ।"*

*"दे आर क्रेजी एबाउट फरनर्स, स्पेसियली एबाउट योङ्ग एण्ड हैन्डसम अमेरिकन, हो अमेरिकन, दे आर भेरी फ्रेङ्क एण्ड लाइभ्ली ।" (पृष्ठ -४८)*

*"डोन्ट फर्गेट यु आर गोइङ टु बी म्यारिड इन रोयल फेमिली" (पृष्ठ -८३)*

उपन्यासमा अंग्रेजी भाषाका अतिरिक्त राणा दरबारिया भाषा पनि प्रयोग भएका पाइन्छन् -

*"सवारी होस् । ठूलो जरसाप हजुरलाई नै पर्खेर राज गरिस्या छ । सानु महारानी पनि सकुला हवैस्या छैन ।" - (पृष्ठ -७८)*

उपन्यासमा संस्कृत भाषाका केही मार्मिक पठनीय श्लोकहरू पनि उलेख्य रहेका छन् ।

*बुद्धम् शरणम गच्छामि, धम्यम शरणम् गच्छामि अनि घो शान्तिः, पृथ्वी शान्तिः, आप शान्तिः, वनस्पतय शान्तिः, विश्वेदेवा शान्तिः, सर्व शान्तिः ।" (पृष्ठ -३५)*

उपन्यासमा स्थानीय लवजको पनि प्रयोग भएको छ। यसबाट आम ग्रामीण जनजीवनमा जीवन्तता थपिन्छ । एउटा लाहुरेसँगको वार्तालाप

*".....तर मलाई पनि यकिन मालुम छैन। म पनि यस जगाको मानिस होइन। .......मेरो मकान पनि यहाँ से ती रोजको रास्तामा पर्छ ।"*

*"साप कौन जगाबाट आउनु भएको ?" (पृष्ठ -२३९)*

*"ए अस्पतालमा त एउटा अग्रिगन दाङ्दर आएको छ रे नी। .... अब त अस्पतालको हालत राम्रो होला कि ? अमिगन दाङ्दार सिपालु पनि त होला ?" "......अनी, त्यसैले त ठूला ठालुहरू आफ्ना छोराछोरीलाई किन पढाउँछन् भन्दा दाङ्दार, इन्जिनियर यस्तै बनाउन भन्छन्। .....यी पिचासहरू। ....पोहोर आको शर्मा भन्ने दाङ्दार देखेनौ ? मोरो द्रबेपिचास। एकपल्ट यसो भुँडी छाम्यो कि उसलाई पैसो चाइहाल्यो। भीरबाट खसाल्नु जस्तो। (पृष्ठ - २४५)*

यसरी विभिन्न भाषाहरूको प्रयोगले प्रस्तुत उपन्यास सजीव बनेको छ। यसमा प्रयुक्त अङ्ग्रेजी लवजहरूको स्वाभाविक र आवश्यक स्थानमा मात्र आएका छन् जस्ले उपन्यासलाई सत्यताको नजीक पुऱ्याएको छ। त्यसै गरी गाउँघरमा बोलीने बोलीहरू, सभ्य र असभ्य दुबैको बोलीहरू साथै तत्सम तद्भव र आगन्तुक शब्द आदिको मिश्रणबाट उपन्यास शब्द चित्र बनेको छ।

४.१.६.२ **शैली**

"निजत्वको विशिष्ट रूप हो शैली। यसले अभिव्यक्तिको स्वतन्त्र र व्यक्तित्वपूर्ण मार्ग प्रशस्त गर्दछ। अर्को शब्दमा भनूँ, शैली नै उपन्यासको व्यक्तित्व हो (प्रधान; २०६१ : ९)।" सबैभन्दा पहिले जुन मौलिक भिन्नता वा विशिष्टताको अनुभव पाठकहरू गर्छन्, यो उपन्यासको शैलीतत्त्वको प्रत्यक्ष प्रभाव हो। शैलीको परिकारमा विभिन्नता देखिए पनि यसको काम त कथ्य बस्तुको आर्कषण, रोचकतापूर्ण सजीव प्रस्तुतीकरण नै हो। उपन्यासमा भाषाको चर्चा गर्दा शैलीलाई पनि भाषाभित्र राखेर चर्चा गर्ने गरिएको छ। भाषा र शैली फरक विषय हुन्। शैली प्रस्तुतिको तरिका नै हो भने भाषा उपन्यासको उद्वोधनको माध्यम हो।

**सागर उर्लन्छ सगरमाथा छुन** उपन्यास शैलीगत सरलताबाट क्रमिक रूपमा जटिलतिर अभिमुख भएको छ। प्रस्तुतिमा पाइने कवितात्मक वर्णन र निजात्मक प्रस्तुतीकरणको कारणले यस उपन्यासलाई अत्यन्त शिष्ट र सभ्य बनाएको छ।

*"मलाई माफ गर लक्ष्मी ! हाँस्नुमा कुनै कारण थिएन। मलाई अनायास नै हाँसो उठ्यो" (पृष्ठ- १८)*

जस्ता कवितात्मक शैलीको प्रयोग भएको पाइन्छ। विकलमा कतै-कतै निजात्मक शैली पनि रहेको पाइन्छ

*"....तर हाइनरिख ! सधैंभरि एकनासको जिन्दगी भोग्नुपर्दा त्यो जतिसुकै आकर्षक र सुन्दर भए पनि मानिसको मन कहिलेकाहीँ उच्चाटिन्छ नै" (पृष्ठ -१९)।*

उपन्यासमा कतै कतै संवादात्मक शैलीको पनि प्रयोग भएको छ। "तर दाजी" ! रेमण्डले कुरा काट्यो -

*"अहिले त भर्खर साँझ परिरहेछ । .... हामीले उनीलाई राति १० बजेको टाइम दिएका होइनौं ! .... आइहाल्छन् उनीहरू ।" (पृष्ठ - १२३)*

*"जे भए पनि" - चम्पकले अहङ्कारको स्वरमा भन्यो - "हामी उनीहरूलाई पर्खि त रहेका छौँ ।" ....* (पृष्ठ - १२३)

उपन्यासमा पत्रात्मकशैलीको पनि प्रयोग भएको पाइन्छ ।

*"इलेन ! .....१० मार्च १९८५ ....चम्पकमहल*

*कति विचित्र केटी छ त्यो । उसको व्यक्तित्वको कुनचाहिँ पक्ष वास्तविक हो, त्यसलाई मैले आजसम्म ठम्याउन सकेको छैन ।" (पृष्ठ -१४५)*

यसका अतिरिक्त संस्कृतिको वर्णन, नेपालको वर्णन, इत्यादि ठाउँमा वर्णनात्मक शैली अपनाइएको छ । प्रकृतिक स्थलको वर्णन चित्रात्मक शैलीद्वारा गरिएको छ । सागर र सगरमाथा जस्ता दुई प्रतिकलाई प्रस्तुत गरेर उपन्यासलाई नयाँ शिल्प शैलीद्वारा चिनाइएको छ ।

### ४.१.६ **प्रतीक र बिम्ब**

प्रतीक कुनै वस्तु वा घटनाको कुनै अमूर्त भावको उल्लेख हो, जसले मूर्त वस्तुको सहयोगद्वारा अव्यक्त भावलाई मितव्ययी किसिमले प्रस्तुत गर्दछ । अर्थात् कुनै पनि अव्यक्त वस्तु वा घटनाको व्यञ्जनापरक अर्थ दिने गरी व्यक्त गरिएको वस्तुको मूर्ततालाई प्रतीक भनिन्छ । त्यसैगरी शब्दको माध्यमबाट पाठकको मस्तिष्कमा कुनै स्थिति, घटाना वा पात्रको सदृश छायाँ जाने प्रक्रियालाई बिम्ब भनिन्छ ।

प्रतीक र बिम्बको प्रयोगले उपन्यासको अव्यक्त भागलाई पूर्णता दिने काम गर्दछ । उपन्यासमा प्रतीक तथा बिम्ब अंशमा पनि देखा पर्दछन् र समग्रतामा पनि देखा पर्दछन् । आफ्नो अभिप्रायलाई लाक्षणिक किसिमले प्रस्तुत गर्नका लागि उपन्यासमा प्रतीक र बिम्बको सहारा लिइन्छ । प्रतीकले अव्यक्त पक्षलाई अभिव्यक्ति दिने कार्यमा सहयोग पुऱ्याउँदछ । यसले शब्दमा मिठास ल्याउँछ । यसैगरी बिम्बको भाषा अभिव्यञ्जनात्मक हुने हुँदा यसले पाठकलाई कलात्मक आनन्द दिन्छ । उपन्यासको वर्णनमा बिम्बको प्रयोग निकै हुन्छ ।

यस उपन्यासको शीर्षक नै प्रतिकात्मक रूपमा आएको छ - सागर उर्लन्छ सगरमाथा छुन । यहाँ सागर र सगरमाथा प्रतीक बनेर आएका छन् । हाइनरिख अमेरिकी नागरिक हो, उसको विभिन्न क्रियाकलापहरू देखि लिएर धर्म संस्कृतिसम्म पनि अरूसँग मिल्दैन । ऊ भौतिकवादी यथार्थको धरातलमा उभिएर सम्पूर्ण वस्तुजगत्का बारेमा सोच्छ । ऊ विश्वकै शक्तिशाली मानिसको अमेरिकामा जन्मिएको र अधिकतम विलासपूर्ण तवरले जीवनयापन गर्न

सक्ने क्षमता भएको व्यक्ति हो। यस्तो व्यक्ति पनि किन हो लक्ष्मी शाहसँगको भेटघाटमा नेपालप्रति आकर्षित भएको छ।

लक्ष्मी शाह, नेपालकी छोरी, जो हाइनरिखसँगै पढ्छे, उसले हाइनरिखलाई नेपाली धर्म, संस्कति साथै अन्य सम्पूर्ण पक्षहरू बारे वृतान्त उल्लेखित गरेकी छे, चिनाएकी छे। प्राचीन युग देखि हालसम्मको नेपालको सम्पूर्ण अवस्थिति लक्ष्मीकै मुखबाट सर्वप्रथम हाइनरिखले सुन्ने जान्ने अवसर प्राप्त गर्छ। विभिन्न ऋषि महर्षीहरूको तपोभूमि देखि लिएर आधुनिककालसम्म पवित्र रहेर बुद्ध जस्ता महान शान्तिदुतले जन्म लिएको ठाउँ साथै विश्वकै गौरवशाली सगरमाथाको देश भनेर लक्ष्मीले हाइनरिखलाई बुझाउँछे। हाइनरिख स्वयम् पनि नेपालजस्तो पवित्र देश, बहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिक देशका बारेमा जान्ने अवसर प्राप्त गर्छ। उसको सगरमाथा प्रतिको आस्था प्रगाढ बन्दै गएको पाइन्छ। फलस्वरूप त्यहि मोहलाई शान्त पार्न साथै यहाँ रहेर आफ्नो बाँकी जीवन बिताउन यहाँका दुःखी जनताको आँसु पुछेर स्नेहको मलम लगाउन, बुद्धको आशिर्वाचन लिन र सगरमाथाको माया नजिकैबाट अँगाल्न ऊ सागरको गहिराइबाट सगरमाथा छुन उर्लन्छ। यही मूल मन्त्रलाई उपन्यासको उद्देश्यका रूपमा राख्दै शीर्षक समेतका सार्थक पारिएको छ।

अर्कोतिर हाइनरिख भनेको सागर (समुन्द्र) को देशको व्यक्ति, लक्ष्मी भनेकी सगरमाथा ( नेपाल) की व्यक्ति हो। यसरी उनीहरूबीचको सम्बन्ध स्वरूप हाइनरिखमा सगरमाथा छुनको लागि ऊ सागरको छाल उर्लने तहबाट सगरमाथाको तहमा छुन खोज्छ तर उसको यो प्रयास असफल बन्छ।

यसका अतिरिक्त उपन्यासमा अन्य प्रतीकहरूको पनि प्रयोग भएको पाइन्छ। यहाँ उल्लेख गरिएको भयानक समुन्द्री जीव सार्क अमेरिकी साम्राज्यवादको प्रतीकको रूपमा आएको छ जसले आफ्ना आसपासका सम्पूर्ण साना जीवलाई निले झैं स-साना कमजोर राष्ट्रहरूलाई आफ्नो अधीनमा पारेको छ। त्यसैगरी रेमण्ड राणा र चम्पक राणाले सामन्ती, भ्रष्टाचारी, तस्करी, अपराधजगत्को प्रतिनिधित्व गरेका छन्। मीराको चरित्रबाट संभ्रान्तवर्गका सौखिन महिलाहरू बीचमा बढेको रवाफले निम्त्याएको वेश्यावृत्ति देखाइएको छ । त्यसैगरी कृष्णराजा भनेको तत्कालीन समाजको सचेत युवावर्गका रूपमा लिइएको छ। लक्ष्मी शाहद्वारा अभिजातीय समाजमा हुर्केका नारीहरूको अवसरवादी प्रवृत्तिप्रति व्यङ्गय गरिएको छ। नर्स चेतनाद्वारा सामान्य नेपाली नारी जातिको चित्रण पाइन्छ।

मूलरूपमा यस उपन्यासको प्रतीकात्मक रूपमा आएका सागर र सगरमाथा शब्दहरू नै पाश्चात्य संस्कृति र पूर्वीय संस्कृतिको प्रतीकका रूपमा आएकाले यो उपन्यासलाई प्रतीकात्मक उपन्यास मान्न सकिन्छ।

*परिच्छेद -पाँच*

# "सागर उर्लन्छ सगरमाथा छुन" उपन्यासमा व्यक्त प्रवृत्ति वा चिन्तन

## ५.१ आलोचनात्मक यथार्थवाद

आलोचनात्मक यथार्थवाद यथार्थवादकै एउटा हाँगाका रूपमा उन्नाइसौं शताब्दीमा विकसित सिद्धान्त मानिन्छ। जर्ज लुकाच (शर्मा र लुइँटेल २०५३: ३०१) ले विद्यमान साथै उद्दीयमान व्यवस्था वा यथार्थवादसँग असहमति देखाई आलोचना गर्नु आलोचनात्मक यथार्थवादको मूल पहिचान हो भनेका छन्। उनले समाजवादको आगमन पछि आलोचनात्मक यथार्थवाद स्वतः बिलाउँदै गई यो ठाउँ समाजवादी यथार्थवादले लिने र समाजको यथार्थ चित्रण गर्ने धारणा पनि अघि सारेका छन्।

अर्न्स्ट फिसर (शर्मा र लुईंटेल २०५३ : ३०१) ले स्वच्छन्दतावादी विद्रोह पूँजीवादी मूल्यहरूको उच्च तथा निम्नवर्गीय अस्वीकृतिको मिश्रणबाट आलोचनात्मक यथार्थवाद जन्मिएको हो भनेका छन्। त्यसै गरी उँभो लाग्न नदिएर गतिरोध गर्ने समाजका अहितकर कार्यहरू, दुषित तत्त्वहरू, अन्धविश्वास, शोषण र सामाजिक कुप्रथाहरू अध्ययन गरेर तिनीहरूको विवेचना, आलोचना गर्ने प्रवृत्तिविशेषलाई आलोचनात्मक यथार्थवादको संज्ञा कृष्ण चन्द्र सिंह प्रधान (२०५३ ; १४९) ले दिएका छन्।

प्राय : पूँजीवादी समाजका विकृति विसंगति, शोषण, दमन, अन्याय र अत्याचार प्रति तीव्र व्यङ्गय र आलोचना गरेर साहित्यमा आलोचनात्मक यथार्थवाद जन्मेको हो। पूँजीवादी शोषण, दमन, उत्पीडन, अमानवीयता, आदिको कटु आलोचना गर्ने मूल प्रवृत्ति भएको यथार्थवादलाई आलोचनात्मक यथार्थवाद भनिन्छ। यसले यथास्थितिको आलोचना वा विरोध तीव्रतम रूपमा गर्छ तर त्यसबाट उन्मुक्तिको उचित दिशा निर्देश गर्दैन। समाजको विद्यमान स्थितिलाई आलोचनात्मक रूपले नियाल्ने साहित्यिक मान्यता नै आलोचनात्मक यथार्थवाद हो। विशेषतः पुँजीवादी विकृतिप्रतिको खेद प्रकट गर्नु तथा कटु आलोचना गर्ने प्रवृत्तिका रूपमा आलोचनात्मक यथार्थवादले साहित्यिक क्षेत्रमा विशेष महत्त्व र स्थान पाएको देखिन्छ।

आलोचनात्मक यथार्थवादका कोणबाट हेर्दा **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यास सबल र सुदृढ मानिन्छ। हाइनरिखको नेपाल आगमन भएपछि नेपालको वास्तविकतासँग साक्षात्कार

हुने अवसर मिल्छ । ऊ विगतमा उसको सहपाठी लक्ष्मीले प्रशंसा गरेको नेपाल र अहिले आफूले भोगिरहेको नेपालमा आकाश र पातालको फरक पाउँछ । २००७ साल भन्दा अघि शासन सत्ता हातमा लिएका संभ्रान्त आभिजात वर्ग मानिने राणा वर्ग २००७ सालको परिवर्तनबाट घाइते सिंह झैं बन्न पुगेका थिए । उनीहरू शासन सत्ता आफ्नो हातमा पुनः प्राप्त गर्ने अभिलाषा लिएर देशविरोधी अभियानमा जुटेका देखाइन्छ । सोझा साझा निहत्था नेपाली जनता माथि कसरी अत्याचार दमन शोषण गर्छन् र आफ्नो षडयन्त्रको शिकार बनाउँछन् भन्ने देखाइएको छ ।

२०१७ सालदेखि नेपालको राजनीतिक आकाशमा अभिजात्यतन्त्रको बादल नयाँ रङ्गमा मडारिन थाल्यो । राजनीति र अर्थ क्षेत्रका स्वतन्त्रता; वाक् तथा प्रकाशन क्षेत्रका स्वतन्त्रता, मानव मुक्ति र नारी अस्मिताका स्वतन्त्रता, नागरिक सुरक्षा र सार्वभौमिक स्वतन्त्रता नेपालको दरबारमा बन्दी बन्न पुग्यो (सुवेदी, २०५३ : १६३) । पञ्चायती शासन व्यवस्थाले सोझा साझा जनतामाथि गरेका क्रूर अमानवीय दमनको बारेमा चित्रण गरिएको छ । पञ्चायती शासन व्यवस्थाले चुनावका समयमा देखाएका धाक धम्की साथै स्थानीय प्रशासनले कर्मचारीतन्त्र माथि गरेको नियन्त्रणको चित्र उतारिएको छ । आफूलाई देशको राजनीतिक शक्ति ठान्ने र सार्वभौमिक सत्ताको स्रोत ठान्ने भरौटेहरूले शोषण र उत्पीडनका विरुद्ध लड्ने र राजनीतिक स्वायत्तता खोज्नेहरूलाई अत्यन्त निर्ममतापूर्वक दबाउन थाले । प्रशासनिक निकायमा केन्द्रदेखि गाउँसम्म र राजनीतिक निकायमा पनि केन्द्रदेखि गाउँसम्म पनि समाजवादी चिन्तनका विरुद्ध षडयन्त्र गर्ने परम्पराको जरो फैलँदै गएको थियो (सुवेदी, २०५३:१६६) । सत्तालोलुप मदले मत्त साँढेका रूपमा प्रस्तुत गरे पनि त्यसका विरुद्ध आवाज उठाउने पर्यावरण तयार हुन नसकिरहेका बेला चम्पक दरबारको सन्ततिको गन्ध प्राप्त गरेको कृष्णराजा आफैं दरबारिया षड्यन्त्रका विरुद्ध चेतना विस्तारका लागि लड्न र मान्छेलाई सङ्गठित रूपमा एकवद्ध गर्न थाल्दछन् । यस्तो अवस्थामा हाइनरिख चम्पकदरवारको पञ्जाबाट मुक्त भएर राजधानीबाट टाढाको अस्पतालमा गएर जनसेवामा संलग्न हुनुले चेतना ग्रामीण स्तरसम्म पुग्दैछ भन्ने कुरा स्पष्ट हुन्छ । (सुवेदी; २०५३ :१६७)

सामन्तवादी सत्ताका विरुद्ध मञ्चीय पात्रकारूपमा जुट्ने सिङ्गो पात्र भनेर उपन्यासमा कसैलाई पनि प्रस्तुत नगरेतापनि सत्ता ज्यादतीका विरुद्ध भित्र भित्र भूसको आगो बनिसकेको समाजनै त्यस विरुद्ध जुटेको पाइन्छ । त्यसताका भएको २०४६ सालको जन आन्दोलन पनि सामन्तवर्गकै कुनै एक कोठाबाट प्रायोजित थियो भन्ने कुरा पाएका सचेत जनताहरू स्वतः स्फूर्त विद्रोहको मैदानमा होमिएको देखाइनुले पुष्टि हुन्छ । जुन सङ्घर्षका क्रममा मुलुकका

कतिपय स्थानमा जनताबाट मुक्ति क्षेत्र घोषित गरिए। राजधानी भन्दा बाहिरी भागमा मण्डलेहरूले आतङ्क मच्चाइरहेका हुन्छन्, जनताहरू गुण्डागर्दीद्वारा पीडित भएका हुन्छन्।

यस उपन्यासमा २०४६ सालको जनआन्दोलनको सम्पूर्ण चित्र शब्दमा वर्णित गरिएको छ। उपन्यासमा सुधारवादी चरित्र हाइनरिख घाइते जनताको सेवामा कार्यरत देखिन्छ। सम्पूर्ण वुद्धिजीवी र पत्रकारहरू सामूहिक गिरफ्तारीमा पर्दछन्। प्रहरीका सारा कार्यालय, सरकारी कार्यालयहरू यातना शिविरमा परिणत हुन्छन्। सिङ्गो मुलुक सामन्त शासनका विरुद्धमा एउटा सिङ्गो प्रतिनिधि पात्र भएर उभिन्छ। दरबारिया शक्तिकेन्द्र बनेर उभिएका स्तम्भहरूमा जनताका मुक्काहरू प्रहार हुन्छन्। यसरी धेरै दिनको सङ्घर्ष पश्चात एउटा विन्दुमा पुगेर युद्ध समाप्ति हुन्छ। हाइनरिखको मानसिकताले सिङ्गो नेपाली सत्ता संरचनामा आमूल परिवर्तनको अपेक्षा गरेको देखिन्छ। तर आकाङ्क्षा अनुरूप सत्ताको हस्तान्तरण जनताको पक्षमा हुन सकेको छैन भन्ने कुरा उपन्यासको निष्कर्षले बताउँछ (सुवेदी, २०५३ : १६७)। लक्ष्मी शाहले नेपाली समाजमा आएर युद्धका घाइतेहरूलाई सेवा पुऱ्याउने आफ्नै विगतको सहपाठी हाइनरिखलाई नचिनेको अवस्था देखाउन पुगेकी छ। अभिजात्य दुष्कृतिहरू त्यस समाजमा कति व्याप्त थिए भन्ने कुरा उपन्यासकारले सरलतापूर्वक प्रस्तुत गरेका छन्। उपन्यासको अन्त्यमा लक्ष्मीबाट नचिनिएको हाइनरिख बरु चेतनाको अन्तस्करणको पकड्मा पुगेर शान्तिको अनुभव गर्दछ। यस अनुभूतिले उपन्यासको निम्नवर्गगत झुकाउलाई अन्तर्जातीय र अन्तरर्राष्ट्रिय सहजीवनलाई स्वीकारेर उपन्यासको समापन भएको देखाइएको छ। निम्नवर्गीय स्तरका जीवनको चेतनागत मूल्यहरूको पुनः स्थापनाका लागि समाजवादी चेतनाको अभ्युत्थानका लागि जुटिरहने मान्छेका आचरणको विकासका लक्ष्यलाई नेपथ्यमा राखेर विचारको फितलो विन्यास गरिएको छ। विगतका राजनीतिक रूपान्तरणका प्रयासहरू २००७ साल, २०१५ साल, २०३६ साल जस्तै २०४६ सालमा पनि गुणात्मक रूपान्तरण हुन नसकेको कुरा बताइएको छ। अभिजातवर्गको स्वार्थ बनेका कारणले अभिजात्य सदस्यका व्यक्ति कृष्णराजा जस्ता व्यक्तिहरू चम्पकसँग फुटेर, चेतनाजस्ता नारीहरू लक्ष्मीजस्ता व्यक्तिहरूसँग फुटेर आन्दोलन भएको छ। "वर्गीय दृष्टिले पुँजीवादी वा सामन्तवादी प्रतिनिधिकै हातमा सत्ता हस्तान्तरण हुँदै आएको कुरा २०४६ को आन्दोलनलाई पटाक्षेप गर्ने सम्झौताले पनि पुष्टि गर्दछ (सुवेदी, २०५३ : १६८)।"

मूलभूत रूपमा प्रस्तुत उपन्यासको चेतना पनि राजनीतिक र संस्कृतिका रूपान्तरणकारी प्रवृत्तिको अपेक्षा गर्ने नेपाली राजनीतिक मानसिकताको उद्घाटन गर्ने प्रयत्न गर्दागर्दै पनि विश्वसनीय ढङ्गले सो काम गर्न सकिरहेको नदेखिने कुरापनि उपन्यास पढेर स्वीकार्न सकिन्छ।

## ५.२ समाजवादी यथार्थवादी

"वास्तवमा कला, साहित्यसम्बन्धी मार्क्सवादी सिद्धान्तको उद्भव मार्क्सवादी समाजशास्त्रबाटै भएको हो र यसको विकास सङ्गत, कला तथा साहित्यिक कृतिहरूको आलोचनात्मक विश्लेषणको प्रतिफल मानिन्छ (प्रधान, ३०६१ : १५१)। यसरी सृजनात्मक विधामा समेत सामाजिक दार्शनिक दृष्टिकोण प्रस्तुत गरिनुलाई साहित्यमा सामाजवादी यथार्थवादको संज्ञा दिइन्छ।

समाजवादी यथार्थवाद भन्नाले साहित्यमा द्वन्द्वात्मक भौतिकवादी विचारधारालाई अंगालेर तिनका रीति-सिद्धान्त अनुसार विश्लेषण, व्याख्या र चित्रण गर्ने माक्सवादी दृष्टि विशेषलाई बुझाउँछ (प्रधान; २०६१ :१५५)। यसरी समाजवादी यथार्थवादका माध्यमद्वारा साहित्यमा द्वन्द्वात्मक भौतिकवादले प्रवेश पाएर साहित्यिक धरातलमा विश्लेषण गरेको पाइन्छ। "प्रभुत्व र दासताको विचारधारा, धार्मिक, जडता, निर्दयता, नमित उद्दण्डता, माधुर्य आदिको विरुद्ध साहित्यमा वर्गसङघर्ष जनप्रवृत्तिहरूको सङ्घर्ष हो" भन्ने कुरा हृदयंगम गरेर यसमा वर्ग संघर्षलाई प्रोत्साहित गरिन्छ भनेर प्रधानले (२०६१, १५५) भनेका छन्। यसरी समाजवादी यथार्थवादमा कलम चलाउने साहित्यकारका कृतिहरू मध्ये **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासमा पनि निम्न लिखित तत्त्वहरू पाइने भएकाले यसलाई पनि समाजवादी यथार्थवादी उपन्यास हो भनेर चिनाउन सकिन्छ।

### १. वर्गद्वन्द्व तथा सामाजिक शोषणको चित्रणद्वारा सर्वहारा वर्गको मुक्ति

यस उपन्यासमा चम्पक शमसेर र रेमण्ड शमसेरका माध्यमबाट राणाकालीन समयको सामन्तवादी सोचको झलक दिइन्छ। त्यस्तै सोझा साझा गरिव निमुखा जनतालाई रातदिन परिश्रम गरेर पनि हातमुख जोर्न धौ-धौ परेको छ। केही सीमित वर्गहरू जसले राज्य सञ्चालन तहमा समेत हस्ताक्षेप गरेर सम्पूर्ण जनता माथि शासन जमाउँछन्। उनीहरूका माध्यमबाट राष्ट्र, राष्ट्रियता, समाज, संस्कृति र सभ्यतामा अपेक्षित मूल्यको विखण्डनलाई निम्त्याउने कार्य यस उपन्यासमा भएको छ। देशलाई उत्तराधिकारबाट स्वतः प्राप्त हुने पैतृक सम्पत्ति ठानेर पुस्तौं पुस्ता चलाउने, अनि मुलुकका अनेक वन्य र खनिज सम्पदा, जलस्रोत सम्पूर्ण प्राकृतिक उपहारप्रति आफ्नो एकलौटी आधिपत्य ठान्ने किसिमको प्रवृत्ति उनीहरूमा पाइन्छ। उनीहरूका माध्यमद्वारा देशका प्रशासनिक निकायलाई आफ्ना पूजक र भरौटे ठान्ने, राजनीतिक निकाय सम्पूर्ण तहलाई आफ्ना खेताला नियुक्त गर्ने पद ठान्ने किसिमको राजनैतिक शोषणको चित्र उतारिन्छ। प्रशानिक संयन्त्रमा नियुक्त भएका चम्चेहरूलाई राष्ट्रिय सम्पत्ति दुरूपयोग गरिने

कार्यमा खटाउने र भरौटेका रूपमा बाहिरी मुलुकमा कहिले लागू पदार्थ, कहिले मूर्ति र सुन जस्ता अवैध र बहुमूल्य वस्तुहरू ओसार पसार गर्ने काममा लगाउने किसिमको अराजकता बढ्दै गएको छ। यस्ता अराजकता, अनियमितता, शोषण, दमनबाट विर्दीण बन्दै गएको मुलुक मुक्तिका बाटाहरू नियाल्ने क्रममा छट्पटाइ रहेको देखाइएको छ।

यसरी पूँजीवादी आदर्श र सामन्तवादी सोचका मतियार चम्पक शमसेर रेमण्ड शमसेर, अञ्चलाधिस, सि.डि.ओ. हरू र सम्पूर्ण प्रशानिक निकाय समेतका विरुद्ध लड्न प्रत्यक्ष रूपमै तयार भएको देखिनाले अनि सिङ्गै समाजका ९५ प्रतिशत जनताको जीवनस्तर उकास्नु पर्ने स्वर गाउँ-बस्ती र शहरबाट उठ्दै जानाले सम्पूर्ण जनताहरूका चेतनामा आएको सुधारका बाबजुद शोषणको पञ्जाबाट उन्मुक्ति मिलेको महसुस गर्न सकिन्छ।

## २. राजनैतिक विद्रोहका लागि जागरणको आह्वान

यस उपन्यासमा पञ्चायती व्यवस्थादेखि प्रजातन्त्र पुनर्स्थापनाका निमित्त भएको जनआन्दोलनको परिवेशको चर्चा छ किनकि  यो उपन्यासको पृष्ठभूमि राजनीतिक छ। पञ्चायतीकालमा शासकले गरेको अन्याय, अत्याचार,  बर्बरता, दमन र तस्करी जस्ता पराकष्ठा भोग्दै आएका जनताहरू २०४६ सालमा आन्दोलित हुन्छन्। जस्तै :- यसरी देशका समस्त प्रतिबन्धित राजनीतिक शक्ति र जनता, बुद्धिजीवी एक भएर आफ्नो लुट र निरङ्कुशताविरुद्ध हाँक दिएकोले सत्ताका नाइके, महानाइकेहरू बौलाए (पृष्ठ - २४१)।" देशको बिग्रँदो स्थितिप्रतिदृष्टि राखेर केही बुद्धिजीवी, समाजसुधारक र राजनेताबाट उद्घोष भएको आन्दोलनको विगुल अन्तत : विद्यार्थीवर्ग मजदुर वर्ग हुँदै समस्त शिक्षित अशिक्षित नागरिकका हृदय कापेर क्रान्तिको ज्वारभाट सहित विष्फोटन भयो।

यसरी समाजका सचेत नागरिक समाजमा देखापरेको जागरणको यो लहरले सबैलाई हर्षित पार्छ। सम्पूर्ण जनता खुशीले गद्गद् हुन्छन्। हाइनरिख डाक्टर बनेर पुगेको गाउँमा समेत जागरण फैलन्छ। पञ्चायती सरकारले लगाएको कर्फ्यूका बाबजुद पनि नागरिकहरूले अवज्ञा आन्दोलन तोडेर जुलुसमा भाग लिन्छन् र आफ्नो प्रजातन्त्र प्रतिको प्रतिवद्धता प्रकट गर्छन्।

यो एउटा प्रगतिवादी धाराको उपन्यास पनि मानिन्छ। यस उपन्यासमा समाज वर्गका कुरा आएका छन्- सामन्तवाद वा पूँजीवाद साथै सोझा  निमुखा जनता। चम्पक शमसेर सामन्तवादी सोचको नेतृत्वकर्ता बनेर आएको छ साथै अन्य स्थानीय प्रशासनका अञ्चलाधीश र सि.डि.ओ.हरूले सो व्यवस्थालाई टिकाउने प्रयत्न गरेका छन् तर सागरको उर्लदो छाललाई कनै

पनि शक्तिले टिकाउन सक्दैन। त्यसैगरी देशभर व्याप्त अन्याय, अत्याचार, दमनले बाध्य भएर तानाशाही सरकारले जनतासामु घुँडा टेक्न पुग्छ। यसरी जनतामा युगौं देखि चलिआएको परम्परालाई तोडेर नयाँ परिवर्तन चाहने सोच विकास हुनु नै प्रगतिवादको ज्वलन्त उदाहरण मानिन्छ। कृष्णराजा जस्तो राष्ट्रवादी सोच भएको व्यक्ति पाउनु पनि देशका लागि एउटा गर्वको कुरा मानिन्छ जसले व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर देश, समाज र सम्पूर्ण जनताका लागि लडेको छ।

## ५.३ सामाजिक यथार्थवादी प्रवृत्ति

सामान्यतयाः यथार्थवादको भेद नै सामाजिक यथार्थवाद हो। यसले साहित्यका भौतिकजगत् तथा वस्तुसत्यलाई अंगाली सामाजिक यथार्थवादी दृष्टिकोणबाट मानव जीवनको वस्तुपरक प्रस्तुति गर्छ। यसले पात्रका रूपमा खास गरी निम्नवर्गीय चरित्रलाई र विषयवस्तुका रूपमा समाजका सामान्य वा विशिष्ट घटना, स्थिति, परिवेश आदिलाई ग्रहण गरी मुख्यतः साधारण जनजीवनको प्रतिनिधित्व हुने खालको अभिव्यक्ति गर्छ। सामाजिक यथार्थवादी लेखकले समाजका कुरीति, अन्धविश्वास, होची अर्घेली आदिको विरोध गर्छ। यसले जन जीवनका संस्कार, रहनसहन, आचरण, व्यवहार आदिको इमान्दारीसाथ यथातथ्य वर्णन प्रस्तुत गर्छ। यसले मानवीय त्रुटि, दुर्बलता, नग्नता, क्रूरता, हिंसात्मकता आदिको पनि तथ्यपरक र विस्तृत चित्रण गर्छ।

यो उपन्यास सामाजिक यथार्थवादी चित्र मान्न सकिन्छ। यसको नायक नै पाश्चात्य भौतिक जगत्को भए तापनि क्रिश्चियनहरूद्वारा अवहेलित यहुदी मूलको अमेरिकी नागरिक मानिन्छ। क्रिश्चियानिटीको दमनकारी नीतिमा जीवन विताउन नसकेर नेपाल आएको हाइनरिख यहाँ झन् ठूलो विपत्तिमा फस्न पुग्छ। यहाँ हाइनरिख जस्ता तल्ला स्तरका निम्नवर्गीय चरित्रलाई प्रतिनिधित्व गरिएको छ। नेपाल आएपछि हाइनरिखले आफूलाई विभिन्न मानसिक पीडाहरूबाट मुक्त हुन पाउने आशा राखेकोमा अझ बढेर जान्छ र ऊ झन झन नयाँ नयाँ परिवन्दमा पर्न थाल्छ। यस उपन्यासमा सामाजिक जीवन माथि राजनीतिक दमनको चित्रण नै प्रमुख रूपमा आएको छ। समाजमा परिवर्तन चाहने र परिवर्तन हुन नदिने यथास्थितिवादी बीचमा द्वन्द्व देखाइएको छ। द्वन्द्वमा देशका युवा, वालक, वृद्ध, आइमाई जो कोही पनि होमिएका छन्। कर्फ्यूका समयमा रातमा पिसाब फेर्न घरबाट निस्किएकी सुत्केरी मण्डले खेताला सैनिकको गोलीको सिकार भएर ढल्छे। मजदुरी गर्न गएको बाबुको लाश घरमा

आइपुग्छ। कतिका पति मर्छन्, कतिका छोरा, नाति, नातिनी, कोही आइमाई आफै उत्पीडन सहन नसकेर होमीन पुग्छन्। यस्तो परिस्थितिको कारुणिक चित्रण यसमा गरिएको छ।

अर्कोतिर, देशका दलाल सामन्तीवर्गको प्रतिनिधित्व गरेको पात्र चम्पक र रेमण्डहरूले नेपाली जनतामाथि धेरै ठूलो अन्याय गरेका छन्। कुनै पनि मन्दिरका ऐतिहासिक महत्त्वका मूर्तिहरू रातारात हराएका छन्। कलिला विद्यार्थीहरूलाई लागू औषधको सेवनमा फसाइएको छ र व्यापार विस्तार गरिएको छ। देशका सम्पूर्ण पुलिस प्रशासन आफ्नै हातमा लिएर आफ्नै रखौटे भरौटे पारेका छन्। सम्पूर्ण देशभर अशान्ति व्याप्त छ, त्यही अवसर पारेर उनीहरू आफ्नो व्यापार विस्तार गर्छन्। सम्पूर्ण राज्य संयन्त्रका स्रोत लगायतका पक्षहरूमा यिनै अभिजातहरूको एकाधिकार थियो। समाजमा व्याप्त विकारग्रस्त संस्कृतिका कारक तत्त्वहरू यिनै अभिजातहरू बनेका थिए। हुनत, कृष्णराजा जस्ता अभिजातवर्गकै सचेत युवाहरूबाट यी क्रियाकलापको घोर विरोध भएको छ। समाज सुधारका रूपमा मानिने कृष्णराजा सचेत नागरिकको प्रतिनिधित्व पात्र हो। उसमा विद्रोही स्वभाव भएकोले आफ्नै बाबु चम्पकको पनि विरोध गरेको छ। हाइनरिखलाई चम्पकको फन्दाबाट छुटकारा दिलाई पश्चिमी भेगको अस्पतालमा पुऱ्याउने काम कृष्णराजाबाटै भएको हो। त्यसकारण समाजमा कृष्णराजा जस्ता चरित्र कतै रहन्छन् भने चम्पक, रेमण्ड र लक्ष्मी जस्ता चरित्र पनि रहन्छन्। उच्च स्तरीय राजनीतिक संयन्त्रमा समेत चम्पक रेमण्डले आफ्नो पकड जमाएर देशलाई अधोगति तर्फ धकेलेको उदाहरण लागू औषधको देशभर बिक्री गरेबाट देख्न सकिन्छ।

देशका विभिन्न खण्डमा वस्ने ग्रामीण भेगका जनतामा रोग, भोक, अशिक्षा, र गरिवी व्यापक छ। उनीहरू आधारभूत आवश्यकताबाट वञ्चित रहेका छन्। स्थानीय प्रशासनले जनतालाई अनेक तरहको यातना दिएर मौलिक हकबाट समेत वञ्चित गराएका छन्। जिल्ला-जिल्लामा पञ्चायत विरोधी अभियान चल्दा सि.डि.ओ. प्रशासन शक्तिशाली क्रूर शासक भएर निहत्था जनता माथि अरिङ्गाल सरह खनिएको छ। राजनैतिक पार्टीमाथिको दमन व्यापक बढेको छ। आन्दोलनमा घाइतेहरूको संख्या दिनप्रतिदिन थपिँदै गएको छ। यस्तो स्थितिमा डा. कोमलविक्रम र हाइनरिख सारा गाउलेको सेवामा रहेको देखाइएको छ।

यसरी देशको एउटा प्रमुख वर्गको भ्रष्ट नीतिले मध्यमम वर्गको सचेतता पनि सुविधा भोगको बाढीमा बगाउँदै लग्छ। यो वर्गपनि सामूहिक उन्नति र प्रगतिको बाटो छोडेर व्यक्तिगत स्वार्थ र सुविधातिर उन्मुख हुँदै गयो। त्यसैले यहाँ सानोतिनो भ्रष्टाचार त राष्ट्रिय जीवनको एउटा अङ्ग नै बन्न पुगेको छ। सबै जना सजिलो र दुई नम्बरी बाटोबाट रातारात लखपति करोडपति बन्ने सपना देखिरहेका छन्। यहाँ मानिसहरूको इमान, चरित्र, नैतिकता, र

विवेकलाई कमजोरी, आडम्वर र अकर्मण्यता मानिन थालेको छ। मौका परेमा मानिस आफ्नो स्वतन्त्रता, राष्ट्रियता र जातीय गौरवलाई समेत तिलाञ्जली दिएर ठूलो बङ्गला, रातो प्लेटवाला कारको मालिक बनेर आफ्नो जीवनलाई होटल, भट्टी र कोठीको विलासपूर्ण जीवनको नायकका रूपमा प्रस्तुत गर्ने मानसिकताले ग्रस्त भइरहेका छन्।

यसरी देशको अवस्थामा देखापरेको विकराल परिस्थितिले जनता जीवनस्तरमा गिरावट आउँछ। तस्कर-व्यापारी र भारदार साथै कर्मचारी र हाकिमको मिलेमतोमा कहि जङ्गल ध्वस्त हुन्छ त कँहि सिमेन्टको घना मानवस्तीको जङ्गलमा बदलिन्छ। प्रकृतिमा सुख्खापन बढेर उब्जाउ कम भएको छ साथै उजाड मरुभूमिमा परिणत भएको पनि देखाइएकोले सम्पूर्ण रूपमा देशको सामाजिक, आर्थिक, राजनीतिक लगायत सम्पूर्ण अवस्था विग्रदै गएको देखाइएको छ।

## ५.४ मनोविश्लेषणवादी प्रवृत्ति

कला साहित्यका क्षेत्रमा मनोविश्लेषणवादी सिद्धान्त अत्यन्त प्रभावशाली बनेर भित्रिएको देखिन्छ। "अमूर्त तत्त्वहरूको अध्ययन र विश्लेषणका माध्यमबाट मूर्त वस्तु र कार्यात्मक रूप उद्घाटन गर्ने विज्ञान हो - मानोविज्ञान" (सुवेदी, २०५३ : १७१)। मानिसका अन्तर्मनका अपरिभाष्य र अदृश्य अनेकतम पत्रहरू, कोण र तहहरूमा सुषुप्त अवस्थामा रहेका अतृप्त र संवेगजन्य उत्सुकताका अभीप्साहरूको प्रस्तुति गर्ने क्रममा यस विज्ञानले आफूलाई समर्पित गरेको छ। जीवन सरल, सोझो वा सोलोडोलो नभएर मात्रै होइन, प्रवृत्तिगत कारणहरूले गर्दा पनि जटिल र विपरीत परिस्थितिमा बाँचेर विकृति, द्वन्द्व, सङ्घर्ष तथा मानिसक तानातानीका अनिश्चिततामा अल्झिन मानिस विवश हुन्छन् भनेर प्रधान (२०६१ :१७) ले भनेका छन्। फ्रायडद्वारा प्रतिपादित सिद्धान्तमा अचेतन, अवचेतन र चेतन गरी मनोविज्ञानमा तीन तहको विश्लेषण पाइन्छ। अचेतन र अवचेतनका आधारमा मानिसका बाह्य क्रियाकलापहरू सञ्चालन हुने गर्दछन्। अचेतन र अवचेतनले चेतनलाई प्रभावित पार्दछ र नियन्त्रण गर्दछ।। चेतनका कार्यकलाप बुझ्न मानिसका मनका अचेतन र अवचेतन सम्म पुग्नु पर्दछ। यसै मूल कुरालाई लिएर मनोवैज्ञानिक र मनोविश्लेषणात्मक उपन्यासहरू रचिएका हुन्छन्।

सागर उर्लन्छ सगरमाथा छुन उपन्यासमा विभिन्न किसिमका मानसिकता भएका पात्रहरू पाइन्छन्। ती पात्रहरूमध्ये हाइनरिख प्रमुख मानिन्छन्। हाइनरिखसँगै अध्ययनरत नेपाली छात्रा लक्ष्मीशाह पनि रहेकी छिन्। यिनीहरू दुवैमा घनिष्ठ मित्रता पाइन्छ। हिटरलरको नाजी आक्रमणद्वारा वाल्यकालमा आफ्नी आमा र भाइ गुमाउन पुगेको हाइनरिखको त्यसपछिको समय बाबुका साथमा अमेरिकामा वित्यो। वाल्यकालमा मातृवात्सल्य प्रेमबाट वञ्चित

हाइनरिखमा जुन अनुभूति भेटिन्छ त्यही अनुभूति विकलको वास्तविक जीवनमा मातृवियोग पछि बाबुको जागिरका क्रममा जाँदा भेटिन्छ। हाइनरिखमा आमाप्रतिको अनुरक्ति भेटिन्छ। फलस्वरूप यो अनुरक्ति आमाको मृत्युपछि विरक्तिमा परिणत हुन्छ। यसैको परिणाम स्वरूप आमाप्रतिको अनन्य आस्था, अनुरक्तिले र आदर्श प्रेमले उसमा आमाको मृत्युपछि लक्ष्मीप्रतिको अनुरक्ति बढ्दै जान्छ अथवा मातृशिशु ग्रन्थीको चरम विकास हुन्छ। यसप्रकार आमाको मृत्युपछि आमाप्रतिको उसको अतिशय भाव मनोलैङ्गिक विकासको विकृतिजन्य मातृरति ग्रन्थीको रूपमा परिणत हुन पुग्छ। यसपछि ऊ जीवनप्रति निराश, भौतिक सुखसुविधा तर्फ उदासिन भई अमेरिका जस्तो भौतिक सुख सुविधाले सम्पन्न राष्ट्रलाई त्यागी आत्मापीडक र जिजीविषा विहीन व्यक्तिका रूपमा देखा पर्छ।

चिकित्सा विज्ञानको विद्यार्थी भएर पनि हाइनरिख निराशावादी दृष्टि भएको व्यक्ति देखिन्छ। ऊ होटलमा समेत अरू पर्यटक जस्तो नाच्ने, गाउने, डुल्न मनपराउने, डिस्को, बार र क्यासिनो जाने गर्दैन्। मानसिक विकृतिको कारण आफ्नो कोठामा ग्राहकको सत्कार गर्न आएकी मीराको विकृतिका कारण आफ्नो कोठामा ग्राहकको सत्कार गर्न आएकी मीराको आफूसँग भोग गर्ने प्रस्तावलाई नकार्छ र हरेक आइमाई मान्छेमा उसकी सहपाठी इष्ट वेस्ट सेन्टरकी छात्रा लक्ष्मी शाहको प्रतिबिम्ब देख्न पुग्छ। ऊ चम्पककी छोरी इलेनमा लक्ष्मी शाहको सान्निध्यता पाउँछ। साथै लक्ष्मी नाम मात्र पनि उसका लागि आकर्षण र जिज्ञासाको विषय बन्छ। पश्चिम ग्रामीण भेगमा जाँदा लक्ष्मी थकाल्नीको होलटलमा बास बसेको हाइनरिखले लक्ष्मी थकाल्नीमा लक्ष्मी शाहको विगतका दिन सम्झन पुग्छ।

त्यसै गरी चम्पक शमशेर ज.व.रा. छोरी इलेन रूप र सौन्दर्यले लक्ष्मीकै दर्जामा देखीनु हाइनरिखको मनोविकृत कारण हो। उसले यहाँका हरेक आइमाईको कल्पनामा पनि लक्ष्मीको प्रतिबिम्ब पाएको छ। यसबाट उसको मानिसक विश्वासमा एक किसिमको नजानिँदो वितृष्णा र झिझ्याहटको अनुभूति थपिन्छ। वास्तवमा इलेन बाहिरी रूपबाट संभ्रान्त वातावरणमा हुर्किएकी चञ्चले केटी भएपनि उसमा यो सब आडम्बर हो र वितृष्णायुक्त छे भन्ने भाव बुझिन्छ। उसलाई आफ्नो परिवार प्रतिको वितृष्णा छ, विकर्षण छ। ऊ रहस्यमय केटी छे। उसकी आमा आफ्नो बैठकेसँग लहसिएर इलेन जन्मीएकी र चम्पक पनि दरवारमा कैयौं सुसारे खेलाउँथ्यो भन्नु पर्दा त्यहाँ पनि उनीहरू बीचमा भन्दा बाहिरी मानिससँग यौन सम्पर्क राखेमा आनन्द प्राप्ति र उच्चस्तरका सन्तान प्प्तिको सम्भावना रहेको देखाइएको छ। त्यसैगरी चम्पक आफ्नी छोरी इलेनको रूप सौन्दर्य हेरेर मखख पर्दै भन्छ-

*"कहिलेकाहीँ त मलाई कस्तो लाग्छ भने यो छोरी अरू कसैलाई नदिऊँ, कसैलाई नदिई आफै हा: हा: हा:" (पृष्ठ -८३)।*

यसबाट ठूला अभिजात वर्ग भनाउँदाका मनमा आफ्नै सन्तान प्रति रहेको कुत्सित भावना पाइन्छ साथै इलेनमा समेत पितृरति ग्रन्थीको प्रभाव पाइन्छ । यसै कारणले बाबु र छोरी प्रति माया बढ्छ ।

लक्ष्मी शाह पनि यी विभिन्न अनुभूति मनमा खेलाउने स्त्री चरित्र हो । ऊ अभिजात वर्गको छोरी हो त्यसकारण उसको नशा नशामा वडप्पन, अहमता देखिन्छ । विदेशमा पढ्न जाँदा समेत ऊ आफ्नै स्तर अनुरूपका मात्र साथी बनाउँदै त्यसमा पनि ऊ विपरीतलिङ्गी हाइनरिखप्रति आकर्षित हुन्छे । हाइनरिखप्रति आकर्षित हुनुमा अर्कोकारण पनि छ; त्यो के हो भने विदेशको ठाउँमा एक्ली केटी कतिञ्जेल सम्म एक्लै आफूलाई बचाएर राख्न सक्छे र ? त्यसैले उसले आफ्नो परदेशी जीवनमा एउटा स्थानीय संरक्षक र सहाराको आवश्यकता महसुस गरी र त्यो हाइनरिखबाट नै पूर्ति हुने देख्छे ।

जब हाइनरिख नेपाल आउँछ तब उसले लक्ष्मीको खोजी गर्छ । धेरै खोजी गर्दा समेत नभेटेपछि ऊ जतातत्तै हरेक स्त्रीको मुहारमा लक्ष्मीकै प्रतिविम्व देख्न थाल्छ । यो पनि एउटा विकृति मनोविकारको परिणती हो । पछि हाइनरिख घाइते भएर शिक्षण अस्पतालमा भर्ना हुन आउँदा हाइनरिखले लक्ष्मीलाई देखेर चिन्छ । तर लक्ष्मीले उल्टै होश गुमाएको विरामीको संज्ञा दिन्छे र नर्सलाई विशेष ख्याल गर्ने निर्देश गर्छे । यहाँ लक्ष्मीले हाइनरिखलाई नचिनेको होइन चिनेर पनि वास्ता नगरेको देखिन्छ । लक्ष्मीमा अब हाइनरिखप्रति कुनै पनि स्वार्थ बाँकी रहेको थिएन । त्यसकारण ऊ अब पहिलेको मनोविकृत अवस्थाबाट पूर्ण रूपमा होशमा थिई । उसलाई कुनै पनि पनि संरक्षकको पनि आवश्यकता थिएन ।

## ५.५ राजनैतिक प्रवृत्ति

राजनैतिक विषयवस्तुसँग सम्बद्ध उपन्यास नै राजनैतिक उपन्यास हुन् । कुनै राजनैतिक मत, वाद वा कुनै आन्दोलन अथवा कुनै राजनैतिक, व्यक्तिलाई विषयवस्तु बनाई लेखिएका उपन्यास राजनैतिक उपन्यास कहलाउँछन् भनेर गैरले (२०६३ : २२२) भनेका छन् । यस्ता खाले उपन्यासहरू अपेक्षाकृत पछिल्लो समयमा मात्र लेखिन थालिएको हो । नेपालीमा चाहिँ पूर्ण राजनैतिक उपन्यास नपाइए तापनि आँशिक राजनीतिक उपन्यास मात्र पाइन्छन् ।

**सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासको परिवेशमा वर्तमान सामाजिक तथा राजनीतिक, जीवनको वातावरण आउँछ । यस उपन्यासको पृष्ठभूमि राजनीतिक छ, कलेवर सामाजिक भनेर यसै उपन्यासको प्रकाशकीय पृष्ठमा समेत उल्लेख गरिएको यस उपन्यासले

खास गरेर राजनीतिक परिवेशको मूल्याङ्कन गर्छ। यस उपन्यासमा पञ्चायती व्यवस्थादेखि प्रजातन्त्र पुनर्स्थापनाका निमित्त भएको जनआन्दोलनको परिवेश पाइन्छ। "२०३० सालपछि नेपालको राजनीतिक पर्यावरणमा देखिएका विकृतिहरू र परिवेशमा देखिएका विसङ्गतिहरू अनि मुलुकमा भएका सांस्कृतिक सम्पदामाथिको बलात्कारहरू यस उपन्यासमा आवश्यक रूपमा प्रस्तुत भएका छन् " (सुवेदी, २०५३ : १६४)। यिनै राजनीतिक परिवेशसँग मुछिएका सामाजिक गतिविधिको चित्रण यहाँ भएको छ।

*"जुनसुकै देशको राजनीतिक इतिहासमा झैं यहाँको राजनीतिक इतिहासमा पनि एउटा प्रयोगको सिलसिला चलेको थियो - १९९६ साल, २००७ साल, २०१५ साल र २०१७ सालका अर्धप्रकाशित गल्लीबाट गुज्रँदै आज यस स्थितिमा पुगेको थियो (पृष्ठ ११२)।*

पञ्चायती शासकहरूले देशमा अनेक किसिमको उद्दण्डता मच्चाएको चित्र यस उपन्यासमा कोरिएको छ। "देशभर विद्यार्थीहरू मारिन्छन्, जनताहरू यातनागृहमा कोचिन्छन् महिलाहरू, बलात्कृत हुन्छन्। नेताहरू गिरफ्तार हुन्छन्। पेशागत सङ्गठनमा ऐक्यवद्धता प्रदर्शित हुन्छ। बुद्धिजीवी र पत्रकारहरू सामूहिक गिरफ्तारीमा पर्दछन्" (सुवेदी २०५३:१६७)। देशमा जताततै पञ्चायती सरकार विरुद्धको आन्दोलनमा जनताहरू सरिक भएको पाइन्छ। उनीहरू निरंकुश पञ्चायती शासनलाई जरैदेखि उखेलेर फ्याँक्न चाहन्छन्।

*हुनत २०१५ सालको प्रजातान्त्रिक सरकार समेतलाई अनेक किसिमको बाहनामा संविधानको पचपन्न धाराको प्रयोग गरेर जननिर्वाचित सरकारलाई पदच्यूत गराइदिए (पृष्ठ-११३)।*

यसरी पञ्चायती शासन व्यवस्थाले एकलौटी लुटको शासन गरेको पाइन्छ। यो शासन व्यवस्थाको समयावधी २९ वर्षसम्म रहेको पाइन्छ। यसै समयको राजनीतिक तथा सामाजिक जीवनको यथार्थ चित्र उजागर पार्न यो उपन्यास सफल रहेको पाइन्छ।

*तर यति हुँदाहुँदै पनि जनताको जोस झन्झन् आकासिदैँ गएको देखियो सरकारको कर्फ्यूलाई तोड्दै, प्रहरीको गोली र लाठीसामु छाती खेल्दै जनता जुलुस, भाषण, नारा गर्न थाल्यो (पृष्ठ -२६१)*

सहरभरि कर्फ्यू हुन्छ सडकमा केही पनि देखिन्न। यस्तो स्थितिमा पुलिस प्रशासन उग्र रूपधारण गरेर सर्वसाधारण माथि आक्रोश पोखेको देखिन्छ -

*"गोद् राणीको छोरोलाई !" चारैतिरबाट पुलिसका डाँगा झम्टदै लात; मुक्की, थप्पड बर्साउँदै नजिकैको ट्रकमा जाक्छन्। "ए, त्यो घरमा अरू पनि छन् कि हेर !" (पृष्ठ -२६१)।*

*"सहरका चारैतिरका गल्लीबाट हजारौँको समूहमा प्रदर्शनकारीका लहर मुख्यकेन्द्रतिर उर्लन्छन् । हजारौँ कण्ठबाट निस्केका तुमुल नादले त्यहाँको आकाश गुन्जाउँछ । इन्किलाब ! ... जिन्दाबाद ! ... प्रजातन्त्र ... जिन्दावाद" (पृष्ठ- २६१) ।*

देशमा व्याप्त राजनैतिक आन्दोलनले उपन्यासको नायक हाइनरिखलाई समेत प्रभाव पार्छ । हाइनरिख काम गर्ने जिल्ला अस्पतालमा हाइनरिखको नियुक्ति लगत्तै सुधारका कार्य देखेर साथै ग्रामीण भेगमा चेतनामूलक कार्यक्रम सञ्चालन गरेको देखेर राजनीति गरेको आरोप उसमाथि लगाइयो । सि.डि.ओ. का स्थानीय गुण्डाहरूले हाइनरिखलाई मरणासन्न हुनेगरि पिटेर फालेको अवस्थामा उसको काठमाडौँको शिक्षण अस्पतलामा उपचार हुन्छ ।

यसरी उपन्यासमा राजनीतिक आन्दोलनको नतिजा थाहा नदिए तापनि यो उपन्यास पूर्णरूपमा आन्दोलनको दस्तावेजकै रूपमा प्रस्तुत उपन्यास रहेको छ। मुख्य रूपमा देशलाई अन्धकारतिर घचेट्ने पञ्चायती युग र त्यसले उब्जाएका विकृत्ति विसंगति, हत्या, लुटपाट, बलात्कार, तस्कर जस्ता अपराधिक कार्यहरू बारेमा प्रस्तुत सागर उर्लन्छ सगरमाथा छुन उपन्यासले प्रष्ट्याएकोले यस उपन्यासलाई पूर्ण राजनैतिक उपन्यास मान्न सकिन्छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने यो उपन्यासमा आलोचनात्मक यथार्थवादका अधिकतम विशेषताहरू देखिँदै जानाले पनि कृष्णराजा जस्ता पात्रहरू पूँजीवादी आदर्श र सामन्तवादी आचरणका विरुद्ध लड्न प्रत्यक्ष रूपमै तयार भएको देखिनाले अनि सम्पूर्ण जनताको जीवनस्तर उकास्नुपर्ने स्वर गाउँ वस्ती र शहरबाट उठ्दै जानाले र नैतिक पक्षधरहरूको सङ्गठित विस्तार भएकोले आलोचनात्मक यथार्थतिर अग्रसर बनाएको पाइन्छ। लामो समयको सङ्घर्ष र अन्तर्राष्ट्रिय सहयोग तथा समर्थनबाट मुक्त हुन सक्ने समाज-चेतनाको संवाहक आचरण उपन्यासले सिद्ध गरेको छ। यी सम्पूर्ण प्रवृत्तिगत पक्षलाई उपन्यासको स्वभावगत आधारमा केलाएर हेर्दा यो उपन्यास नेपाली उपन्यास जगत्मा आलोचनात्मक यथार्थवादी प्रवृत्ति लिएर देखापरेको पृथक उपन्यास मान्न सकिन्छ ।

*परिच्छेद - छ*

# निष्कर्ष

## ६.१ शोध निष्कर्ष

नेपाली आख्यान जगत्का चर्चित उपन्यासकार रमेश विकल सामाजिक यथार्थवादी र प्रगतिवादी संयोजनकर्ताको रूपमा परिचित भए पनि वि.सं. २०५२ सालमा प्रकाशित **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासमार्फत उनी आलोनात्मक यथार्थवादको वकालत गर्ने स्रष्टाको रूपमा देखिएका छन् ।

वि.सं. २००६ साल चैत्रको **शारदा** पत्रिकामा 'गरिब' कथा प्रकाशित गरेर नेपाली आख्यान विधामा प्रवेश गरेका विकलले **सागर उर्लन्छ सगरमाथा छुन** उपन्याससहित तीनवटा उपन्यासहरू र एघार वटा कथासङ्ग्रहहरू प्रकाशित गरी अन्य विभिन्न विधामा समेत कलम चलाएका छन् । खासगरी समाजका निम्नस्वरका वर्गप्रति उनका कथाहरू र उपन्यासहरू लक्षित रहेको पाइन्छ । तिनीहरूमा सामाजिक जीवनस्तर उकास्ने र समाजलाई वर्गरहित बनाउनेजस्ता मुख्य प्रवृत्ति रहेको पाइन्छ । उनले समाजका पीडित निम्नवर्गका मानिसहरूको जीवनका सम्पूर्ण संवेदनशील मानवीय पक्षहरूको विश्लेषण गरी सिङ्गो नेपाली समाजमा देखिएको गतिहीनतालाई आलोचनात्मक ढङ्गले औंल्याएका थिए। यसै क्रममा विकलले धर्म एवम् नैतिकताको बाह्य आडम्बर ओढेर अमानवीय घृणित कार्य गर्ने उच्चवर्गका मानिसहरूको पाशविक वृत्तिको पर्दाफास गर्न कुनै कसर बाँकी राखेका छैनन् । यिनै सामाजिक एवम् मानवीय क्रियाकलापको उद्घाटन गर्न सक्षम स्रष्टा विकल नेपाली आख्यान साहित्यमा अमर बनेका छन् ।

प्रस्तुत **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासमा सामाजिक विषयवस्तु रहेको र राजनैतिक पृष्ठभूमिमा लेखिएको उपन्यास हो । साथै यस उपन्यासमा अन्य विषयहरू पनि प्रबल रूपमा आएका छन् । जस्तै :- उपन्यासमा दुई संस्कृतिका रूपान्तरणकारी प्रवृत्ति समेतको चर्चा गर्दै सामन्तवादी सोच र त्यसले प्रभाव पारेको नेपाली राजनीतिक प्रणालीको वारेमा व्यापक मात्रामा उल्लेख पाइन्छ। दुई भिन्न संस्कृतिका पात्रहरू हाइनरिख, इलेनका चरित्रबाट स्वाभिमान, इमानदारिता, मानवता, तथा स्वच्छ वर्ग विभेदरहित समाजको निर्माणमा जोड

रहेको पाइन्छ भने लक्ष्मी र चम्पक, मीराजस्ता चरित्रबाट कुनै पनि सकारात्मक प्रवृत्तिको आशा गर्न नसकिने प्रष्ट हुन्छ । उनीहरूमा आफ्नो स्वाभिमान त छैन साथै संस्कृतिको नाममा विदेशी कुत्सित संस्कृतिको अन्धानुकरण गर्ने प्रवृत्ति पाइन्छ । साथै वर्गीय चरित्रका यी पात्रबाट समाजमा सामन्तवादी सोचले प्रश्रय पाएको, निम्न वर्गले अति दुःख खेप्नु परेको, समाजमा अपराधी कार्यहरू बढ्दै गएको र जसबाट समाजमा अत्यन्त खराब वातावरण सिर्जना भएको देखिएको छ । उपन्यासको वस्तु संयोजनदेखि लिएर पात्र संयोजनमा नवीनता रहेको पाइन्छ । विदेशी पात्रलाई, प्रमुख वा नायकको भूमिका लिएर उपन्यास सिर्जना नेपाली साहित्यमा विरलै भएका छन् । त्यसैगरी थोरै पात्रको प्रयोगद्वारा वृहत्त जीवनको झल्को प्रस्तुत उपन्यासमा पाइन्छ । खास गरी समाजमा रहेका दुई वर्गबीचको सङ्घर्ष र ती सङ्घर्षको परिणति देखाउनु नै प्रस्तुत उपन्यासको उपलब्धि हो । एउटा विदेशीको आँखाबाट नेपाली संस्कृतिप्रतिको सुन्दरता व्याख्या र नेपाली पवित्र भूमिमा नै जीवन अर्पण गर्ने चाहना कति हदसम्म आदर्शवादी हुन सक्छ भनेर देखाइएको छ । देशमा व्याप्त राजनीति व्यवस्थाको फाइदा उठाएर शोषक दलाल सामन्तहरूले कसरी देशका जनताको आपराधिक क्रियाकलापद्वारा घाँटी थिच्ने काम गर्दछन् भन्ने पनि देखाइएको छ । विशेषगरी निम्न स्तरीय जनताको उत्पीडनलाई छर्लङ्गयाउनु नै यो उपन्यासको मूल प्राप्ति हो ।

त्यसैगरी उपन्यासमा प्रयुक्त भाषाशैलीमा प्रायः स्थानीय लवजको प्रयोग भएकोले यसको मौलिकता झल्कन्छ । विदेशदेखि स्वदेशसम्म र सहरदेखि गाउँसम्मको हरेक पक्षसँग साक्षात्कार हुने अवसर यस उपन्यासमार्फत मिल्छ । यसको कथानक रैखिक ढाचाँमा अघि बढेको छ । मूलरूपमा देशका सामाजिक, राजनैतिक र आर्थिक पक्षका विकृति विसङ्गतिलाई देखाउन सफल उपन्यास भएकोले यसलाई मूलरूपमा आलोचनात्मक यथार्थवाद साथै सामाजिक यथार्थवाद र समाजवादी यथार्थवादका दृष्टिबाट हेर्न सकिन्छ । उपन्यासको कथावस्तु केही हदसम्म राजनीतिक घटनाक्रमसँग जोडिएकाले राजनीति उपन्यासको मानिनुका साथै केही पात्रहरूको विकृति मनोदशाका आधारमा मनोविश्लेषणवादी मानिए तापनि समग्र उपन्यासको दृष्टितर्फ केलाउँदा यसलाई यसको प्रवृत्तिको आधारमा आलोचनात्मक यथार्थवाद मानिन्छ । त्यसैले उपन्यासकार विकलको तेस्रो उपन्यास **सागर उर्लन्छ सगरमाथा छुन** २०५२ सालमा प्रकाशित भए पनि यसमा २०१७ सालदेखि २०४६ सालसम्मको देशको सामाजिक राजनैतिक पर्यावरणलाई विषयवस्तु बनाएर लेखिएको पाइन्छ । तत्कालीन नेपालको पञ्चायती व्यवस्थाका हिमायती कार्यकर्ताहरूका दुष्कृत्यहरूलाई तत्कालीन पर्यावरणमै अनावृत्त गर्ने औपन्यासिक कला

भएका विकलको नेपाली उपन्यास परम्परामा यस समाजको शासन सत्ता तै ओगटेर बसेका शक्ति स्रोतसमेतलाई प्रस्तुत गर्न उपन्यास सफल बनेको छ ।

**सम्भावित शोधशीर्षकहरू**

१) आलोचनात्मक यथार्थवादको धरातलमा **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यास ।

२) **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यास : एक समसामयिक विश्लेषण ।

३) शैली वैज्ञानिक ढङ्गले **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासको विश्लेषण ।

# सन्दर्भसामग्री सूची

प्रधान, कृष्णचन्द्र सिंह, (२०६१) **नेपाली उपन्यास र उपन्यासकार**, ललितपुर : साभ्का प्रकाशन ।

बराल, ऋषिराज, (२०५६), उपन्यासको सौन्दर्यशास्त्र, ललितपुर : साभ्का प्रकाशन ।

बराल, कृष्णहरि, (२०५८), 'रमेश विकल : आलोचनात्मक यथार्थवादी कथाकार', **समकालीन साहित्य**, वर्ष १२, अंक १, पूर्णाङ्क ४३ कार्त्तिक, पुस, पृष्ठ ३७ ।

बराल, कृष्णहरि र एटम नेत्र (२०५८), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, ललितपुर : साभ्का प्रकाशन ।

भट्टराई, घटराज (२०३५), 'रमेश विकल व्यक्ति र कृति', वर्ष ११ अंक २ र ३ काठमाडौ, **गोरखापत्र** ।

विकल, रमेश (२०३०), 'मैले भोगेका जिन्दगीका क्षणहरू' वर्ष ६ अंक ११, **मधुपर्क**, काठमाडौ ।

शर्मा, मोहनराज (२०४८), शैलीविज्ञान, काठमाडौँ : ने. प्र.प्र. ।

(२०५५), **समकालीन समालोचना : सिद्धान्त र प्रयोग**, काठमाडौँ : ने.प्र.प्र. ।

शर्मा, मोहनराज, लुइटेल खगेन्द्रप्रसाद, (२०६१), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौ विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम (सम्पादक) (२०६०), **नेपाली कथा** भाग ४, ललितपुर : साभ्का प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५३) **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** वाराणसी : भूमिका प्रकाशन ।

**अप्रकाशित शोधपत्रहरू**

कुइकेल, भीमसेनप्रसाद, (२०५७), 'नयाँ सडकको गीत कथासङ्ग्रहको कृतिपरक अध्ययन', अप्रकाशित शोधपत्र, त्रि.वि., त्रिचन्द्र बहुमुखी क्याम्पस, काठमाडौ ।

तिमल्सिना, मोहनप्रसाद (२०३५), 'रमेश विकलको जीवनी व्यक्तित्व र कृतित्व', अप्रकाशित शोधपत्र त्रि.वि., कीर्तिपुर ।

न्यौपाने, चूडाराज, (२०६०), 'अविरल बग्दछ इन्द्रावतीको कृतिपरक अध्ययन', अप्रकाशित शोधपत्र, त्रि.वि., रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौँ ।

भट्टराई, रामप्रसाद (२०४९), 'रमेश विकाल र उनका उपन्यास', अप्रकाशित स्नातकोत्तर शोधपत्र, केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

# परिशिष्ट

## शोधनायकसँगको अन्तर्वार्ता

१. **यहाँको जन्म कहिले र कहाँ भएको हो ?**

मेरो जन्म १९८५ साल कार्त्तिक २९ गते भाइटीकाको दिन आरुबारी गोकर्णमा भएको हो ।

२. **तपाइँको बाल्यकाल कसरी बित्यो ?**

म डेढ बर्षको हुँदा माता बित्नुभएछ त्यसकारण बाल्यकालमा पाउने मातृवात्सल्यबाट म बञ्चित रहें । त्यसपछि ठूली आमाबाट माया ममता पाएर म हुर्कदै गएँ । हाम्रो परिवार ठूलो थियो । मेरी हजुरआमा पनि हुनुहुन्थ्यो, पछि उहाँले मलाई हुर्काउनुभयो । उहाँले मलाई विभिन्न किसिमका लोककथा, दन्त्यकथा तथा धार्मिक एवम् पौराणिक कथा रामायण महाभारतबाट सुनाउनुहुन्थ्यो । मेरा पिताजीले जागिरका क्रममा कहिले विराटनगर त कहिले दार्चुला जाँदा मैलै पनि सँगै जानुपर्‍यो ।

३. **तपाइँको शिक्षा प्रारम्भ कहिले देखि भयो ?**

मेरो हजुरबुवा धननाथ उपाध्याय संस्कृतका प्रकाण्ड हुनुहुन्थ्यो ।उहाँकै देन भन्नुपर्छ मैले रुद्रि, चण्डी, वेद र विभिन्न स्तोत्रहरू घरमै बसेर कण्ठस्थ पारेको थिएँ । त्यस्तै अमरकोश र लघु सिद्धान्त कौमुदीजस्ता व्याकरणका ग्रन्थ पनि पढेको थिएँ । पछि २०११ सालमा प्राइभेट तर्फबाट एस.एल.सी गरेँ । २०१३ सालमा चेत भवनबाट महाविद्यालयीय जीवनको सुरुवात भएर २०१६ सालमा शिक्षाशास्त्रमा स्नातक उत्तीर्ण गरेँ र त्रि.वि.को पहिलो दीक्षान्त समारोहमा भाग लिन पुगेँ ।

**४. तपाइँ साहित्यसिर्जनाको प्रेरणाका रूपमा क–कसलाई लिनुहुन्छ ?**

युवावस्थामा मेरो भेट श्यामप्रसाद शर्मासँग हुन पुग्यो । ''हामी पढेलेखेका युवा हौं', अब केही गरौं" भनेर उहाँले भन्नुभयो र पहिलो प्रयास स्वरूप "सन्देश" पत्रिका वि.सं २००५ मा लेखेर चाबहिल चुच्चेपाटीमा टास्यौं । त्यसपछि साहित्य लेखनतर्फ म आकृष्ट हुँदै गएँ । 'सन्देश' पत्रिकामा मेरो कविता छापिएको थियो। २००६ सालमा "गरिब" कथा "शारदा" चैतको अङ्कमा प्रकाशित भयो । मेरो पहिलो प्रकाशित कथा हो "गरिब" । त्यसकारण श्यामप्रसादजी नै मेरो प्रेरक व्यक्तित्व हुनुहुन्छ। उहाँसँगको सम्बन्धमा मेरो राजनीतिक जीवनको पनि सुरुवात भएको थियो। यसका साथै मेरो परिवारिक वातावरण शिक्षित नै थियो। मेरो हजुरबुवा संस्कृतको विद्वान हुनुहुन्थ्यो। मेरी हजुरआमाले मलाई रामायण, महाभारतका प्रसङ्गहरू साथै लोककथा र दन्त्यकथाहरू पनि सुनाउने गर्नुहुन्थ्यो। त्यसबेला ममा ठूलो भएपछि केही गर्छु भन्ने भावना जागृत हुन्थ्यो, त्यसैको प्रभाव मान्नुपर्छ। "तपाइँले पढिहाल्नुभयो नि मधुमालतीको कथामा ?"

**५. तपाइँले साहित्यका कुन कुन विधामा कलम चलाउनु भएको छ ?**

मैले सबभन्दा बढी कलम चलाएको विधा कथा हो। बालकथासङ्ग्रह गरी एघार वटा कथा सङ्ग्रहहरू प्रकाशित भएका छन् र मदनपुरस्कार प्राप्त कृति पनि **नयाँ सडकको गीत** (२०१९) कथासङ्ग्रह हो। उपन्यासहरू चारवटा प्रकाशित छन्। नाटकहरूमा चारवटा पूर्णाङ्की नाटक प्रकाशित छन् र एउटा बाल नाटक पनि छ। गीति क्षेत्रमा पनि हात हालेको छु। यात्रा वृतान्त पनि लेख्ने गरेको छु। एउटा व्यङ्गय निबन्धसङ्ग्रह पनि प्रकाशित छ र आफ्नै जीवनका भोगाइहरू समेटेर आत्मकथा पनि लेखेको छु।

**६. तपाइँलाई प्रगतिवादी साहित्यकार भन्छन् नि किन होला ?**

म कुनै वादको पिछलग्गु होइन, कुनै पनि वादी भनेर मलाई चिनुन् भनेर पनि लेखेको होइन, मात्र मेरो झुकाब गरिब दीन दुःखी जनताप्रति गएकोले उनीहरूका आवाज मुखरित गराउनका लागि मैले सन्देश प्रवाह गर्ने काम साहित्यमा माध्यमद्वारा गरेको हुँ।

**७. सागर उर्लन्छ सगरमाथा छुन उपन्यासको बीजारोपण कसरी भयो ?**

अङ्ग्रेजी संवत् १९६६ मा शिक्षामन्त्रालयले नेपाली भाषा सिकाउने (पढाउने) उद्देश्यले म र मेरो साथी पिसकोर स्वयंसेवकलाई हवाई टापुमा पठायो। त्यसै सिलसिलामा हामी "सिटी

अफ रिफ्युज" ऐतिहासिक स्थलमा भ्रमण गर्न गयौँ। त्यहाँ अथाह फैलिएको प्रशान्त महासागरको छालले हामी उभिएको चट्टानलाई चकनाचूर पार्ने उन्मत्त जोसमा,प्रचन्ड क्रोधमा उर्लदैँ आउँथ्यो तर चट्टानको कठोर वक्षमा ठक्कर खाँदा त्यो चकनाचुर भएर आफैमा छताछुल्ल छरिन्थ्यो। त्यो रमाइलो दृश्यलाई औल्याउँदै मैले हाम्रो छात्रामध्येकी एक सायद हेलेन नामकी छात्रालाई भने "कति सुन्दर दृश्य हगि ? सागर र चट्टानको कस्तो सङ्घर्ष यो ? कहिल्यै नटुङ्गिने अविराम सङ्घर्ष !" त्यसबेला उसले पनि भनेकी थिई "तिम्रो पनि त सुन्दर सगरमाथा छ नि" "के त्यो राम्रो छैन, त्यसको आफ्नै सङ्घर्ष छैन ? यही कुरालाई मूल मन्त्र जस्तो ठानेर मेरो मनमा झस्का पस्यो र यसलाई मूल रूप दिनेछु भनी सोचिरहेँ फलस्वरूप यस सागर र सगरमाथाको सङ्घर्ष यिनका बीचको परस्पर आकर्षणलाई लिएर उपन्यास लेख्न सकेँ।

(*यो अन्तरवार्ता उपन्यासकार रमेश विकलसँग शोधकार्यको आंशिक विवरण परिपूर्तिका लागि प्रश्नोत्तरी तथ्याङ्क संकलन अन्तर्गत २०६५ असार १२ गते बिहीबार लिइएको थियो। सायद यो अन्तरवार्ता नै साहित्यकार विकलसँगको अन्तिम अन्तरवार्ता भएको छ*)।